# सामुदायिक मेलमिलाप



टुटेका नाता र छुटेका सम्बन्ध
जोड्यो सामुदायिक रेडियोले



रेडियो सुन्न छुटाएको भए सायद
जिन्दगी नै छुट्ने थियो



# सामुदायिक मेलमिलाप


| | | |
|---|---|---|
| प्रकाशन | : | सामुदयिक मेलमिलाप |
| संस्करण | : | २०७४ आश्विन, (सेप्टेम्बर २०१७) ५०० प्रति |
| प्रधान सम्पादक | : | डा. रामचन्द्र लामिछाने |
| सम्पादन | : | गोबिन्द खड्का |
| भाषा सम्पादन | : | लिलप्रकाश चन्द |
| सम्पादन सहयोगी | : | दीपक आर्चाय<br>सोबिता रिसाल<br>राजन रुचाल |
| व्यवस्थापक | : | बाबुराम खड्का |
| प्रकाशक | : | सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) |
| फोन | : | ०१– ५२६०६६१/७१ |
| पो.ब.नं. | : | १५३२४, काठमाडौं । |
| ईमेल | : | sajhakhabar@gmail.com, acorab@gmail.com |
| वेब | : | www.acorab.org.np, www.cinnetwork.org |
| मूल्य | : | ५००।– |
| रुपरेखा र सज्जा | : | सुवास पन्त |
| मुद्रण | : | वर्ल्ड वाइड प्रिन्ट सोलुसन |

# हाम्रो भनाइ

कुनै पनि जीवन्त समाजमा द्वन्द्व वा विवाद सिर्जना हुनु स्वाभाविक हुन्छ । विवादरहित समाजको परिकल्पना गर्न सकिदैन । समाजमा द्वन्द्व कहिलेबाट सुरु भयो र मेलमिलाप कहिले, कसले, कसरी कहाँ सुरु गर्‍यो भन्न कठिन छ। तर मेलमिलाप अहिले अपरिहार्य आवश्यकता बनेको छ । नेपालको संविधान २०७२ को अनुसूची ८ ले स्थानीय तहको अधिकार सूचीहरुको व्यवस्था गरेको छ । सो सूचीको बुँदा नम्बर १२ अन्तर्गत गाउँसभा, नगरसभा, जिल्लासभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन स्थानीय तहको क्षेत्राधिकारभित्र राखिएको छ । सरकारले सर्वोच्च अदालतका न्यायाधीशको संयोजकत्वमा मेलमिलाप परिषद् पनि गठन गरेको छ । तालिम प्राप्त गाउँपालिका तथा समुदायमा रहेका मेलमिलापकर्ताहरूले विवादका दुवै पक्षहरूको उपस्थितिमा निष्पक्ष रूपमा सहजिकरण गरी सहमतिमा ल्याएर समुदायस्तरमै विवाद समाधान गर्ने प्रक्रियालाई सामुदायिक मेलमिलाप भनिन्छ । त्यसलाई रेडियो कार्यक्रम र रेडियो नाटकका माध्यमबाट नागरिकका घरघरमा पुर्‍याउने कोसिस गरिएको छ ।

संविधान, नीति, ऐनले परिकल्पना गरेको र समाजको आवश्यकताका रुपमा रहेको मेलमिलापलाई दुवै पक्षको जित हुने गरी गाउँगाउँमा स्थापना भएका मेलमिलाप केन्द्रहरुमार्फत सामुदायिकमेलमिलापलाई प्रबर्द्धन गर्न अष्ट्रेलियन सरकारको सहयोगमा दी एशिया फाउण्डेसन र सामुदायिक रेडियो प्रसारक संघको सहकार्यमा सामुदायिक मेलमिलाप रेडियो कार्यक्रम सञ्चालन भएको छ । परिवार, समुदाय, वल्लोपल्लो छिमेकीसँग कहिलेकाहीँ ठाकठुक पर्छ, वादविवाद हुन्छ, त्यसैकारण बोलचाल बन्द हुन पुग्छ । त्यहीँ कुरा मिल्यो भने सबैकुरा ठीकठाक हुन्छ तर असमझदारी बढ्दै गएर द्वन्दको बाटो लाग्यो भने धेरै कुरा भताभुङ्ग बन्न सक्छ । तिनै बेमेल, झगडा, विवादको समाधान खोज्ने र मेलमिलापको बाटो रोज्ने कार्यक्रमका रुपमा रेडियो कार्यक्रम सामुदायिक मेलमिलाप केन्द्रित गरिएको थियो । रेडियो कार्यक्रमले विवादरहित समाजको निर्माणगद सकारात्मक रुपान्तरणको भूमिका खेलेको केही सफलताको कथा र स्रोताको प्रतिक्रियासहितको तथ्यहरुले प्रमाणित गरेका छन् ।

भूकम्प प्रभावित ७ वटा जिल्लाबाट प्रसारण भएको रेडियो कार्यक्रम सामुदायिक मेलमिलाप र त्यसमा उठेका सरोकार सामुदायिक सूचना नेटवर्क (सीआईएन) मार्फत देशव्यापी पुर्‍याउने काम गरिएको छ । परिवार, छिमेकी तथा समुदायभित्र आउने सानातिना विवादहरूलाइ मेलमिलापसम्बन्धी कार्यक्रममा स्रोता, सरोकारवाला, अभियान्ताहरूको आवाजसहितको विषयगत एउटा मुख्य प्रस्तुति केन्द्रित रहेको थियो । कार्यक्रममा सामुदायिक मेलमिलाप केन्द्रबाट मेलमिलाप भएको सफलताको कथा, सेवाग्राही वा स्रोता सहभागिता र मेलमिलापसँग जोडिएका समाचार सामग्री, मेलमिलापकेन्द्रमा कसरी पुग्ने, किन पुग्ने भन्ने विषयका सामग्री यस पुस्तकमा

समावेश गरिएको छ । पहिलो चरणमा रेडियो पत्रिका स्वरुपमा कार्यक्रम थियो भने दोस्रो चरणमा नाटकसहितको प्रस्तुतीले थप रोचक बनाएको थियो । अहिले गाउँको विवाद गाउँमा नै मिल्न थालेका छन् । अदालतमा वर्षौंसम्म अल्झिएका विवाद पनि सामुदायिक मेलमिलापकेन्द्रबाट मिलेर खुसी फर्किएका छन् । नागरिकले सामान्य विवाद, झै-झगडालाई अदालतमा नपुऱ्याई स्थानीय तहमा नै मेलमिलाप केन्द्रमार्फत व्यवस्थापन गर्दा दुवै पक्षले जितको महसुस भएर समाजमा सद्भाव र मेलमिलाप थप दरिलो बनेको छ । दिगो शान्तिका लागि मात्रै होइन, सकारातमक समाज रुपान्तरणका लागि पनि सामुदायिक मेलमिलाप अपरिहार्य बनेको छ ।

ACORAB Nepal

**सुवास खतिवडा**
**अध्यक्ष**
**सामुदायिक रेडियो प्रसारक संघ**
**(अकोराब) नेपाल**

# सामुदायिक मेलमिलापका मुख्य उपलब्धीहरु

यो कार्य अनुसन्धान DFAT द्वारा २०७२ साल वैशाख १२ गतेको विनाशकारी भूकम्पबाट अति प्रभावित दोलखा, काभ्रेपलाञ्चोक, नुवाकोट, रसुवा, रामेछाप, सिन्धुपाल्चोक र सिन्धुली गरी ७ वटा जिल्लाहरुमा लागू गरिएका परियोजनाहरुको प्रभावको मूल्याङ्कन गर्नका लागि सञ्चालन गरिएको थियो । यो कार्य अनुसन्धान सामुदायिक मेलमिलाप समाजका विशेषज्ञ प्रशिक्षक र सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको सहकार्यमा गराइएको थियो ।

यस अनुसन्धानले ती ७ वटा जिल्लाहरुमा दुई वर्षदेखि गरिएका मेलमिलाप तथा द्वन्द्व रुपान्तरणको अभ्यासको स्वच्छ प्रतिविम्बन र मूल्याङ्कन गर्ने प्रयास गरेको छ । यसमामा मेलमिलापकर्ताहरुको अनुभवद्वारा आर्जित प्रत्यक्ष व्यवहारिक अभ्यासहरुलाई सम्मिश्रण गरिएको छ । मेलमिलापका हितग्राहीहरुको मूल्याङ्कन र प्रतिक्रियाहरु राखिएको छ । मेलमिलापसँग संलग्न विभिन्न सरोकारवालाहरुको जस्तैः स्थानीय पदाधिकारीहरु, अदालतका पदाधिकारीहरु, गाउँपालिका वा नगरपालिकाका प्रतिनिधिहरु, राजनीतिक दलका प्रतिनिधिहरु, समाजका अगुवाहरु तथा नागरिक समाजका प्रतिनिधिहरु, सञ्चार माध्यम र सञ्चारकर्मीहरु सबैको दृष्टिकोण समेट्ने प्रयास गरिएको छ ।

## अनुसन्धान प्रक्रिया

यो अनुसन्धान परियोजनाको सुरुवात (२ वर्ष) देखि जारी छ । कार्यक्रमको सुरुवातदेखि नै कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन गर्न सामुदायिक मेलमिलाप समाजका विशेषज्ञ प्रशिक्षक र सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालका पदाधिकारीहरु कार्यरत छन् । विभिन्न मूल्याङ्कन प्रविधिहरु जस्तैः स्थलगत अवलोकन, समूह केन्द्रित छलफलहरु, मुख्य सरोकार अन्तरवार्ता, डाटा सङ्कलन इत्यादिको माध्यमबाट परियोजनाको प्रभाव मूल्याङ्कन गरिएको छ ।

## कार्यक्रमका मुख्य उपलब्धिहरु

अनुगमन तथा मूल्याङ्कनद्वारा हासिल गरिएका कार्यक्रमका मुख्य उपलब्धिहरुलाई संक्षिप्त रुपमा निम्नानुसार उल्लेख गर्न सकिन्छः

१. मेलमिलाप कार्यक्रम सञ्चालन गरिएको भूकम्प प्रभावित सातवटा जिल्लाहरुका जम्मा ३ सय ७८ तत्कालिन गाविस र नगरपालिकाहरु मध्ये ३ सय ६६ स्थानमा मेलमिलाप केन्द्रहरु स्थापना गरिएको छ ।

२. ती सातवटा जिल्लाहरुमा चार हजारभन्दा बढी तालिमप्राप्त मेलमिलापकर्ताहरु तयार गरिएको छ । त्यसमध्ये ४६.८ प्रतिशत महिलाहरु छन् भने ४५ प्रतिशत सीमान्तकृत समुदायका व्यक्तिहरु छन् ।

३. सबै सातवटा जिल्लाहरुमा ५ हजार ४ सय ४५ अन्तरवैयक्तिक विवाद दर्ता गरिएको छ भने ५५ बहुसरोकार रहेको विवाद दर्ता गरिएको छ । त्यसमध्ये ५ हजार ३९ अन्तरवैयक्तिक र ४० बहुसरोकार रहेको विवाद रुपान्तरण भएको छ । अदालतको प्रभावकारिताभन्दा धेरै गुणा बढी मेलमिलापको समाधानको दर ९२ प्रतिशत रहेको छ ।

४. एघार हजारभन्दा बढी हितग्राहीहरुले मेलमिलापको सेवा प्राप्त गरेका छन् । त्यसमध्ये ३८ प्रतिशत महिला र ६७ प्रतिशत सीमान्तकृत समुदायका व्यक्तिहरुको न्यायमा पहुँच बढेको छ ।

५. अन्य सेवा प्रदायक संस्थाहरु जस्तैः प्रहरी–प्रशासन, आश्रय स्थलहरु, नागरिक समाज, स्वास्थ्य संस्थाहरु र मेलमिलाप केन्द्रबीच समन्वय र सहकार्य बढेको छ । यसले हितग्राहीहरुको विवाद समाधानमा आइपरेका अन्य आवश्यकताहरु पनि पूर्ति गर्न मद्दत पुऱ्याएको छ ।

६. नेपालका नीति र कानुनहरुले मेलमिलापको अभियानलाई संस्थागत गर्न सहयोग पुऱ्याएको छ ।

७. वि.सं. २०७४ को चुनावमा १ सय ५४ मेलमिलापकर्ताहरु स्थानीय तहमा प्रतिनिधिका लागि उठेका थिए भने त्यसमध्ये ६२ जना विजयी भएका थिए ।

८. कार्यक्रमको बढ्दो लोकप्रियता र प्रभावकारितालाई मध्यनजरगर्दै विभिन्न गाउँपालिका र नगरपालिकाहरुले सामुदायिक मेलमिलाप कार्यक्रमलाई दिगो बनाउन बजेट विनियोजन गर्न थालेका छन् । यस बाहेक २ वर्षको गहन अनुसन्धानपछि मेलमिलाप कार्यक्रमको प्रभावकारितालाई व्यक्तिगत, सम्बन्धगत, सांस्कृतिक र संरचनागत आयाम गरी ४ तहमा मूल्याङ्कन गरिएको छ ।

## व्यक्तिगत आयाम

सामुदायिक मेलमिलाप कार्यक्रमले विभिन्न सांस्कृतिक तथा भाषा समूहबाट मेलमिलापकर्ता तथा सामाजिक कार्यकर्ताका रुपमा समुदायका विविध समूहका मानिसहरुको अर्थपूर्ण सहभागितालाई सार्थक बनाएको छ । यसले मेलमिलापकर्तालाई अर्काको दृष्टिकोणको सम्मान गर्न सिकाएको छ तथा पूर्वधारणा बनाएर आलोचनात्मक हुने प्रवृत्तिमा कमी ल्याएको छ । उनीहरुको व्यक्तिगत स्वाभिमानमा महसुस हुने गरी अभिवृद्धि गरेको छ भने स्थानीय विवादको सहजिकरण तथा नेतृत्व प्रदान गर्न आत्मविश्वास प्रदान गरेको छ । यसका साथै परिस्थितिको विश्लेषण गर्न सक्ने र प्रभावकारी निर्णय गर्नसक्ने उनीहरुको क्षमतालाई अझै सुदृढ बनाएको छ । विवादका पक्षहरु तथा तिनका छरछिमेक–समुदायका मानिसहरुलाई विवादहरु आफैले समाधान गर्न सकिने रहेछ भन्ने कुरा देखाएको छ । अर्को महत्वपूर्ण कुरा भनेको सामुदायिक मेलमिलापले व्यक्तिहरुलाई आफ्नो हितको कुरा मात्र नभएर अर्को पक्षको भावना, डर, मूल्यमान्यता तथा आवश्यकताहरु आफ्नो जत्तिकै उचित छ भन्ने बोध गराउन सकेको छ ।

## सम्बन्धगत आयाम

स्थानीय तहमा राज्य–समुदायबीचको सम्बन्धमा सुधार भएको छ । किन कि आफ्नो समुदायलाई प्रभावित गर्ने निर्णयहरुमा मेलमिलापकर्ताहरु आफै संलग्न भएका छन् । छरछिमेक तथा परिवारहरुबीच सम्मान, सञ्चार तथा समन्वयमा अभिवृद्धि भएको छ । मानिसहरुले साझा धारणा बनाउनका लागि आफ्ना समस्याका बारेमा अन्यसँग छलफल गर्ने गरेका छन् । निष्पक्ष प्रक्रिया र संलग्न समूहहरुको समान स्थितिमा आधारित भएर संस्थागत सहयोगका माध्यमबाट अन्तर समूह पक्षपात तथा पूर्वाग्रहको भावनामा कमी ल्याएको छ ।

## सांस्कृतिक आयाम

विवाद समाधानका लागि समावेशी, निष्पक्ष तथा हितमा आधारित सहजिकरणको विकल्प समुदायलाई प्रदान गरेको छ । आजको बढ्दो विजातीय समुदायका लागि यस्तो विकल्प बढी स्वीकार्य हुन सक्छ । विभिन्न सङ्गठनहरुमार्फत आएको जनचेतनाका कारण उनीहरुको न्यायमा पहुँचको विविध बाटाहरु उपलब्ध छन् । समुदायभित्रका विभिन्न विवाद तथा निर्णयहरुमा मानिसहरुले समाजका प्रभावशाली व्यक्तिभन्दा पनि अब सामुदायिक मेलमिलापकर्ताहरुलाई रुचाउन थालिएको छ । यसले समुदायका विवाद तथा निर्णयमा समुदायकै नियन्त्रण प्रदान गरेको छ । सामुदायिक मेलमिलापको अर्को सकारात्मक सांस्कृतिक आयाम भनेको शक्तिको असन्तुलनको समस्यालाई यसले सम्बोधन गरेको छ । सामुदायिक मेलमिलापकै कारण जातीय वा वर्गीय जस्तोसुकै शक्ति असन्तुलनका अवस्थामा पनि समुदायका कम शक्तिशाली सदस्यहरुले आफ्ना चासोचिन्ता तथा आफ्नो उच्चतम हितका कुरा व्यक्त गर्न प्रोत्साहन गरेको छ । सामुदायिक मेलमिलापका कारण विवादका विषयमा भएका निर्णयहरुको यथासमयमा कार्यान्वयनको सुनिश्चितता प्रभावकारी रुपमा बढेको छ ।

## संरचनागत आयाम

नेपाल सरकारले मेलमिलाप ऐन तथा नियमावली पारित तथा कार्यान्वयन गरेर मेलमिलाप प्रक्रियालाई प्रवर्द्धन गर्न संस्थागत सुरक्षा प्रदान गरेको छ । नेपालमा मेलमिलापका प्रयासहरुलाई नेतृत्व दिने मुख्य एवम् नियामक निकायका रुपमा कार्य गर्न मेलमिलाप परिषद्को गठन गरिएको छ । स्थानीय सरकारहरुले गुनासाहरुलाई मेलमिलाप कार्यक्रमतर्फ सिफारिस गर्दछन् तथा यसका लागि स्थानीय विकास बजेटबाट वृत्तिकोषको व्यवस्था पनि गरेका छन् । नीति निर्माणमा आफ्ना कुरा पुऱ्याउन तथा पार्नका लागि मेलमिलापकर्ताका रुपमा कार्यरत सामुदायिक मेलमिलापकर्ताहरुको सञ्जाल निर्माण गरिएको छ । यस सञ्जालमा अहिले सात हजारभन्दा बढी मेलमिलापकर्ताहरु सदस्यको रुपमा रहेका छन् ।

समग्रमा सामुदायिक मेलमिलाप तथा सहजिकरण गरिएका संवादहरुका माध्यमबाट समुदायका सदस्यहरुले उनीहरुको वैयक्तिक, साझा तथा सामूहिक हितहरुको विषयमा पहिचान तथा सम्मान पाएका छन् । सहभागीहरु, गैरसरकारी संस्थाका कर्मचारीहरु तथा तेस्रो पक्षीय मूल्याङ्कनकर्ताहरुले

सामुदायिक मेलमिलापको कार्यक्रमका कारण सम्भव भएको महिला, दलित तथा अन्य सीमान्तकृत समूहहरुको पहिचान तथा सशक्तिकरणले सामाजिक न्यायमा अभिवृद्धि भएको उल्लेख गरेका छन् । अध्ययनहरुले सामुदायिक मेलमिलाप कार्यक्रमको प्रभाव अब विवाद समाधानमा मात्रै सीमित नभएर यसको बढ्दो प्रतिष्ठा, समावेशिता, सञ्चार, सहभागिता तथा समन्वयका कारण सामाजिक सद्भाव अभिवृद्धि गर्नेतर्फ अघि बढेको कुरा देखाएको छ । आफ्नो कार्यक्रमका अलावा, सामुदायिक मेलमिलापको नमुनाले समुदायबाट सम्मान पनि प्राप्त गर्नुका साथै नेपाल सरकारका निकायहरु, दातृ समुदाय तथा गैरसरकारी संस्थाहरुको समर्थन पाएको छ ।

अब मूलमन्त्र भनेको काम गर्दै सिक्दै जाने अर्थात सुसङ्गति भएका दृष्टिकोणहरुलाई नयाँ रुप दिँदै नेपाली संस्कृतिको सर्वश्रेष्ठ चित्रण लिँदै सामुदायिक मेलमिलाप तथा सामाजिक सद्भावको नेपाली दृष्टिकोणको बुझाइलाई अझै गहन बनाउँदै लैजानु हो । नेपाल एकात्मक राज्यबाट संघीय संरचनामा परिवर्तित भएको वर्तमान अवस्था छ । यसरी परिवर्तित राज्य पुनःसंरचना बमोजिम परिमार्जित भएर सामुदायिक मेलमिलापले आफ्नो ध्यान उच्चस्तरीय सामुदायिक मेलमिलापका अभ्यासलाई दिगो बनाइराख्ने गरी संस्थागत गर्नेतर्फ केन्द्रित गरेको छ ।

प्रीति थापा
वरिष्ठ कार्यक्रम अधिकृत
दी एशिया फाउण्डेसन

# सामुदायिक रेडियोसँग सहकार्य अपरिहार्य

नेपाल बहु सांस्कृतिक र बहु-भाषिक देश हो । नेपालमा १ सय २५ जातजाति बसोवास गरिरहेका छन् । एउटै गाउँमा रहेका फरक-फरक समुदायका व्यक्ति मिलेर बसेका छन् । साझा समुदायका रुपमा मेलमिलापको धारणाले नै समाजको विकास निर्माणको आधार तय गरेको छ । कुनै व्यक्ति वा परिवार, समुदायमा झै-झगडा पर्दा त्यसले सिङ्गो समुदायलाई प्रभाव पार्छ । समुदायमा हुने साना घटनाहरूलाई स्थानीयस्तरमै मिलाउन सकियो भने मेलमिलापको भावना बढ्दै जान्छ ।

समुदायमा भएका विभिन्न किसिमका विवादहरु समाधान गर्ने विभिन्न उपायहरुमध्ये सामुदायिक मेलमिलाप उत्तम उपाय हो । आफैंले रोजेको मेलमिलापकर्ताको सहयोगमा दुवै पक्षको सहभागितामा छलफल हुने र चित्त बुझ्नेगरी विवाद टुङ्गो लगाउने तरिकालाई सामुदायिक मेलमिलाप भनिन्छ ।

स्थानीय स्वायत्त शासन ऐन् २०५५ र नियमावली २०५६ ले गाविस र नगरपालिकाजस्ता स्थानीय निकायलाई स-साना विवाद समाधान मेलमिलापबाट व्यवस्थापन गर्न जिम्मा दिएको थियो । अहिले नयाँ पुनर्संरचनामा हरेक गाउँपालिकामा सामुदायिक मेलमिलापलाई नीतिगत रुपमै व्यवस्था गरिएको छ । स-साना विवाद लिएर अदालत जान नपरोस् भनेर त्यस्ता विवादहरू सम्बन्धित गाउँपालिका वा नगरपालिकामा नै न्यायिक समितिमार्फत मिलाउन सकिने व्यवस्था छ ।

मेलमिलापसम्बन्धी ऐन २०६८ र मेलमिलापसम्बन्धी नियमावली २०७० लागु भएपछि जग्गा विवाद, कुटपिट, लेनदेन, घरेलु हिंसा, धार्मिक तथा सांस्कृतिक विवाद, गालीगलौज, साँध-सीमाना, कुलोकुलेसा लगायतका विवाद मिलाउन सामुदायिक मेलमिलाप केन्द्रहरू स्थापना हुँदै आएको पाइन्छ । १ वर्षदेखि सामुदायिक रेडियोले पनि सामुदायिक मेलमिलापको सवाललाई आफ्नो एजेण्डा बनाएका छन् । समाचार, कार्यक्रम, पीएसए (जनहितमा जारी सन्देश) मार्फत सामुदायिक मेलमिलापका विषयमा नागरिकलाई जानकारी गराइरहेका छन् ।

हाल समुदायमा सामुदायिक मेलमिलापप्रति जनविश्वास बढाउन रेडियोले सहयोग गरिरहेका छन् । समुदायिक मेलमिलापकेन्द्रमा नै समस्या सल्टाउन थालिएपछि समयको बचत, कम लागत, सम्बन्धमा सुधार जस्ता फाइदाहरूले पनि समाजको नयाँ मार्ग कोर्ने विश्वास गर्न सकिन्छ । अदालतले पनि सामुदायिक मेलमिलापलाई छुट्टै बेन्चमार्फत तल्लो तहसम्म पुऱ्याएको छ । स्थानीय विकास मन्त्रालयले २५ जिल्लामा यो कार्यक्रम

लागु गरेको भए पनि नेपालका २१ वटा गैरसरकारी संस्थाहरूलाई यो कार्यक्रम गर्न अनुमति दिइएको छ । अब सरकार र ती सबै संघसस्थाले एकीकृत ढङगले मेलमिलापलाई अगाडि बढाउनुपर्ने देखिन्छ । गाउँतहमा रहेका सामुदायिक रेडियो सबै संघसस्थासँग साझेदारी गर्न तयार रहेका छन् । विगतको अनुभवले सामुदायिक रेडियोसँग सहकार्य गरेर अगाडि बढेमात्रै सामुदायिक मेलमिलापको अवधारणा अनुसार नतिजा ल्याउन सकिन्छ ।

असल समाजको बाटो पहिल्याउन आवश्यक मानिएको सामुदायिक मेलमिलाप कार्यक्रमलाई गाउँतहसम्म लैजान सामुदायिक रेडियो सक्षम छन् । त्यसका लागि सहकार्य गर्न सामुदायिक मेलमिलाप कार्यक्रमसँग आवद्ध सबै संघसंस्थालाई म अपिल गर्न चाहान्छु । नेपालमा सामुदायिक मेलमिलापको संरचना राम्रो छ । तर गाउँतहसम्म पुऱ्याउने साझेदारीको सबैभन्दा ठूलो माध्यम सामुदायिक रेडियो मात्रै बन्न सक्छन् ।

ACORAB Nepal

गोविन्द देवकोटा
महासचिव
सामुदायिक रेडियो प्रसारक संघ
(अकोराब) नेपाल

# कृतज्ञता

मेलमिलाप व्यक्ति तथा समुदायको संलग्नतामा हुने एक गहन भावनात्मक तथा वैयक्तिक प्रक्रिया हो । यसले सत्यतथ्यको खोजी गर्न संधै सिधा बाटो अवलम्बन गर्दैन । यसले त विगतलाई प्रतिविम्बित गर्ने र व्यक्तिगत, सामुदायिक एवम् राष्ट्रिय इतिहासका पीडादायी क्षणहरूलाई समायोजन गर्ने गर्दछ । समान्यतया व्यक्तिले भोगेका घटनाहरूको पहिचानका लागि उचित ठाउँ प्रदान गर्ने र व्यक्तिगत रुपमा पीडासमन गर्न मेलमिलापको एक पूर्वसर्त नै मानिन्छ । तसर्थ मेलमिलाप आफै प्रकट हुनुपर्छ । मानवअधिकारको संरक्षण गर्न, विभेदमा पारिएका समुदायहरुको हक–अधिकारका लागि समुदाय सचेत गर्न, महिला, विपन्न र पिछड्याइएका समुदायको न्यायमा पहुँच अभिवृद्धि गर्न सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालले देशभरीका सामुदायिक रेडियो मार्फत काम गरिरहेको छ ।

सकारात्मक सामाजिक रुपान्तरण र मेलमिलापका लागि रेडियो कार्यक्रम, रेडियो नाटकसँगै समुदायसँगको छलफललाई पनि सामुदायिक रेडियोहरुले निरन्तरता दिइरहेका छन् । सामुदायिक रेडियोले परिवार, आफन्त, समाज मिलाउन निकै ठूलो भूमिका खेलेको छ। नीति निर्माता र जनतालाई प्रत्यक्षरुपमा जोड्न, सामुदायिक मेलमिलापबारे बुझाउन द एसिया फाण्डेसनले गरिरहेको अभियानमा टेवा पुगेको छ । रेडियो कार्यक्रम मार्फत स्थानीय तहमा हुने विवादहरु (जो कानुनतः मिल्न र मिलाउन पाइन्छ) लाई समुदायमा नै कसरी मिलाउने ? मिलाउन नहुँने विवादहरु के के हुन् ? तीनिहरुलाई राज्यको निकायमा कसरी पठाउने ? भन्ने बारेमा रेडियोहरुले परियोजना हुँदा या नहुँदा पनि नागरिकलाई सूचना प्रवाह गरिरहेका छन् ।

नेपाली समाजमा रहेका सवैखाले विभेदविरुद्ध समुदाय सचेतना कार्यक्रमलाई रेडियोले प्राथमिकता दिएका छन् । भूकम्प प्रभावित ७ वटा जिल्लामा केन्द्रित रेडियो कार्यक्रम मेलमिलापलाई अकोराबले ७ जिल्लामा मात्रै सीमित नराखि देशव्यापी बनाएको छ । रेडियो कार्यक्रम सामुदायको आवश्यकता बनेको छ । यसलाई सामुदायिक रेडियोको सवाल बनाउन सहयोग गर्ने द एसिया फाउण्ड्ेसन, रेडियो कार्यक्रम परियोजना र पुस्तक लेखनलाई निस्कर्षमा पुऱ्याउन नाटक लेखनसहित नेतृत्वदायी भूमिका निर्वाह गर्ने सीआइएनका समाचार प्रमुख गोविन्द खड्का, रेडियो कार्यक्रम उत्पादनमा सक्रिय राजन रुचाल लगायत सीआईएनका सबै साथीहरुको योगदानको सम्मान गर्न चाहान्छु ।

अहिले परियोजना सकिएपछि पनि सामुदायिक सूचना नेटवर्क (सिआईएन) ले सामुदायिक मेलमिलाप कार्यक्रमलाई मुख्य कार्यक्रम बनाएर उत्पादन र प्रसारण गरिरहेको छ । देशभरीका ५० भन्दा बढी जिल्लामा १ सय भन्दा बढी रेडियोबाट कार्यक्रम प्रसारण भइरहेको छ ।

कार्यक्रमलाई निशुल्क रुपमा प्रसारण गरेर समुदायमा मेलमिलापको भावना जागृत गराउने अभियानमा सहभागी हुने सबै सामुदायिक रेडियोप्रति आभार व्यक्त गर्न चाहान्छु । विषयवस्तुमा गहन सल्लाह सुझावसहित सामुदायिक रेडियोलाई सामुदायिक मेलमिलापको सवालसँग जोड्ने सहकार्य गरेको अष्ट्रेलियन सरकार, दी एसिया फाउण्डेसनप्रति कृतज्ञता व्यक्त गर्न चाहान्छु । आगामी दिनमा पनि सहकार्यको अपेक्षासहित सामुदायिक मेलमिलापको अभियानलाई देशभरीका ३ सय सामुदायिक रेडियोको साझा सवाल बनाउने प्रतिवद्धता पनि व्यक्त गर्न चाहान्छु ।

ACORAB Nepal

डा. रामचन्द्र लामिछाने
कार्यकारी निर्देशक
(अकोराब) नेपाल

# विषयसूची


| क्र.स | विषय | पृष्ठ नं. |
|---|---|---|
| ०१ | गाउँका विवाद गाउँमै साम्य | ०१ |
| ०२ | रेडियोको कथाले दियो नयाँ जीवन | ०५ |
| ०३ | शत्रुताविहीन गाउँ | ०८ |
| ०४ | भाइ मिल्यो, खुसी फर्कियो | ११ |
| ०५ | मन पनि जोडियो, तन पनि जोडियो | १३ |
| ०६ | जब आमा–बुवाका अगाडि दाजुभाइ अङ्कमाल गरे | १५ |
| ०७ | दाजुभाइ विवादमा मल्हम बन्यो सामुदायिक मेलमिलाप केन्द्र | १८ |
| ०८ | श्रीमतीको मन पनि फर्कियो, हराएको खुसी पनि भेटियो | २१ |
| ०९ | सामुदायिक मेलमिलाप केन्द्रले ल्याइदिएको खुसी | २४ |
| १० | जग्गा विवादले बोली बन्द, मिलाउने काममा मेलमिलाप केन्द्र | २८ |
| ११ | ११ वर्ष बन्द भएको मुख खुलायो मेलमिलापले | २९ |
| १२ | रेडियो कार्यक्रम सुनेको भरमा विवाद मिल्यो | ३१ |
| १३ | मेलमिलाप केन्द्रमाथिको विश्वास बढ्दो | ३५ |
| १४ | छिमेकी विवाद सुल्झायो सामुदायिक मेलमिलाप केन्द्रले | ३७ |
| १५ | सुनको कारण निम्तिएको विवाद मेलमिलाप केन्द्रले मिलायो | ३९ |
| १६ | अहिले मन पनि मिल्यो, तन पनि मिल्यो | ४१ |
| १७ | विश्वासको ठूलो आधार बन्यो | ४३ |
| १८ | मेलमिलापतिर फर्किंदै इजलासका मुद्दा | ४५ |
| १९ | मेलमिलाप केन्द्रको भर, खुशीयालीको घर | ४७ |
| २० | मेलमिलाप केन्द्रका कारण स्थानीयलाई सहज | ५३ |
| २१ | टुटेको मन, छुटेको सम्बन्ध जोड्दै मेलमिलाप | ५५ |
| २२ | विवादको बिउ, पानीको निहुँ, मेलमिलाप केन्द्रबाट मिल्यो | ५९ |
| २३ | लेनदेनले समस्या, मेलमिलाप केन्द्रमा समाधान | ६१ |
| २४ | बहुसरोकार विवादमा मेलमिलाप केन्द्र | ६७ |
| २५ | पानी भर्ने विषयमा देखिएको विवाद मिलायो मेलमिलाप केन्द्रले | ७३ |
| २६ | टुटेका सम्बन्ध जोड्दै मेलमिलाप केन्द्र | ६९ |
| २७ | हामी तीन भाइ सँगसँगै | ७२ |
| २८ | रेडियो नाटक घुम्तीको चौतारो | ७६ |
| २९ | नमुना कथा | ८२ |

# गाउँका विवाद गाउँमै साम्य

## जोडिदै टुटेका सम्बन्ध र फाटेका मन

- सिन्धुलीको भिमेश्वर ग्वालटारका दिलबहादुर कार्की र झम्ककुमारी विक छिमेकी हुनुहुन्छ। पर्दादेखि-मर्दासम्म एकअर्कालाई सहयोग गर्दै आएका उहाँहरुबीच २०६२ सालदेखि भने बोलचाल बन्द भयो। कारण थियो पसलको सामान लगेको तर पैसा नदिएको निहुँ। ११ वर्षसम्म बन्द भएको मुख ग्वाल्टारमा रहेको मेलमिलाप केन्द्रले खोलिदियो।



• गोविन्द खड्का

- काभ्रेको श्यामपाटी गाविसका दुतलाल तामाङ र अर्जुन तामाङ दाजुभाइ हुनुहुन्छ। जग्गाको विवादमा अड्डा, अदालत समेत उहाँहरु पुग्नुभयो। अन्तिममा गाउँमै खुलेको मेलमिलाप केन्द्रले विवाद मिलायो।

- रसुवाको लहरेपौवा गाविस वडा नम्बर ४ का कृष्णप्रसाद आचार्य र हरि बहादुर थापा छिमेकी हुनुहुन्छ। भूकम्पपछि पानीको मुहान सुके। त्यही पानीका निहुँमा झगडा भयो। तर, रेडियोबाट मेलमिलाप केन्द्रका विषयमा जानकारी पाएपछि आचार्यले विवाद मिलाइदिन निवेदन दिनुभयो। अहिले दुवै जना पुरानै सम्बन्धमा फर्कनु भएको छ।

- जग्गाको विवाद होस् या कुटपिट, घरायसी झगडा या छरछिमेकको वादविवाद, गाउँमा हुने यस्ता विवाद अहिले गाउँमा नै मिल्न थालेका छन्। सामुदायिक मेलमिलाप केन्द्र स्थापना भएपछि अहिले गाउँका विवाद गाउँमा नै मिल्न थालेका छन्। गाउँका विवाद गाउँमै मिलाउने उद्देश्यले स्थापित सामुदायिक मेलमिलाप केन्द्रले स्थानीयबासीको खर्च मात्रै जोगिएको छैन जिल्ला अदालतहरुमा समेत भार कम भइरहेको छ।

जग्गा विवाद, झैझगडा, कुटपिट, छिमेकीबीचका मनमुटावलगायतका विवाद मेलमिलाप कार्यक्रम सञ्चालन भएका क्षेत्रमा दुवैपक्षको मन मिल्नेगरी स्थानीयस्तरमै सुल्झन थालेका छन्। मेलमिलाप कार्यक्रमले जनप्रतिनीधिको समेत काम गरेको छ।

सामान्य कारणमा नै अदालतसम्म पुगेर महङ्गो रकम खर्चनुपर्ने अवस्था पनि घट्दै गएको छ ।

गाउँमा नै विवाद मिलाउनका लागि दी एसिया फाउडेसनको सहयोगमा अहिले भूकम्प प्रभावित क्षेत्रका ७ जिल्ला (रामेछाप, सिन्धुपाल्चोक, दोलखा, काभ्रे, रसुवा, नुवाकोट र सिन्धुली) मा विशेष अभियान नै चलाइएको छ । स्थानीय सामुदायिक रेडियोबाट कार्यक्रम 'सामुदायिक मेलमिलाप' सुरु भएपछि सामुदायिक मेलमिलापका बारेमा जनचासो थप बढेको छ । अष्ट्रेलियन सरकारको सहयोगमा दी एसिया फाउण्डेसन र सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) को सहकार्यमा तयार पारिएको रेडियो कार्यक्रम सामुदायिक मेलमिलाप भूकम्प प्रभावित क्षेत्रका ७ रेडियोबाट उत्पादन र १२ रेडियोबाट प्रसारण भइरहेको छ । काभ्रेका सामुदायिक मेलमिलापकर्ता सरिता सापकोटाले रेडियो कार्यक्रम सुरु भएपछि सामुदायिक मेलमिलाप केन्द्रमा आउने सेवाग्राहीको सङ्ख्या बढेको बताउनुभयो ।

> **_टुटेका सम्बन्ध जोडदै छन्, बन्द भएका मुख खोलिन थालेका छन्, दाजुभाइ श्रीमान श्रीतिको विवादमा मल्हम लागेको छ_**

'गाउँमा सबैभन्दा धेरै गाली, बेइज्जत र झैझगडाका मुद्दाहरू आउने गरेका पाइएको छ ।' सापकोटाले भन्नुभयो, 'मेलमिलाप केन्द्रहरुका बारेमा विस्तारै चासो बढ्दै गएको छ । रेडियो कार्यक्रम सुरु भएपछि चासोको अनुपात ह्वात्तै बढेको छ ।' जिल्लामा खटिएका सामुदायिक मेलमिलापकर्ताहरुले स्थानीयस्तरका दर्जनभन्दा बढी जटिल प्रकारका देवानी मुद्दा गाउँमै मिलाइसकेका छन् । एसिया फाउडेसनका कार्यक्रम अधिकृत नमित वाग्ले सामुदायिक रेडियोसँगको साझेदारीले सामुदायिक मेलमिलापको विषय बुझाउन सजिलो भएको अनुभव सुनाउनु हुन्छ । 'गाउँमा सामुदायिक मेलमिलाप केन्द्र खुलेका छन् तर त्यसको काम के-हो भन्नेमा केहीलाई थाहा समेत थिएन' कार्यक्रम अधिकृत वाग्लेले भन्नुभयो, 'अहिले सामुदायिक रेडियोहरुसँग साझेदारी गरेपछि बुझाउन सजिलो भएको छ ।'

## मेलमिलापमा सरकारको प्राथमिकता

मेलमिलाप कार्यक्रमलाई प्रभावकारी बनाउन सरकारले समेत पहिलो प्राथमिकता दिएको छ । 'मेलमिलाप कार्यक्रमलाई गाउँसम्म लैजान र हरेक गाउँमा सामुदायिक मेलमिलापकर्ता तयार गर्न सरकारले नीति नै बनाइरहेको छ' सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयका परियोजना प्रमुख उपसचिव बन्धु वास्तोलाले भन्नुभयो,

‘यसले मुद्दामामिलाको झन्झट र खर्च त घट्छ नै सामाजिक क्षेत्रमा समेत सुधार ल्याएको सरकारले महसुस गरेको छ।

मेलमिलापले भविष्यमा पनि मनमुटाव नहुने वातावरण बनाउने भएकाले यस्ता कार्यक्रमलाई सबैतिर विस्तार गरिनुपर्ने उहाँको भनाइ छ।

अदालतसम्म जानसक्ने पहुँच नभएका स्थानीयहरुको लागि आफ्नै गाउँमा स्थापना भएको सामुदायिक मेलमिलाप केन्द्र मार्फत चित्त बुझ्दो न्याय पाउने गरी विशेष अभियान चलाइएको छ। गाउँसम्म न्याय पुरयाउन, गाउँका मुद्दा गाउँमा नै मिलाउन **(go to the village)** अथवा गाउँसम्म जाऊँ भन्ने कार्यक्रम सुरु भएको छ।

मेलमिलाप गराउँदा सबैले जित महसुस गर्ने भएकाले सोहीअनुरूप तयार पारिएका जनशक्तिलाई खटाउन सरकारले योजना नै बनाइरहेको छ। मेलमिलापकर्ताहरुको योग्यतासहित तोकेर सामुदायिक मेलमिलाप कार्यक्रमलाई त्यसको स्थानीय निकायको एउटा अङ्ग बनाइदैछ। अदालतमा मुद्दाको चाप कम गर्न र मुद्दाका नाममा हुने अनावश्यक खर्च, समय र झन्झट कम गर्न सरकारले ल्याएको मेलमिलाप अवधारणा अन्तर्गत देशभरीका विभिन्न जिल्लामा मेलमिलाप कार्यक्रम सञ्चालन भइरहेको छ।

मेलमिलाप परिषद्को सचिवालय प्रमुख अशोककुमार क्षेत्रीले सामुदायिक सूचना नेवटर्क (सीआईएन) ले गरेको सामुदायिक मेलमिलाप रिपोर्टिङ्ले मेलमिलापको वातावरण निर्माण भएको दावी गर्नुभयो।

‘टुटेका सम्बन्ध जोडीदैछन्, बन्द भएका मुख खोलिन थालेका छन्, दाजुभाइ, श्रीमान श्रीमतिको विवादमा मल्हम लागेको छ’ मेलमिलाप परिषद्को सचिवालय प्रमुख क्षेत्रीले भन्नुभयो, ‘अब सामुदायिक रेडियोले पनि यसलाई मुख्य कार्यक्रमको विषय बनाएर सिङ्गो समाज जोड्ने अभियान थाल्नुपर्छ।’

## चुनौती

सामुदायिक मेलमिलाप कार्यक्रम प्रभावकारी बन्दै गए पनि समुदायलाई यो मेरो कार्यक्रम हो भन्ने विश्वास दिलाउन अँझै चुनौती छ। झगडालु पक्षको स्वार्थको अडान, मेलमिलापकर्ताको कमजोर भूमिका, कानुन व्यवसायीको प्रलोभन, अदालतमा जाँदा मुद्दा जितिन्छ भन्ने भ्रमले पनि मेलमिलाप कार्यक्रमको प्रभावकारितामा चुनौती थपिएको छ।

कार्यक्रमलाई प्रभावकारी बनाउन दातृ निकायबाट सहयोग नपाए पनि रेडियोले आफ्नो कार्यक्रम बनाउन सकेमात्रै चुनौती हटेर आगामी दिनमा प्रभावकारी बनाउन सकिने दी एसिया फाण्डेसनका कार्यक्रम अधिकृत वाग्लेले बताउनुभयो । रेडियो कार्यक्रम बनाउने क्रममा पनि थुप्रै चुनौतीको सामना गर्नु परेको छ । समुदायमा एकै खाले विवादहरु धेरै स्थानमा भएकाले सबैलाई समेट्न नसक्नु, विवाद समाधान भएका पक्षहरुले अनुभव बताउन नमान्नु पनि सफलताका कथाहरु बाहिर ल्याउन समस्या भएको रेडियो रसुवाका मेलमिलाप कार्यक्रम उत्पादक अनु आचार्यको अनुभव छ ।

## रेडियोले मिलायो : ज्ञानप्रसाद पहाडी

म हरेक दिन बिहान सिआईएनको साझा खबरदेखि बीबीसी नेपाली ७ :३० मा सुनेपछि मात्रै रेडियो बन्द गर्छु । तर एकदिन बीबीसी नेपाली सेवा आउन अगाडि छिमेकी, श्रीमान-श्रीमतीको विवादसँग जोडिएको मेलमिलापको सूचना सुने । बीबीसीको समाचारपछि कार्यक्रम आयो 'सामुदायिक मेलमिलाप' । कार्यक्रम सुन्दै जाँदा मेरै लागि कार्यक्रम बनाइदिएको जस्तो लाग्यो । कार्यक्रम सुनेपछि छिमेकी चन्द्र खत्री पौडेलसँगको झगडा मिलाउने उपाय खोज्न मेरै गाविसको सिन्धुली डुडभन्ज्याङ सल्लेडाँडाको सामुदायिक सेवा केन्द्रमा निवेदन दिएँ । बच्चाको निहुँमा परेको झगडाले पानी बाराबारसम्मको अवस्थामा थियो । तर, कहिल्यै ठूलो स्वर नगरेको, एक घरको कुरा अर्को घरमा बाँडिचुँडी खाने असल छिमेकीसँग भएको झगडापछि भोक, निद्रा हराएको थियो । मनमा ग्लानी, बेचैन बढेको थियो । अब मलाई हाम्रो सम्बन्ध कहिल्यै पहिलाको जस्तो बन्न सक्दैन भन्नेमा चिन्ता थियो । तर रेडियोको कार्यक्रमले मलाई सामुदायिक मेलमिलाप केन्द्रसम्म पुऱ्याएपछि हाम्रो झगडा अन्त्य भयो । हात मिलायौँ, अँकमाल गऱ्यौँ । अहिले हामी पहिलाको भन्दा पनि झन मिल्न थालेका छौँ । सायद त्यो दिन मैले सामुदायिक मेलमिलाप कार्यक्रम सुन्न छुटाएको भए छुट्टिएको सम्बन्ध जोडिने थिएन होला ।

# रेडियोको कथाले दियो नयाँ जीवन



१४ वर्षको उमेर, विद्यालय पढ्दापढ्दै माया बस्यो । विवाह गर्न नहुने उमेर १८ वर्ष नपुग्दै विवाह भयो । परिवारको असहमति थियो तर मायाले जित्यो र हामी घरबाट भाग्यौं । सँगै जिउने र सँगै मर्ने कसम खायौं । जीवन चल्दै थियो । उहाँ गीत गाउनु हुन्थ्यो रेडियोकासाथै विभिन्न स्टेजहरु अनि रेष्टुरेन्टमा पनि । विस्तारै कहिले काहीँ आउने कहिले नआउन थाल्नुभयो । जतिबेला हाम्रा सन्तानका रुपमा दुई छोरीहरु भइसकेका थिए । सोध्यो भने गीत गाउन, यता गएको उता गएको, जवाफ यस्तै यस्तै । श्रीमानको कमाई नै हाम्रो परिवारको खानपिनको बन्दोबस्त मिलाउने साधन थियो ।

एक्कासी बुबा विरामी पर्नुभयो । अस्पतालमा महिनौं राखियो । बुबाआमाले मन नपराइनपराइ समेत मैले विवाह गरेकीले बुबाआमा मसँग रिसाउनु स्वभाविक थियो । मेरो श्रीमानले पनि महिनौंसम्म मेरो बुबाको हेरचाह गर्नुभयो । तर उपचारका क्रममा नै बुवाको मृत्यु भयो । आमाको केही जिम्मेवारी पनि हामीमाथि थपियो ।

समयसँगै श्रीमान घर नआउनेक्रम दिनबाट हप्ता, हप्ताबाट महिना हुँदै बढ्न थाल्यो । घरमा आर्थिक सङ्कट थपियो । छोरीहरुका आवश्यकता परिपूर्ति गर्ने मलाई सङ्कट आइलाग्यो । विस्तारै असमझदारी बढ्दै गयो । बीचमा एउटा खबर आयो श्रीमानले अर्कै श्रीमती ल्याएका छन् रे । पत्यार लागेन किन कि विश्वास थियो

उसप्रति मेरो विश्वास गर्न नसकेको खबर यथार्थ भइदियो घरमै श्रीमती भित्र् यायो । उनीसँग उनकि छोरी पनि थिइन् । आफ्नै भाग्यलाई धिकारेँ र सम्झौता गर्दै छोरीहरुका लागि भए पनि सँगै बस्ने निर्णय गरेँ । माइतीमा थाहा भयो । सबै समाज परिवार बसेर छोरीहरु पढाउने, खान दिने, लाउन दिने सबै जिम्मेवारी मेरो हुनेगरी तीन लाख रुपैँया मेरो भागको अंश पर्यो । छोरीहरु सानै भएको निहुँपारी १८ वर्ष नपुगी निकाल्न नपाउनेगरी ससुरा संरक्षक बसेर बैङ्कमा रकम राखियो । समस्या समाधान हुनुको साटो झन् बढ्यो । सम्बन्धविच्छेद नगरी बैधानिक हिसाबले नै पाखा लगाइएँ ।

ज्याला, मजदुरी नै छाक टार्ने मेरो जिन्दगी बन्यो । २०७२ साल बैशाख १२ गतेको भूकम्पपछि बस्ने ठाउँ समेत खोसियो । बैङ्कमा भएको पैसा पसलमा लगानी गर्न चाहन्थें तर ससुराले दिन मानेनन् । एकदिन पसलमा रासन किन्न गएको बेला रेडियो बजिरहेको सुनें । जहाँ भनिएको थियो 'तपाईसँग पनि यस्तैयस्तै विवादहरु भए नजिकै रहेको तपाईको गाविस वा नगरपालिकाको मेलमिलाप केन्द्रमा जानुहोस्' अलि चासो दिएर सुनें । अन्य धेरै विवादका विषय र सफलताका कथाहरु बजेको सुनिरहें । मलाई पनि आफ्नो समस्याका बारेमा मेलमिलाप केन्द्रमा जान इच्छा जाग्यो तर कसरी जाने ? पसले दाईलाई सोधें उहाँकै साहारामा प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालको ठेगाना र फोन नम्बर पत्ता लगाएँ । २०७३ साल जेठ १६ गते बनेपामा रहेको केन्द्रको कार्यालयमा निवेदन दिएँ । मेलमिलाप केन्द्रका संयोजकले कोसँग कुरा गर्ने भनेर भित्तामा झुन्डाइएको फोटो देखाउनुभयो । १२ जना हुनुहुँदोरहेछ । आफ्नै वडाको एक बहिनी पनि हुनुहुँदोरहेछ । उहाँलाई नै रोजें । २ दिनपछि फेरि नगरपालिका कार्यालयमा बोलाउनुभयो । साह्रै डर लागिरहेको थियो । श्रीमान र स-सुरा सँगै रहेछन् । मेलमिलापकर्ताहरुले मलाई बोल्न उत्साह गर्दै जानुभयो आफ्ना कुरा विस्तारै भन्दै गएँ । अन्त्यमा ३ घण्टाको छलफलपछि विषय टुङ्गोमा पुग्यो । मैले चाहेको भन्दा पनि धेरै पाएँ । नसोचेको कुरा पाएँ । जुन पसल राखेर आत्मनिर्भर हुन खोजेको थिएँ त्यसमा श्रीमानले समेत सहयोग गर्ने भए । साथै छोरीहरुको शिक्षा दीक्षामा सहयोग गर्ने साथै बाबाको माया समेत छोरीहरुले पाउने भए ।

*मैले चाहेको भन्दा पनि धेरै पाएँ । नसोचेको कुरा पाएँ । जुन पसल राखेर आत्मनिर्भर हुन खोजेको थिएँ त्यसमा श्रीमानले समेत सहयोग गर्ने भए ।*

यसका लागि उनीहरुलाई समयसमयमा घुमाउन लाने र मलाई पनि श्रीमतीकै हैसियतमा व्यवहार गर्नेगरी सहमति पत्रमा हस्ताक्षर भयो । मैले पनि श्रीमान तथा घरपरिवारलाई सम्मानजनक व्यवहार गर्ने कुरामा सहमति जनाएँ ।

आज हामी खुशी भएका छौं । छोरीहरु पनि बाबाआमा दुवैको मायामा दङ्ग छन् । म पनि आत्मनिर्भरताको बाटोमा छु । आज परिवारमा पनि शान्ति छाएको छ । झन्डै आफ्नै मृत्यु अङ्गालेको म आज सयौं मान्छेका फाटेको हृदयको मुटु भएर बाँच्न समेत पछि नपर्ने भएको छु । समाजको महत्वपूर्ण मान्छे भएर बाँच्न सक्ने भएको छु । आफ्नै मुटुको टुक्रा दुई छोरीहरुको सहारा भएको छु ।

सामुदायिक मेलमिलाप कार्यक्रम, काभ्रे जिल्ला संयोजक सरिता सापकोटासँग एक जना सेवाग्राहीले सुनाएको अनुभवमा आधारित ।

# शत्रुताविहीन गाउँ



सिन्धुलीकी बिन्दा कार्की सामान्य गृहिणी हुनुहुन्छ । उहाँलाई न कानुनी ज्ञान छ, न त उहाँ न्यायाधीशले जस्तो प्रमाण र कानुनको व्याख्या गरेर न्याय/अन्याय नै छुट्याउन सक्नुहुन्छ । तर, उहाँले गाविसका ४ र ५ वडाका ३२ ओटा मुद्दा छिनाफानो गरिसक्नु भयो त्यो पनि केही महिनाको अवधिमा ।

सिन्धुलीकै भुवनेश्वरी गाविस भूकम्प प्रभावितमध्येको एउटा हो, जहाँ राहत र पुनःस्थापनाको नाममा छिमेकीबीच केही समयअघि बोलचालसमेत बन्द थियो । तर, गाविसमा गणेश थापाजस्ता मेलमिलापकर्ताकै कारण यतिबेला गाविसमा कसैसँग कसैको दुश्मनी छैन । न त्यस गाविसमा अदालतमा मुद्दा खेप्ने व्यक्ति नै कोही छन् । मेलमिलाप परिषद्ले सामुदायिक मेलमिलापसम्बन्धी 'गाउँमा जाऔं' अभियान चलाउनुअघि नै सिन्धुलीका ३९ गाविस र एक नगरपालिकामा ४२ ओटा मेलमिलाप केन्द्रले एक महिनाकै अवधिमा गाउँघरमा हुने झैझगडा र मुद्दामामिला दर्जनौंको सङ्ख्यामा मिलाइसकेका छन् ।

पहिला मेलमिलापका विषयमा धेरै जानकारी कम थियो, सामुदायिक रेडियोले मेलमिलाप कार्यक्रमलाई प्राथमिकता दिएपछि मेलमिलाप केन्द्रमा जानेहरु बढेका छन् । 'लामो समयदेखि गाउँमा मेलमिलाप केन्द्रले काम गरिहेका छन् ।' मेलमिलापकर्ता धुव्र खड्काले भन्नुभयो, 'तर रेडियोबाट सूचना आएपछि भने केन्द्रमा आउनेहरु बढेका छन् ।'

आठ दिनको छोटो तालिम दिएर गाउँमा मुद्दा मामिला मिलाउने मेलमिलापकर्ता उत्पादन गर्दै आएको माण्डवी संस्थाका कार्यकारी निर्देशक पङ्कजकुमार कर्णका अनुसार सिन्धुली जिल्लामा मात्र सामुदायिक मेलमिलापकर्ताले स्थानीयस्तरका एक दर्जनभन्दा बढी जटिल प्रकारका देवानी मुद्दा गाउँमै मिलाइसकेका छन् । दुवै पक्षको जित हुने र खर्चसमेत नपर्ने गरी मेलमिलापकर्ताले गाउँमा मुद्दा मिलाउन न त कानुनको व्याख्या गर्छन्, न त प्रमाण नै बुझ्छन् । तर पनि दुवै पक्षलाई सन्तुष्ट पारिरहेका छन् ।

स्थानीय स्तरमा मुद्दा मामिला मिलाएर अदालतमा मुद्दाको चाप कम गराउने र सामाजिक अमनचयनमा दह्रो सहायता गरिरहेका सिन्धुलीका सर्वसाधारण मेलमिलापकर्ता र स्थानीय यतिबेला थप उत्साहित बनेका छन् । केही समय अगाडि प्रमुख जिल्ला अधिकारीभन्दा ठूला व्यक्ति अहिलेसम्मै नपुगेका रानीचुरी, भुवनेश्वरी, भीमेश्वरलगायतका गाविसमा सर्वोच्चदेखि जिल्ला अदालतसम्मका न्यायाधीश गाउँमै पुगेका थिए । अदालतमा बसेर मुद्दा छिन्नेहरुले समेत गाउँमा पुगेर अदालतमा मुद्दा लिएर नआउन र गाउँमै मिल्न आग्रह गरेपछि भने थप हौसिएका छन् उनीहरू ।

*...लतमा बसेर मुद्दा छिन्नेहरुले समेत गाउँमा पुगेर अदालतमा मुद्दा लिएर नआउन र गाउँमै मिल्न आग्रह गरेपछि भने थप हौसिएका छन्*

सधैं इजलास र च्याम्बरमा बसेर न्याय निरूपण गर्ने न्यायाधीशलाई घरआँगनमा आफ्ना दुखेसो पोख्न पाउँदा सिन्धुलीवासी हर्षित मात्र बनेनन्, न्यायाधीशले मेलमिलाप गर्न हौस्याएपछि सामान्य विवाद बोकेर अब कहिल्यै अदालत नजाने प्रणसमेत गरे । सर्वोच्च अदालतका तत्कालिन न्यायाधीश वैद्यनाथ उपाध्याय नेतृत्वको पुनरावेदन अदालतका न्यायाधीश पुरुषोत्तम भण्डारी, सिन्धुली जिल्ला न्यायाधीश भोला चालिसे र मेलमिलाप परिषद् सचिवालय प्रमुख अशोक क्षत्री लगायतको टोलीले जिल्लाका गाउँगाउँ पुगेर देवानी प्रकृतिका मुद्दा गाउँमै मिलाउन प्रोत्साहन गरेको थियो । गाउँमा पहिलो पटक न्यायाधीशलाई देखेर भावुक बनेका भुवनेश्वरी गाविसका बासिन्दाले त जग्गा, अंश, सामान्य कुटपिटजस्ता झैझगडा लिएर कहिल्यै अदालत नआउने प्रणसमेत गरे ।

सर्वोच्च अदालतका न्यायाधीश उपाध्यायले मेलमिलाप गर्न भनेको घुँडा टेक्नु नभएर हात मिलाउनु र अँकमाल गर्नु जस्तै हो भन्दै गाउँले परिवेशमा मेलमिलापको महत्व बुझाएपछि भुवनेश्वरी गाविसका जनताले मुद्दाका नाममा अनावश्यक रूपमा

अदालत नजाने प्रण गरेका हुन्। अदालतमा मुद्दाको चाप कम गर्न र मुद्दाका नाममा हुने अनावश्यक खर्च, समय र झन्झट कम गर्न सरकारले ल्याएको मेलमिलापको अवधारणाअन्तर्गत सिन्धुलीलगायत तराईका ६ जिल्लामा मेलमिलाप अभियान जारी छ।

दी एसिया फाउन्डेसनको सहयोगमा सिन्धुलीमा विभिन्न संघसस्थाले मेलमिलापको काम गरिरहेको छन्। दी एसिया फाउन्डेसनको सहयोग रौतहटस्थित माण्डवी संस्थाको सक्रियता र मेलमिलाप परिषद्को संयोजनमा दुई वर्षदेखि मेलमिलाप अभियान जारी छ। अभियान चलेपछि झण्डै एक हजार स्थानीयस्तरका मुद्दा स्थानीय मेलमिलापकर्ताले नै मिलाइसकेका छन्। मेलमिलाप परिषद् सचिवालय प्रमुख उपरजिस्टार क्षेत्रीका अनुसार सिन्धुलीमा ३९ गाविस र एक नगरपालिकामा २ सय ५२ जना तालिम प्राप्त मेलमिलापकर्ता स्थानीय तहका विवाद मिलाउन सक्रिय छन्।

# भाइ मिल्यो, खुसी फर्कियो



रसुवाको धुन्चेस्थित सोलेका कामीतुलु तामाङ र बिबराम तामाङ दाजुभाइ हुनुहुन्छ । तामाङ दाजुभाइ, दाजुभाइ मात्रै भन्दा पनि सानैदेखिका मिल्ने साथी पनि हुनुहुन्छ । आजभन्दा एक महिना अघिसम्म उहाँहरुको सम्बन्ध राम्रै थियो । तर अचानक दाजुभाइबीच बोलचाल बन्द भयो । कारण ठूलो थिएन , वर्षौंदेखि भोगचलन गर्दै आएको जग्गा मिचेको निहुँमा दाजुभाइको बोलचाल नै बन्द भयो ।

कामीतुलु तामाङले २०७३ साल चैत महिनामा घर बनाउन सुरु गर्नुभयो । घर निर्माणको क्रममा काकाको छोरा बिबराम तामाङको जग्गा मिचिन पुग्यो । यही सानो निहुँले दाजुभाइको सम्बन्धमा फाटो ल्यायो । जग्गा मिचिएको निहुँमा सुरु भएको मनमुटाव त्यतिमै मात्र सीमित रहेन ।

छुट्टाछुट्टै घरमा भए पनि हरेक सुखदुःखमा एकअर्काको साथमा हुने दाजुभाइ, जग्गा मिचिएको निउँमा एकअर्कालाई देखि नसहने भए । बिबराम आफ्नो जग्गा मिचेको भन्दै जग्गा नाप्न जिल्ला नापी कार्यालय तथा प्रहरीमा पुग्नुभयो । नापी कार्यालयबाट जग्गा नापजाँच पनि भयो । तर पनि उहाँहरुको विवाद सल्टिएन ।

एकदिन बिबरामले गाउँमै मेलमिलाप केन्द्र मार्फत आफूहरुको विवाद समाधान हुने कुरा थाहा पाउनुभयो । उहाँले सामुदायिक मेलमिलाप केन्द्रमा निवेदन दिनुभयो । पहिला त हारिने हो कि भन्ने दुवैको मनमा डर थियो । भाइ बिबरामले निवेदन

दिएपछि मेलमिलापकर्ताले सामुदायिक मेलमिलाप केन्द्रमा बोलाए। दाजुभाइको विवाद मिलाउने प्रक्रिया सुरु भयो।

मेलमिलापकर्ताले दुबैको कुरा सुने। अनि विवाद मिलाउने प्रक्रियातर्फ लागे। सहमतिअनुसार जग्गा पास नभएको हुँदा थोरै जग्गाको सीमाना दाजुभाइमा तलमाथि भएर धेरै ठूलो समस्या आइनपर्ने कुरामा मेलमिलापकर्ताले दुबैलाई सहमत गराए। मिलेर बस्न दुबै मन्जुर भएपछि दाजुभाइको विवाद मिल्यो।

दुबैको जितजित हुनेगरी विवाद समाधान भएपछि अहिले दुबै दाजुभाइ मेलमिलाप केन्द्रप्रति सन्तुष्ट हुनुहुन्छ। आफूहरुको समस्या मेलमिलाप केन्द्रबाट समाधान भएपछि तामाङ दाजुभाइ अहिले अरुलाई पनि सामुदायिक मेलमिलाप केन्द्रमा जान सुझाव दिनुहुन्छ। 'भाइले निवेदन नदिएको भए आज मैले भाइ पनि गुमाउने रहेछु' तलु तामाङले भन्नुभयो, 'सामुदायिक मेलमिलाप केन्द्र नभएको भए, रेडियोबाट विवाद मिल्छ भनेर जानकारी पाएपछि भाइ पनि पाएँ खुसी पनि पाएँ।'



# मन पनि जोडियो, तन पनि जोडियो



केही समयअघि मात्र दाम्पत्य जीवनमा बाँधिनुभएका रसुवा गतलाङका दावा तामाङ अहिले एक्लो जीवनमा फर्किनुभएको छ । मागी विवाह गर्नुभएका तामाङले आफ्नै साथीले श्रीमती भगाएपछि यस्तो पीडा भोग्नु पर्‍यो । श्रीमति भगाउने टाढाका मान्छे होइनन्, आफ्नै साथी नुर्पु लामा । जो दावाका एकदमै मिल्ने साथी पनि हुनुहुन्छ । आफ्नै साथीले श्रीमति भगाएपछि एकअर्कामा मिल्ने साथीबीचको बोलचाल समेत बन्द भयो ।

गल्ती नुर्पुको मात्रै थिएन । दावाले विवाह गरेको केटी नुर्पुको प्रेमीका थिइन् । उनीसँग धेरै पहिलादेखि मायाप्रेम रहेको थियो, नुर्पु लामाको । नुर्पुले दावालाई आफूले मन पराएको केटी विवाह नगर्न धेरै आग्रह गर्नुभएको थियो । तर दावाले भगाएर विवाह गर्नुभयो ।

आफूले विवाह गरेको केटी अरुले लगेपछि कहाँ जाने, के गर्ने, कसलाई भन्ने ? अन्योलमा पर्नुभयो, तामाङ । विवाहमा केही रकम पनि खर्च भएको थियो । एकातिर विवाहमा लागेको खर्च, अर्कोतर्फ विवाह गरेको केटी पनि छैन । निकै तनावमा पर्नुभयो, दावा ।

एकदिन रेडियोमार्फत मेलमिलाप केन्द्र स्थापना भएको कुरा थाहा पाउनुभयो, तामाङले । त्यहीं गए समस्याको समाधान हुने कुरा पनि सुनाइन्, छिमेकी एक बहिनीले ।

छिमेकी बहिनीको सल्लाह अनुरुप सामुदायिक मेलमिलाप केन्द्र गतलाङमा निवेदन पनि दिनुभयो, उहाँले । जित हार जे भए पनि समस्या समाधानका लागि मेलमिलाप केन्द्र मार्फत् प्रयास गर्ने अठोट गर्नुभयो । दावाले मेलमिलाप केन्द्रमा निवेदन दिएको थाहा पाएपछि उता नुर्पुलाई पनि हारिने हो कि भन्ने डर लाग्न थाल्यो । तामाङले निवेदन दिएपछि लामालाई पनि मेलमिलाप कर्ताले सामुदायिक मेलमिलाप केन्द्रमा बोलाए । उहाँहरु दुवैजना मेलमिलाप केन्द्र जानुभयो । विवाद मिलाउने प्रक्रिया सुरु भयो ।

मेलमिलापकर्ताले दुबै पक्षको कुरा सुने । अनि विवाद मिलाउने प्रक्रियातर्फ लागे । अरुको श्रीमती ल्याएपछि जारी तिर्नुपर्ने नियम, धेरै पहिलादेखिको हो । तामाङले विवाह गर्दा लागेको खर्च स्वरुप पाँच लाख रुपैया माग गर्नुभयो । तर लामाले आफूले त्यति रकम दिन नसक्ने बताउनुभयो । मेलमिलापकर्ताले दुबैलाई सम्झाए । पछि तीन लाख रुपैयाँमा कुरा मिल्यो । दुबै पक्ष सहमत भए ।

यो विवाद लिएर अड्डा अदालत पुगेको भए, एक त वर्षौं समय लाग्न सक्थ्यो । खर्च उत्तिकै । दुवैको जितजित हुनेगरी सामुदायिक मेलमिलाप केन्द्रले विवाद समाधान गरिदिएकोमा तामाङ र लामा दुबै मेलमिलाप केन्द्रप्रति सन्तुष्ट हुनुहुन्छ । उहाँहरुको सल्लाह छ, “गाउँ छिमेकमा हुने सामान्य विवाद मिलाउन मेलमिलाप केन्द्रमै जानुस् ।”

सामुदायिक मेलमिलाप केन्द्र गतलाङका संयोजक बिरेन लामा भन्नुहुन्छ, “पुर्खादेखि नै आफ्नो श्रीमती अरुले लगे जारी तिर्नुपर्ने चलन छ । त्यही चलन अनुसार दुबै पक्षलाई सहमत गराएर मेलमिलाप केन्द्रले विवाद मिलाउने काम गरेको हो ।” अहिले यो केन्द्र सञ्चालनमा आएसँगै करिब १० वटा यस्ता विवाद समाधान भइसकेको संयोजक लामाले बताउनुभयो ।

# जब आमा-बुवाका अगाडि दाजुभाइले अङ्कमाल गरे





• चिना थापा
सिन्धुली

सिन्धुली आम्वोटेका टङ्कबहादुर परियार र बलबहादुर परियार दाजुभाइ हुनुहुन्छ । उहाँहरु काठमाडौंमा सँगै कोठामा बस्नुहुन्थ्यो । मजदुरी गरेर बसेका उहाँहरुको एक दिन झगडा पऱ्यो । पैसाको निहुँमा झगडा भएको एक वर्ष अगाडि हो ।

दाजुभाइको थोरै पैसाको निहुँमा भएको झगडाले स्थिति कुटपिटको अवस्थासम्म पुग्यो अनि बोलचाल नै बन्द भयो । दाजुभाइ एउटै कोठामा बस्दा पनि बोलचाल बन्द हुन छाड्यो । बोलचाबन्द भएको केही समयपछि दाजुभाइ नै भिन्दाभिन्दै बस्न थालेपछि झन् सम्वन्ध टाढियो ।

घरमा दाजु आउँदा भाइ नआउने, भाइ आउँदा दाजु नआउने गर्दा त्यसको चिन्ता थपियो बुबाआमालाई । अब छोराहरुलाई कसरी मिलाउने भन्ने उपायको खोजीमा लागे परियारका बुबाआमा । दाजुभाइलाई कसरी मिलाउने भन्ने चिन्तामा रहेका बुबाआमाले विवाद समाधान गर्ने माध्यम खोज्न थाले । यसैक्रममा गाउँमा सामुदायिक मेलमिलाप केन्द्र भएको थाहा पाए । त्यसपछि दुई भाइ मध्ये एक भाइ बलबहादुर परियारलाई घरमा बोलाए ।

बलबहादुर घरमा आएपछि सामुदायिक मेलमिलाप केन्द्रमा निवेदन हाल्न लगाए । बलबहादुरले सामुदायिक मेलमिलाप केन्द्रमा निवेदन दिनुभयो । अब दाजुले जित्ने हो कि भन्ने उहाँलाई डर पनि लाग्यो । दाजुलाई पनि भाइले निवेदन दिएकोमा डर थियो । दुवै जना डरैडरमा बस्नुभयो । टङ्कबहादुर पनि घर आउनुभयो । दाजुभाइ दुवैलाई मेलमिलाप केन्द्रमा डाकियो । मेलमिलाप प्रक्रिया सुरु भएपछि दुवैको डर हट्यो । अन्तिम प्रक्रिया नपुग्दै दुवैजना मिलिसक्नुभयो । दुवै जनाले जितको महसुस गरेर घर फर्किनुभयो । बुबाआमा पनि खुसी भए, छोराहरु मिलेकोमा । आमा-बुवाका अगाडि दाजुभाइ अङ्कमाल गरेर रुनुभयो ,सबै जनाको आँखामा खुसीको आँसु छचल्कीयो ।

अहिले दुई दाजुभाइको सम्वन्ध राम्रो छ । सँगै बस्ने, काम गर्ने गरिरहनु भएको छ । सामुदायिक मेलमिलाप केन्द्र विवाद मिलाउने र सम्वन्ध सुधार्ने राम्रो माध्यम भएको उहाँहरुको बुझाइ रहेको छ । यसको प्रभावकारिताको बारेमा अहिले अरुलाई पनि जानकारी गराउन थालेको टङ्क परियारले बताउनुभयो ।

*अदालतसम्म जाने झन्झट र खर्च एकातिर टर्छ भने अर्कातिर आखिर मिलेर बस्नुपर्ने समाजमा किन झगडा गर्ने भन्ने बुझाइको विकास हुन्छ,*

अहिले आम्वोटे गाविसमा सामुदायिक मेलमिलाप केन्दमा टङ्कबहादुर र बलबहादुर जस्ता अन्य धेरैको विवाद मिलेका छन् । सामुदायिक मेलमिलाप केन्द्रका संयोजक लीलाकुमारी भण्डारीका अनुसार सामुदायिक मेलमिलाप केन्द्रले अहिलेसम्म २१ वटा विवाद मिलाइसकेको छ । पहिला गाउँमा राजनीतिक दलहरु बसेर मिलाउने गरेका विवाद पनि सामुदायिक मेलमिलाप केन्द्रमा आउने गरेको उहाँको भनाइ छ ।

केन्द्रमा जग्गा विवाद, खानेपानी विवाद, साँधसीमाना विवाद, चरिचरण विवाद, महिला हिंसाका विवाद, घरझगडा, श्रीमान् श्रीमतीबीचको झगडा जस्ता विवाद वढी सङ्ख्यामा आउने गरेका छन् । 'मेलमिलापको क्रममा भएका तीतामीठा सवाल-जवाफलाई सधैं गोप्य राखिन्छ, दुवै पक्षलाई आफूले चाहेको मेलमिलापकर्ता छान्ने अवसर प्रदान गरिन्छ । दुवै पक्षलाई मान्य हुनेगरी विवादको विकल्प खोजिन्छ र दुवैको सहमतिमा विवाद सुल्झाउने गरिन्छ । अदालतसम्म जाने झन्झट र खर्च एकातिर टर्छ भने अर्कातिर आखिर मिलेर बस्नुपर्ने समाजमा किन झगडा गर्ने भन्ने बुझाइको विकास हुन्छ,' भण्डारीले भन्नुभयो ।

सिन्धुलीका मेलमिलाप प्रशिक्षक ध्रुवचन्द्र खड्काका अनुसार सिन्धुलीमा अहिलेसम्म १०० वटा भन्दा बढी विवाद मिलिसकेका छन् । जिल्लाका दुई नगरपालिका सहित ३९ वटा गाविसमा सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनमा छन् । नेपालमा गाउँमा भएको विवाद, झगडा गाउँमै मेलाउने परम्परा लामो समयदेखि नै चलिरहेको छ । हिजो अपनाइएका प्रक्रिया व्यक्ति केन्द्रित भएर जित-हारको अवस्था रहिरहने भएकोले नयाँ नीति अनुसार सरकारले नै मेलमिलापलाई प्राथमिकता दिएको छ ।

मेलमिलाप ऐन २०६८ पारित भए पनि यसको कार्यन्वयन २०७१ बाट मात्र सुरु भएको छ । यस ऐन्ले नेपालको सामुदायिक मेलमिलापको साथै सबै प्रकारको मेलमिलापलाई कानुनी आधार प्रदान गरेको छ ।

# दाजुभाइको विवाद, मल्हम बन्यो सामुदायिक मेलमिलाप केन्द्र





• मोतीराम तिमल्सिना
प्राईम एफएम, काभ्रे

जग्गा तथा घरयासी विवाद पर्दा नजिकैको प्रहरी चौकी तथा जिल्लामा रहेको प्रशासनमा हारगुहार गर्ने भन्ने बुझेका काभ्रे श्यामपाटी गाविसका दुतलाल तामाङ र अर्जुन तामाङ गाउँमै खुलेको मेलमिलाप केन्द्रले विवाद समाधान गरी सम्वन्ध समेत सुधार गरिदिएपछि दङ्ग पर्नु भएको छ ।

हजुरबुबाको नाममा रहेको जग्गालाई अंशबन्डा तथा सम्पत्ति भागबन्डा गर्ने विषयमा भएको विवादले दुई जनाबीच कुटाकुट समेत भएको थियो । एकले अर्कोलाई देखाउने नाममा प्रहरी र अदालतसम्म जाने स्थिति भयो भने एउटै घरमा मिलेर बसेका दाजुभाइ सम्पत्तिकै कारण भएको विवादले तनावमा हुनुहुन्थ्यो । दुबैलाई जग्गा चाहिएको थियो तर दिनुपर्ने पक्षले दिन आनाकानी गरेपछि विवादले कुटाकुटको रुप लिएको थियो ।

दुबै जना सामान्य लेखपढ मात्रै गर्न जान्ने भए पनि पसलमा भएका छलफल र रेडियोमा प्रसारण भएका सामग्रीहरुप्रति रुचि दुवैको थियो । विवादित पक्ष मध्येका एक अर्जुन तामाङले आफ्ना हजुरबुबालाई आफूले लालनपालन गरेकाले उहाँका नाममा भएको जग्गा आफूले पाउनु पर्ने अडानमा हुनुहुन्थ्यो । दुतलालले अर्जुन आफ्नै

सन्तान नभएको र अर्को बाबुबाट जन्मिएर (भगाई ल्याएको) आमासंगै आएकाले उक्त जग्गामा उसको भन्दा आफ्नो हक लाग्ने र आफूले पाउनुपर्ने अडानमा रहनुभयो । अडानले विवाद हुँदै कुटाकुट भएको थियो ।

विवाद भएपछि अर्जुनले तत्कालिन गाविस कार्यालयमा सामुदायिक मेलमिलाप केन्द्र खुलेको र त्यहाँ यस्ता विवादहरु समाधान हुने खवर रेडियो र स्थानीयस्तरमा रहेका मेलमिलापकर्ताहरुबाट सुन्नु भएको थियो । फागुन २६ गते अर्जुनले सामुदायिक मेलमिलाप केन्द्र श्यामपाटीमा निवेदन दर्ता गराउनुभयो । समुदायमा उत्पन्न हुने विवाद समाधानका लागि सञ्चालन गरिएको सामुदायिक मेलमिलाप केन्द्रमा विवाद दर्ता हुन आएपछि मेलमिलाप केन्द्रका संयोजक निर्मला खकुरेलले गाउँ विकास समितिमा टाँस गरिएको मेलमिलापकर्ताहरुको सूची देखाउनु भयो र तीन जना मेलमिलापकर्ता छान्न अनुरोध गर्नुभयो । पहिलो पक्ष अर्जुनले मेलमिलापकर्ता छनौट गरिसकेपछि संयोजकले दोस्रो पक्षसँग सम्पर्क गरी पुन: मेलमिलापकर्ताहरु छान्न लगाउनुभयो । दुबै पक्षलाई सम्पर्क गरिसकेपछि विवाद समाधानका लागि समय र स्थानको तय गरि मेलमिलापको सबै प्रकिया अपनाएर विवाद समाधान सुरु भयो ।

> *हामी दाजुभाइ बीचको सम्वन्ध मात्रै सुधारेको छैन, भोलि हुने घटनालाई समेत रोकिदिएको छ मेलमिलाप केन्द्रले.......*

विवाद समाधानका लागि निवेदन दर्ता भएकै दिन विवाद समाधान भयो । मेलमिलापकर्ताहरु मन्जित तामाङ, निरेश लामा र सम्भ्mना श्रेष्ठले विवादित पक्षहरुको मन जित्नु भयो र प्रक्रियामा विवादित दुबै पक्ष सहमत हुनुभयो । मेलमिलाप केन्द्रमा आएर विवाद मिल्नुका कारणहरु दुबैले बताएपछि मेलमिलापकर्ताहरुलाई सजिलो भयो । सम्पूर्ण परिवारको इज्जतमा धक्का पर्ने गरी गाली बेईजती शब्द कहिल्यै नबोल्ने, हजुरबुबाको नाममा रहेको अंशबन्डा सम्पत्ति बराबर बाँडफाँड गर्ने विषयमा दुबै सहमत भएपछि अङ्गालो हाल्नुभयो । 'मुद्दामामला गरेको भए पनि आखिर हुने त्यही नै रहेछ'- विवादित मध्येका दुतलाल तामाङले भन्नुभयो-'बेकार झगडा गरेर समय र खर्च लाग्थ्यो नै हामी दाजुभाइबीच मनमुटाव हुँदा आपत परेको बेलामा समेत घरको दाजुभाइ छाडेर अन्यत्र सहयोगका लागि गुहार्न जानु पर्दथ्यो ।' 'मेलमिलाप केन्द्रले साँच्चै हामी दाजुभाइबीचको सम्वन्ध मात्रै सुधारेको छैन, भोलि हुने घटनालाई समेत रोकिदिएको छ'-अर्जुनले भन्नुभयो ।

काभ्रेपलाञ्चोक जिल्लामा सुरु भएको मेलमिलाप कार्यक्रमले समाजमा खल्बलिएका सम्वन्धलाई सुमधुर बनाउन महत्वपूर्ण भूमिका खेल्न थालेको छ। ७५ गाउँ विकास समिति र ५ वटा नगरपालिकामा तालिमप्राप्त मेलमिलापकर्ताहरुले सीप र विधिद्वारा कानुनमा नबाभिने खालका विवादहरु मिलाउन सुरु गरेपछि जिल्लाभर केन्द्रमा मिलापत्रका लागि निवेदन आउने क्रम सुरु भएको सामुदायिक मेलमिलाप कार्यक्रम जिल्ला संयोजक सरिता सापकोटाले बताउनुभयो ।

जिल्लाको सातवटा गाउँपालिका र ६ वटा नगरपालिकामा लगभग मेलमिलाप केन्द्र खुलिसकेको सापकोटाले बताउनुभयो । पाँचखाल नगरपालिकामा केन्द्र खुलेकै दिन नगरपालिकाले विवाद समाधानका लागि केन्द्रलाई हस्तान्तरण गरिएको थियो । हालसम्म १ सय भन्दा धेरै विवादहरु केन्द्रहरुबाट मिलापत्र भइसकेका छन् ।

# श्रीमतीको मन पनि फर्कियो, हराएको खुसी पनि भेटियो

सिन्धुली कपिलाकोटका सविता विकको श्रीमान्सँग विवाद भयो । लागुपदार्थ सेवन गरेको निहुँमा भएको विवाद छोडपत्र हुने स्थितिसम्म पुग्यो । सविता माइत गएर बस्नुभयो । उहाँले पटक-पटक श्रीमान्लाई सम्बन्धविच्छेद गर्न समेत भन्नुभयो । कहिले पनि लागुपदार्थ नखाने श्रीमान्ले गाउँमा लागेको मेलामा लागुपदार्थ सेवन गरेर आएपछि विवाद सुरु भएको हो । श्रीमान् पनि अब के गर्ने होला भन्ने चिन्तामा हुनुहुन्थ्यो । सवितालाई पनि छोडपत्र गर्न हुन्न छोराछोरीको बिजोग हुन्छ भनिरहेका थिए आफन्तहरुले ।

माइतीको आग्रहमा सविताले सामुदायिक मेलमिलाप केन्द्रमा निवेदन दिनुभयो । मेलमिलाप केन्द्रले उहाँहरुको विवाद मिलाइदियो । अहिले सम्वन्ध पहिला जुन अवस्थामा थियो, त्यही अवस्थामा फर्किएको छ । सामुदायिक मेलमिलाप केन्द्र नभएको भए प्रहरी चौकीसम्म जाने थियौं होला-सविताले भन्नुभयो । सविताका अनुसार 'प्रहरी चौकी तथा अदालत गएको भए खर्च कत्ति लाग्थ्यो, डिभोर्स नै हुन्थ्यो होला, छोराछोरीको विजोग हुन्थ्यो, अहिले सम्झदा अत्यास लाग्छ ।'

सामुदायिक मेलमिलाप केन्द्रले नयाँ जीवन दिएको छ । खुसी छु । श्रीमान्ले पनि हारेको महसुस गर्नु भएन, मैले पनि हारेको महसुस गरिन । 'जितजितको अवस्थामा विवाद मिल्यो' उहाँले भन्नुभयो । सविताका श्रीमान् पनि खुसी हुनुहुन्छ, मेलमिलाप केन्द्रले बनेको सम्बन्ध बिग्रिनबाट बचाईदिएकोमा र खर्च जोगाइदिएकोमा, अहिले उहाँहरु खुसीसाथ जीवन बिताइरहनु भएको छ ।

सिन्धुलीको रानीचुरीका जीवन विश्वकर्माको साँधमा रहेको ऐलानी जग्गा कसले उपभोग गर्नेभन्ने विषयमा छिमेकीसँग झगडा भयो । छिकमेकीले नै मेलमिलाप केन्द्रमा निवेदन दिए त्यसपछि मेलमिलाप केन्द्रमा विश्वकर्मालाई पनि बोलाइयो । विश्वकर्मालाई लागेको थियो, अब मैले हार्ने भएँ या छिमेकीले जित्ने भए । तर, विवाद मिलाउने क्रममा त्यसको उल्टो भयो । त्यहाँ कोही न्ययाधीश तथा वकिल थिएनन्, दुई जना मेलमिलापकर्ता थिए, न्यायाधीश तथा वकिल उनीहरु विवादित पक्ष दुई जना मात्र थिए । आफै न्यायाधीश तथा आफै वकिल भएर आफ्नो विवाद मिलाउन पाउँदै दुवै खुसी भए । दुवै जनाले जितजितको महसुस गरेर घर फर्किए । अहिले दुवैको सम्वन्ध सुमधुर छ ।

# खण्ड ख

# सामुदायिक मेलमिलाप केन्द्रले ल्याईदिएको खुसी



सिन्धुली वालाजोरका गणेश भुजेल र चन्द्रकुमारी बुढाथोकीको खरबारीमा घाँस काटिरहेको अवस्थामा भनाभन भयो । अगाडि नै दुवैका छोरासँगै बजार गएको बेला छोरा–छोराबीच भएको झगडाको निहुँमा भनाभन भएको हो । घाँस काटिरहनु भएकी चन्द्रकुमारीलाई गणेश भुजेलले नराम्रोसँग गालीगलौज गर्नुभयो ।

आफू चुप लागेर घाँस काटिरहेको अवस्थामा भुजेल आएर एक्कासी मन परी गाली गरेको बुढाथोकीको भनाइ छ । "म चुप लागेर आफ्नै खरपाखामा घाँस काटिरहेकी थिए" चन्द्रकुमारीले भन्नुभयो, "नजिक आएर छोरा–छोराबीच बजार जाँदा भएको झगडाको विषय निकालेर गालीगलौज गर्न थाल्नुभयो । वुढाथोकीले भन्नुभयो, "कम भइसकेको झगडा फेरि सुरु भयो । उहाँले मनपरी बोल्न थालेपछि म पनि चुप लागेर बस्न सकिन । तर उहाँ बढी नै बोल्नुभयो । आखिर राम्रोसँग भनेको भए पनि हुन्थ्यो नि ।"

झन्डै एक घण्टा उहाँहरुले गालीगलौजमा नै विताउनुभयो । आखिर ठूलो कुरा पनि हैन । छोराहरु झगडा गरे पनि मिलिसकेका थिए । तर, अभिभावकबीच झगडा निरन्तर जारी रह्यो । आफू चुप लागे पनि गणेशले पटकपटक निहुँ खोजेको बुढाथोकीको भनाइ छ ।

छिमेकी, मर्दा पर्दा सहयोग चाहिने । जुन बेला पनि सहयोगको आवश्यकता हुन्छ । यसरी झगडा भईरह्यो भने राम्रो हुँदैन भन्ने बुढाथोकीलाई लाग्यो । गालीगलौज सहेर केही दिन उहाँ बस्नुभयो । मिल्दा सबै कुरा ठिक हुँदो रहेछ, नमिल्दा सबै कुरा बेठिक हुँदो रहेछ भन्ने लाग्यो ।

छिमेकीले गाली गरेको सुनेर उनले छोरालाई कोही कसैसँग झगडा नगर्न आग्रह समेत गर्नुभयो । चन्द्रकुमारीका छोरा पनि अबदेखि झगडा नगर्न राजी भएपछि अब अभिभावकसँग भएको विवाद या छिमेकीसँग भएको झगडा कसरी मिलाउने भन्ने चिन्ता बुढाथोकीलाई हुन थाल्यो ।

छिमेकी रिसाउँदा मर्दा, पर्दा सहयोग माग्न पनि अप्ठ्यारो हुने उहाँको बुझाइ छ । छिमेकीसँग विग्रेको सम्वन्ध मिलाउने चाहाना भए पनि कसरी ? उहाँ हरेक दिन सोच्न थाल्नुभयो । विगतको छिमेकीसँगको राम्रो सम्वन्ध विग्रेको छ । अब फेरि त्यही अवस्थामा ल्याउनुछ बुढाथोकीलाई । छिमेकीले साथ नदिँदा नदिदै पनि उहाँले विवाद मिलाउने गतिलो माध्यम खोज्न थाल्नुभयो । प्रहरी चौकी जाँदा पनि मिलापत्र भए पनि सम्वन्ध राम्रो हुँदैन भन्ने लाग्यो उहाँलाई । अदालत जाँदा पनि तारेख धाउँदाको सास्ती हुन्छ, पैसा लाग्छ, जित, हारको अवस्था हुन्छ, सम्वन्ध सुध्रिदैन भन्ने लाग्यो र चौकी, अदालत पनि नजाने निर्णय गर्नुभयो ।

> ***"मैले खोजेको जस्तो ठाउँ पाए, अब विवाद पनि मिल्ने भयो, सम्वन्ध पनि नविग्रने भयो ।"मैले खोजेको जस्तो ठाउँ पाए,***

सम्वन्ध नविग्रने गरी विवाद मिलाइदिनेको खोजीमा रहेकी बुढाथोकीले रेडियो सुनेर जाँदा गाविसमा नै सामुदायिक मेलमिलाप केन्द्र भएको थाहा पाउनुभयो । सामुदायिक मेलमिलाप केन्द्रमा नै गएर यसको फाइदाको बारेमा बुझ्नुभयो र उहाँले त्यति नै खेर भन्नुभयो, ढुङ्गा खोज्दा देवता मिल्यो" लामो सास फेर्दै भन्नुभयो, "मैले खोजेको जस्तो ठाउँ पाएँ, अब विवाद पनि मिल्ने भयो, सम्वन्ध पनि नविग्रने भयो ।"

उहाँले सामुदायिक मेलमिलाप केन्द्रमा निवेदन पनि दिनुभयो । बुढाथोकीले निवेदन दिएपछि भुजेललाई पनि मेलमिलाप केन्द्रमा बोलाइयो । विवाद मिल्ने भएपछि बुढाथोकी निकै खुसी हुनुहुन्थ्यो तर भुजेललाई भने डर थियो, आफूले जितिने हो कि हारिने हो भन्नेमा । भुजेलको त्यो डर पनि थोरै समयमा नै खुसीमा परिणत भयो । सामुदायिक मेलमिलाप केन्द्रले विवाद मिलाउने प्रक्रियाको बारेमा जानकारी गराएपछि दुवै छिमेकिमा पनि खुसी छाएको थियो ।

उहाँहरुको विग्रेको सम्वन्ध फेरि जस्ताको तस्तै भयो । विवाद बेकारमा झगडा गरिएछ भन्ने भुजेललाई लाग्यो । केन्द्रले विवाद मिलाउन अपनाएका प्रक्रिया पनि भुजेललाई एकदमै चित्त बुझ्यो । न त बुढाथोकीले जितेर भुजेलले हार्नुभयो । न त भुजेलले जितेर बुढाथोकीले हार्नुभयो । उहाँहरुको दुवै जनाको जित भयो । दुवै जनाले जितको खुसीयाली पनि मनाउनुभयो ।

सामुदायिक मेलमिलाप केन्द्र त विवाद मिलाउने गतिलो माध्यम पो रहेछ गणेश भुजेलले हाँस्दै सुनाउनुभयो । “म त अब हाम्रो विवाद मिल्दैन, सम्वन्ध विग्रियो भन्ने लागेको थियो”, भुजेलले भन्नुभयो, “सामुदायिक मेलमिलाप केन्द्र त मलाई साह्रै मन पर्‍यो । यो त हाम्रा लागि निकै प्रभावकारी रहेछ । गाउँमा हामी जस्ता कत्ति छन् झगडा गर्ने । साना-साना निहुँमा पनि झगडा हुन्छ । झगडा भएपछि बोलचाल बन्द हुन्छ । छिमेकीले गर्नुपर्ने सहयोग हुँदैन, यस्तो भएपछि न त पैसा लाग्ने न तारेख धाउनुपर्ने झन्झट, न जित हार हुने । दुवैले जित्ने, सम्बन्ध पनि नविग्रने । विवाद मिलेपछि दुवैले जिते जस्तो, झगडा पनि नगरे जस्तो । सामुदायिक मेलमिलाप केन्द्रको सेवा निकै राम्रो रहेको छ ।”



बुढाथोकीकानुसार सामुदायिक मेलमिलाप केन्द्र परिवारको साथी जस्तै हो । परिवार भित्र नै झगडा भयो भने बुबाआमाले कराउनुहुन्छ अनि बेकारमा झगडा गरिएछ जस्तो हुन्छ, फेरि पहिलाको अवस्थामा पुगिहालिन्छ । सामुदायिक मेलमिलाप केन्द्र पनि यस्तै रहेछ । उहाँले सामुदायिक मेलमिलाप केन्द्रलाई धन्यवाद दिदै गाउँका सवै

लाई केन्द्रको प्रभावकारिताको बारेमा जानकारी गराउने गरेको अनुभव सुनाउनुभयो । झगडा गरेर सम्वन्ध विग्रेका अन्यलाई पनि केन्द्रको बारेमा जानकारी गराएर निवेदन दिन पढाउने गरेको उहाँको भनाइ छ। अहिले रेडियोबाट प्रसारण हुने कार्यक्रम सामुदायिक मेलमिलाप पनि सुन्न थालेको उहाँको भनाइ छ। यसले अझ जानकारी पाउन सफल भएको उहाँले जानकारी दिनुभयो ।

अहिले बुढाथोकी र भुजेलको सम्वन्ध पहिलाको जस्तै सुमधुर छ। उहाँहरु पहिला छिमेकमा बसेर जसरी सरसहयोग गरिरहनु भएको थियो, अहिले पनि त्यसरी नै काम गरिरहनु भएको छ। दुवै जना अहिले असल छिमेकीका रुपमा बसिरहनु भएको छ। साविकको बालाजोर गाविसका सामुदायिक मेलमिलाप केन्द्र संयोजक चण्डेस्वर प्रधानका अनुसार बालाजोर गाविसमा सञ्चालित सामुदायिक मेलमिलाप केन्द्रले २ वटा विवाद मिलाएको छ। अहिले गाविसमा सामुदायिक मेलमिलाप केन्द्रको प्रभावकारिता बढेको उहाँको भनाइ छ। गाविसमा सानो विवाद लिएर अड्डा, अदातल, प्रहरी चौकी धाउनुपर्ने र पैसा खर्च तथा दुःख पाउनुपर्ने दिन गएको विवादित पक्षहरुकै भनाइ छ।

> ***अझ सामुदायिक मेलमिलाप केन्द्रको बारेमा नबुझेकाहरुका लागि रेडियो मार्फत पनि निरन्तर प्रचारप्रसार गर्नु पर्नेमा स्थानीयले जोड दिएका छन्***

गाविसमा बुढाथोकी र भुजेल जस्ता धेरै नागरिक अहिले सामुदायिक मेलमिलाप केन्द्रप्रति सकारात्मक देखिएका छन्। सामुदायिक मेलमिलाप केन्द्र निरन्तर सञ्चालन हुनुपर्ने उनीहरुको भनाइ छ। अझ सामुदायिक मेलमिलाप केन्द्रको बारेमा नबुझेकाहरुका लागि रेडियो मार्फत पनि निरन्तर प्रचारप्रसार गर्नु पर्नेमा स्थानीयले जोड दिएका छन्। गाउँघरका धेरै मानिसहरुको घरमा रेडियो भएको र रेडियोबाट राम्रोसँग बुझ्न सकिने वालाजोर गाविस निवासीहरुको भनाइ छ।

- - -

# जग्गा विवादले बोली बन्द, मिलाउने काममा मेलमिलाप केन्द्र

• दुर्गा बस्नेत
हाम्रो रेडियो दोलखा

दोलखाको भिमेश्वर नगरपालिका ४ का मानबहादुर तामाङले घर बनाउँदा छिमेकी रमिला तामाङको थोरै जग्गा मिचिएको थियो । घरको जग हालीसकेपछि मात्रै मानबहादुरले त्यो कुरा थाहा पाउनुभयो । छिमेकीको जग्गा मिचिए पनि बन्न थालिसकेको घर भत्काउनु उहाँलाई व्यवहारिक लागेन । आफ्नो जग्गा मिचिएपछि रमिलाले मानबहादुरलाई जग्गा मिलाउन आग्रह गर्नु भएको थियो । तर घर बनाउने व्यस्ततामा मानबहादुरले जग्गा मिलाउने कुरा बिर्सनुभयो । त्यसपछि मानबहादुर र रमिलाको परिवारबीच विवाद सुरु भयो ।

विवाद र भनाभन पश्चात लामै समय बोलचाल बन्द हुन पुग्यो । कानुनी उपचारमा लाग्ने बारे रमिलाले सोच बनाइरहनु भएको थियो । त्यही सिलसिलमा उहाँ नगरपलिकाको कार्यालयसम्म पुग्नुभयो । उहाँले त्यहाँ सामुदायिक मेलमिलाप केन्द्र भिमेश्वर नगरपालिका संयोजक स्टालिन श्रेष्ठलाई भेट्नुभयो । रमिलालाई सामुदायिक मेलमिलाप केन्द्रको बारेमा थाहा भयो । मेलमिलाप केन्द्र मार्फत विवाद मिल्ने चाल पाएपछि रमिला घर फर्कनुभयो । केहि दिन पश्चात श्रेष्ठकै पहलमा दुवैजना मेलमिलाप केन्द्र आउनुभयो । दुवैको जित हुने गरी छलफल भयो । दुवै पक्षले आ-आफ्नो गल्ती स्वीकार्नुभयो र मेलमिलापको लागि तयार हुनुभयो ।

> *छर छिमेकमा सरसघाउ र अैंचो पैंचो बन्द भएको थियो । तर मेलमिलाप केन्द्रले विवाद मिलाएपछि दुवै छिमेकी अहिले खुशी छन्*

जग्गा विवादका कारण बोलचालसम्म बन्द भएका छिमेकी हाँस्दै, गफिँदै घर फर्किए । छर-छिमेकमा सरसघाउ र अैंचो, पैंचो बन्द भएको थियो । मेलमिलाप केन्द्रले विवाद मिलाएपछि दुवै छिमेकी अहिले खुशी छन् । दुवैले एक-अर्कालाई परेको बेलामा सहयोग गर्ने गरेका छन् । झगडाले फाइदा गर्दैन भन्ने दुवै पक्षलाई ज्ञान भएको छ । जुन कुरा रमिला र मानबहादुर दुवैले स्वीकार्नु भएको छ । त्यति मात्रै होइन, उहाँहरुले सामुदायिक मेलमिलाप केन्द्रको महत्व पनि बुझ्नु भएको छ ।

# ११ वर्षसम्म बन्द भएको मुख खुल्यो मेलमिलापले





भिमेश्वर ग्वालटारका दिलबहादुर कार्की र झम्ककुमारी विक छिमेकी हुनुहुन्छ । पर्दादेखि मर्दासम्म एकअर्कालाई सहयोग गर्दै आएका उउहाँहरुबीच २०६२ सालदेखि भने बोलचाल बन्द भयो । कारण थियो 'पसलको सामान लगेको पैसा नदिएको निहुँ' कार्कीको पसलबाट झम्ककुमारीले सामान लिएको र पैसा नतिरेको निहुँमा उहाँहरुको बोलचाल बन्द भयो ।

११ वर्षसम्म एकअर्कालाई दोष लगाएर बसिरहे । सम्वन्ध हिजोआज गर्दै एकअर्काको देखादेखसम्म पनि नहुने स्थिति भयो । 'कार्की सामान लगेको पैसा तिर्नुपर्छ भन्ने अनि विक बढी लेखेको छ, तिर्दिन भन्ने' यही विवादले ११ वर्षसम्म मुख बन्द भयो ।

आफू अड्डा, अदालत जाने धम्की समेत विकलाई कार्कीले दिनुभयो । विकलाई डर पनि लाग्यो । 'अड्डा अदालत धाउँदा अब कति खर्च लाग्ने हो ?' भन्दै आफू आत्तिएको विकलाई अहिले पनि सम्झना छ । सामान लिएको भन्दा बढी पैसा खातामा लेखेको भनेर विकले सामानको पैसा नतिर्नु भएको हो । कार्कीले पैसा नउठ्ने भयो भनेर हार खाइसक्नु भएको थियो भने बढी नलेखेको भए पैसा तिर्थें भन्ने विकलाई थियो ।

दिनहुँ विवादमा रहेका कार्कीले सामुदायिक रेडियोबाट ग्वाल्टारमा मेलमिलाप केन्द्र स्थापना भएको थाहा पाउनुभयो । उहाँले सामुदायिक मेलमिलाप केन्द्रमा निवेदन दिनुभयो । पहिला त उहाँलाई हारिने हो की भन्ने डर थियो । विकको मनमा हार जितको डरले डेरा जमाएकै थियो । 'गाउँमा आफ्नो गुनासो राखेर उजुरी दिइयो अब

त्यसको सुनुवाइ कसरी हुने हो, हारियो भने के गर्ने ?' पटकपटक पारिवारिक छलफल भएको कार्की अहिले पनि सम्झनु हुन्छ ।

कार्कीले निवेदन दिएपछि विकलाई मेलमिलापकर्ताले सामुदायिक मेलमिलाप केन्द्रमा बोलाए । उहाँ जानुभयो र विवाद मिलाउने प्रक्रिया सुरु भयो । विवाद मिलाउने तरिकाका विषयमा दुवै जना पहिला अनभिज्ञ हुनुहुन्थ्यो । जब मेलमिलापककर्ताले विवाद मिलाउने प्रक्रियाको बारेमा जानकारी गराए, तब मनको डर पनि हट्यो-दुवै जनाको मुहारमा खुसी पनि देखियो ।

दुवैको चित्त बुझ्ने गरी विवाद मिल्यो । ११ वर्षसम्म भएको झगडा मिलाउन एक घण्टा पनि लागेन । 'यही विवाद लिएर अड्डा, अदालत पुगेको भए लिने भन्दा चौब्बर पैसा सकिने थियो', कार्कीले भन्नुभयो, 'न त एक रुपैंया पैसा खर्च भयो, न त हारेको महसुस नै भयो, उहाँ पनि मैले जितेँ भनेर खुसी हुनुभयो, म पनि मैले जिते भनेर खुसी भएँ ।' दुवैको जितजित हुने गरी विवाद मिलाउने मेलमिलाप केन्द्र राम्रो भएको उहाँको भनाइ छ । कार्की अहिले मेलमिलाप केन्द्रप्रति सन्तुष्ट हुनुहुन्छ । अहिले अरुलाई पनि सामुदायिक मेलमिलाप केन्द्रमा नै जान आग्रह उहाँ गर्नुहुन्छ ।

*...एक पक्षले जित्ने र अर्को पक्षले हार्ने हुन्थ्यो, सम्वन्ध पनि बिग्रिन्थ्यो, अहिले हारेको महसुस छैन् । सम्बन्ध पनि पहिलाको जस्तै भएको छ ।*

विक पनि आफ्नो विवाद मिलाएको प्रति सन्तुष्ट हुनु भएको छ । जीत हुने गरी विवाद मिलाएकोमा सामुदायिक मेलमिलाप केन्द्र राम्रो लागेको उहाँले बताउनुभयो । 'अड्डाअदालत धाउँदा पैसा लाग्थ्यो, हामी जस्तालाई गाह्रो हुन्थ्यो', उहाँले भन्नुभयो, 'एक पक्षले जित्ने र अर्को पक्षले हार्ने हुन्थ्यो, सम्वन्ध पनि बिग्रिन्थ्यो, अहिले हारेको महसुस छैन । सम्वन्ध पनि पहिलाको जस्तै भएको छ । मेलमिलाप केन्द्रलाई धन्यवाद भन्छु ।' अहिले कार्की र विक पहिलाको जस्तै एकअर्कालाई परेको बेला सहयोग गर्ने हुनु भएको छ । ११ वर्षदेखिको बिग्रिएको सम्वन्ध पनि पहिलाको अवस्था भन्दा झन राम्रो भएको छ ।

# रेडियो कार्यक्रम सुनेको भरमा विवाद मिल्यो



सिन्धुली डुडभन्ज्याङ सल्लेडाँडाका ज्ञानप्रसाद पहाडी र चन्द्र खत्री पौडेलको सम्वन्ध देख्दा गाउँका सवैलाई डाहा लाग्थ्यो । पहाडीको घरमा पाकेको खाना पौडेलको भान्सामा पुग्थ्यो । पौडेलको घरमा पाकेको खाना पहाडीले खानुहुन्थ्यो । कतै जाँदा पनि सधैँ सँगै हिड्ने उहाँहरुको अहिलेसम्म झगडा भएको थिएन । उहाँहरु आफन्त भए पनि साथी जस्तै व्यवहार एकअर्कालाई गर्नुहुन्थ्यो ।

पहाडी र पौडेलबीच २०७३ जेठमा बच्चाको निहुँमा झगडा भयो । बच्चाले पाखामा आगो ललगाएको विषयलाई लिएर उहाँहरुको लामो समयदेखिको सुमधुर सम्वन्ध तोडियो । बच्चाबच्चाबीचको कुरालाई लिएर अभिभाववीच भएको झगडाले दुवैलाई पिरोल्न थाल्यो । कहिले ठूलो स्वर समेत नगरेका पहाडी र पौडेलको झगडाले भने ठूलो रुप लियो । भनाभन मात्र हैन कुटाकुटको अवस्था नै सिर्जना भएको थियो ।

झगडाले ठूलो रुप लिएपछि दुबै जना झन चिन्तामा पर्नुभयो । दुईतीन दिनसम्म भनाभन भयो । एक दिन त साँझपख पनि झगडा पऱ्यो । शनिबारको दिन साँझ भएको झगडाले गर्दा पहाडीले बेलुका न त खाना खान सक्नुभयो न त निदाउन नै । रातभर निदाउन नसकेका पहाडीले बिहान उठेर रेडियो सुन्न थाल्नुभयो । बिहान ४ बजेदेखि रेडियो सुन्नुभएका उहाँलाई बसेको ठाउँबाट उठ्न मन लागेन ।

रेडियो सिन्धुलीगढी सुनिरहनु भएका उहाँले विहानको सात बजेपछि सामुदायिक मेलमिलाप कार्यक्रमको बारेको जानकारी सुन्नुभयो । उहाँ झसङ्ग हुनुभयो । के रहेछ सामुदायिक मेलमिलाप केन्द्र ? उहाँलाई जिज्ञासा लाग्यो । त्यहाँ विवाद मिल्छ भने जानुपर्‍यो भनेर निरन्तर रेडियो सुनिरहनुभयो । उहाँलाई थाहा थिएन, रेडियोमा मेलमिलापको बारेमा कार्यक्रम आउँछ भन्ने । उहाँले त्यतिवेला नै थाहा पाउनुभयो । बिहान सवा सात बजे आउने बीबीसी नेपाली सेवाको समाचार पनि सुन्नुहुन्थ्यो, अनि रेडियो बन्द गरिदिनुहुन्थ्यो र काममा जानुहुन्थ्यो । त्यो दिन भने उहाँले रेडियो बन्द गर्नुभएन । सामुदायिक मेलमिलाप कार्यक्रमको पर्खाइमा बस्नुभयो ।

कहिले साढे सात बज्ला र कार्यक्रम सुनौँला भनेर बस्नुभएका उहाँले खुब चनाखो भएर कार्यक्रम सुन्न थाल्नुभयो । सामुदायिक मेलमिलापको फाइदा र विवाद मिलेका व्यक्तिहरुको आवाज पनि सुनेपछि उहाँमा दिनरातको चिन्ताको अन्त्य भयो । सामुदायिक मेलमिलाप केन्द्र गाविसको कुन ठाउँमा छ खोज्न थाल्नुभयो । सामुदायिक मेलमिलाप केन्द्र पत्ता लगाएर निवेदन पनि दिनुभयो ।



पहिला आफूहरुको कुनै विवाद नभएको पहाडीले बताउनुभयो । “हाम्रो सम्वन्ध राम्रो थियो” उहाले भन्नुभयो, “एक्कासी नसोचेको झगडा भयो । बच्चाको निहुँमा झगडा भयो । बच्चाले गरेको निहुँमा भएको झगडाले दिन रात पिरोल्न थाल्यो ।” अब कसरी पहिलाको जस्तै सम्वन्ध बनाउने भनेर आफूलाई चिन्ता लागेको उहाँको भनाई छ । “आफन्त, छिमेकी, साथी हामी सवै भएकाले गर्दा पनि मलाई सम्वन्ध विगार्नु हुन्न भन्ने लागेको थियो” पहाडीले भन्नुभयो, “झगडा भएपछि भोक पनि लाग्न छाड्यो, निन्द्रा पनि लाग्न छाड्यो । अब कसरी मिल्ने भन्ने सोच मात्रै आएको थियो ।

ढुङ्गा खोज्दा देवता मिले जस्तो भयो रेडियो कार्यक्रम सामुदायिक मेलमिलाप सुन्न पाउँदा । कार्यक्रमको सुरुदेखि अन्त्यसम्म सुनें । राम्रो लाग्यो । अझ राम्रो त सम्वन्ध पहिलाको जस्तै हुन्छ भनेपछि झन् उत्साहित भएँ । विवाद मिलेका व्यक्तिहरुका आवाज सुन्दा झनै खुसी लाग्यो । अब हाम्रो सम्वन्ध पनि पहिलाकोजस्तै हुन्छ भन्ने मा आफू पनि विश्वस्त भएँ ।"

कार्यक्रम सुनेको र आफ्नो मिलेको विवादको बारेमा सुनाउँदै जाँदा उहाँको अनुहारमा खुसीको चमक देखिन्थ्यो । पहाडीले मुसुमुसु हाँस्दै आफ्नो कुरालाई अगाडि बढाउनुभयो, "रेडियोमा कार्यक्रम सुनिसक्नेवित्तिकै गाविसको मेलमिलाप केन्द्र खोज्न थालें । त्यही दिन सामुदायिक मेलमिलाप केन्द्रमा निवेदन पनि दिएँ । त्यो दिन रेडियो नसुनेको भए, सायद हाम्रो विवाद अझैसम्म जस्ताको तस्तै हुन्थ्यो होला । बोलचाल पनि हुँदैन थियो । कार्यक्रमले हाम्रो जीवनलाई फेरि नयाँ रुप दिएको छ । विग्रेको सम्वन्धलाई मिलाउन सहयोग गरेको छ । पहिलाको सम्वन्ध जस्ताको तस्तै बनाइदिएको छ । अबदेखि त म निरन्तर रेडियो सुन्छु । पहिला त कम नै सुन्थेँ । अब त जतिखेर पनि घरमा रेडियो बजेकै हुन्छ । रेडियो कार्यक्रम सामुदायिक मेलमिलाप सञ्चालन गर्ने रेडियो सिन्धुलीगढीलाई धेरैधेरै धन्यवाद दिन चाहन्छु, साथै सहयोगी अन्य सञ्चार माध्यम र संस्थाहरुलाई पनि । रेडियोले मेलमिलापको बारेमा जानकारी नदिएको भए मेलमिलाप केन्द्र गाविसमा नखुलेको भए हाम्रो विवाद मिल्ने थिएन । मुद्दामामिलामा जाँदा पनि धेरै खर्च लाग्थ्यो ।"

> *"...सामुदायिक मेलमिलाप केन्द्रमा न त पैसा लाग्ने, न त तारेख धाउँनु पर्ने । दुवैले जितको महसुस गर्न सकिने । सम्वन्ध पहिलाको जस्तै हुने*

विना पैसा विवाद मिलेको र सम्वन्ध पनि पहिलाको तस्तै भएकोमा अहिले पहाडीको खुसीको सीमा नै छैन । रेडियोलाई र सामुदायिक मेलमिलाप केन्द्रलाई कहिले विर्सन नसक्ने उहाँले बताउनुभयो । सामुदायिक मेलमिलाप केन्द्रले मिलाउने विवाद प्रक्रियाको बारेमा उहाँ निकै खुसी हुनुहुन्छ । "पहिला गाउँका पन्चायतले विवाद मिलाउँदा पनि पैसा लाग्थ्यो, तर सम्वन्ध राम्रो हुँदैन थियो", उहाँले भन्नुभयो, "अदालतमा जाँदा झन् खर्च लाग्थ्यो । तारेख धाउँदाको सास्ती हुन्थ्यो । पैसा पनि सकिन्थ्यो । सम्वन्ध पनि राम्रो हुँदैन थियो । एउटाको जित र अर्कोको हार हुन्थ्यो । सामुदायिक मेलमिलाप केन्द्रमा न त पैसा लाग्ने, न त तारेख धाउँनुपर्ने । दुवैले जितको महसुस गर्न सकिने । सम्वन्ध पहिलाको जस्तै हुने । यस्तो प्रभावकारी सामुदायिक मेलमिलाप कार्यक्रम रेडियोले निरन्तर सञ्चालन गर्नुपर्छ । म जस्तै नजान्ने, थाहा नभएकाले कार्यक्रम मार्फत थाहा पाउनेछन् भन्ने विश्वास छ ।"

अहिले पहाडी गाउँका अन्यलाई पनि पहिला त विवाद नगर्न र विवाद भैहाले सामुदायिक मेलमिलाप केन्द्रमा जान आग्रह गर्नुहुन्छ। सामुदायिक मेलमिलाप केन्द्रको बारेमा जानकारी लिन रेडियोवाट आउने सामुदायिक मेलमिलाप कार्यक्रम सुन्न अनुरोध पनि गर्ने गरेको उहाँले बताउनुभयो।

चन्द्र खत्री पौडेललाई पनि सामुदायिक मेलमिलाप केन्द्र निकै प्रभावकारी भएको लागेको छ। विवाद मिलेकोमा उहाँ पनि निकै खुसी हुनुहुन्छ। "छोटो समयमा जितजित हुने गरी विवाद मिल्यो, मनमा खुसी छायो", उहाले भन्नुभयो, "अदालत तिर गएको भए न त जितजितको अवस्था हुन्थ्यो, न त सम्वन्ध पहिलाको जस्तो हुन्थ्यो। रेडियो कार्यक्रम सुनेर हामी जस्ता विना सर्त न्याय र सम्वन्धलाई पुनर्ताजगी बनाउने विधि खोजिरहेकाहरुका लागि रेडियो कार्यक्रम सामुदायिक मेलमिलापले सहयोग पुऱ्याएको छ।" सिन्धुलीमा दी एशिया फाउन्डेशनको सहयोगमा माण्डवी रौतहटले सिन्धुलीका दुई नगरपालिका सहित ३९ वटा गाविसमा सामुदायिक मेलमिलाप केन्द्र सञ्चालन गरेको छ।

# मेलमिलाप केन्द्रमाथिको विश्वास बढ्दो



• **पुष्कर महत**

रेडियो शैलुङ, दोलखा

दोलखाको साविक च्यामा गाविस वडा नम्बर ९ का हितबहादुर फुँयाल, र सोही ठाउँका मोहनबहादुर कार्की एकअर्काका छिमेकी । वन उपभोक्ता समितिले सबै भूकम्प पीडितहरुलाई घर बनाउनका लागि १/१ वटा रुख वितरण गरेको थियो । फुयाँल वन उपभोक्ता समितिको अध्यक्ष रहनुभएको र कार्कीले एउटा रुख प्राप्त गरिसकेपछि पनि पुनः अर्को रुख पाउनुपर्ने भन्दै फुँयाललाई पटक-पटक आग्रह गर्नुभयो। एकदिन, आग्रह विवादमा परिणत भयो। कार्कीले मादक पदार्थ सेवन गरेर फुँयाललाई अनावश्यक गाली,गलौज गरेपछि विवादले उग्र रुप लिएको थियो ।

फुँयाल झैझगडा गर्ने स्वभावको हुनुहुन्न। हुन त कार्कीको पनि त्यस्तो स्वभाव थिएन। तर परिस्थितिले त्यस्तै बनाएको कार्की बताउनुहुन्छ। फुँयालले सम्झाउँदा पनि कार्कीले नमानेपछि फुँयालले प्रहरीमा जाने सोच बनाउनुभयो। तर त्यसअघि एक पटक उहाँ मेलमिलाप केन्द्र पुग्नुभयो। मेलमिलाप केन्द्रमा पुग्दा त्यहाँ भेटिएका मेलमिलापकर्तालाई आफ्नो कुरा सुनाएपछि मेलमिलापकर्ताहरुले विवाद मिलाउन सकिने बताए। मेलमिलापकर्ताहरुले दुवै पक्षलाई राखेर कुराकानी गर्दा गल्ती स्वीकार गरेपछि अहिले मिलापत्र गरिएको छ।

विवादले झगडाको रुप लिएपछि मेलमिलापकर्ताहरुसँग बसेर छलफल भयो र दुवैले आफ्ना कुराहरु राखेपछि मेलमिलापकर्ताहरुको सहयोगमा समस्या समाधान भएको र आफूहरु एकआपसमा मिलेको कार्की बताउनुहुन्छ। साविकको च्यामा गाविसमा १४ वटा भन्दा बढी विवाद गाउँमै मिलाउन सफल भएको संयोजक सविता घिमिरे को भनाइ छ। गाउँमा नै विवाद् मिल्न थालेपछि स्थानीयलाई सहज त भएको छ नै मेलमिलाप केन्द्रमाथिको विश्वास पनि बढिरहेको छ। अनि सुरुमा यस्ता विवाद मिलाउन गाह्रो भए पनि अहिले सजिलो भएको घिमिरे बताउनुहुन्छ।

# छिमेकीको विवाद सुल्झायो सामुदायिक मेलमिलाप केन्द्रले





• **कपिलदेव खनाल**
रेडिया त्रिशुली, नुवाकोट

नुवाकोट गोर्स्याङ वडा नम्बर ६ का केशवप्रसाद खनाल र छिमेकी अर्जुनप्रसाद खनालबीच सामान्य विषयमा विवाद भयो । दुबैको खेत सँगसँगै थियो । सीमानाको रुख काटेको विषयमा उहाँहरुबीच विवाद भयो । विवाद बढ्दै गयो । केशवप्रसादले छिमेकी अर्जुनप्रसादले आफ्नो जग्गाको साल लगायतका रुख काटेर लगेको आरोप लगाउनुभयो । यही विवाद बढ्दै गएर उहाँहरुबीच हातै हालाहाल सम्मको स्थिति आयो । उहाँहरुबीच बोलचाल पनि बन्द भयो । अर्जुनप्रसादले केशवप्रसादको आरोप मान्न तयार हुनुभएन ।

वर्षौंदेखिको छिमेकीको सम्बन्ध यही विवादले बिगार्‍यो । अरु छिमेकीले पनि उहाँहरुको विवाद मिलाउन कोशिस गरे । तर सम्भव भएन । अन्ततः उहाँहरु विवाद मिलाउन सामुदायिक मेलमिलाप केन्द्रमा पुग्नुभयो । मेलमिलाप केन्द्रमा पुगेर पनि सुरुमा उहाँहरुले झगडा नै गर्नुभयो । केशवप्रसादले अर्जुनप्रसादले आफ्नो जग्गाको साल काटेर लगेको आरोप लगाउनुभयो । तर, अर्जुनप्रसादले भने त्यो साल आफ्नो बाबुबाजेले रोपेको दाबी गर्न छोड्नु भएन । एकअर्काले आआफ्ना कुरा भन्न थाल्नुभयो । आफ्नो सबै कुरा भनेर सकिएपछि विस्तारै उहाँहरु शान्त हुन थाल्नुभयो ।

कुरा गर्दै जाँदा उहाँहरु दुबैले आफ्नो जग्गाको स्पष्ट सीमाना यहि हो भन्न सक्नुभएन । मेलमिलापकर्ताले अब दुबै मिलेर पहिले आफ्नो जग्गाको सीमाना छुट्याउने सहमति दुबै पक्षकाबीचमा गरिदिए । रुख कटानको विवाद पनि मिल्यो । सामान्य एउटा, दुईटा रुख काटेको निहुँमा बिग्रिएको छिमेकीबीचको सम्बन्ध मेलमिलाप केन्द्रले सपार्‍यो । कुरा मिलेपछि उहाँहरु दुबैले एकै स्वरमा भन्नुहुन्छ -सामान्य विवादमा झगडा गरिएछ । मेलमिलाप केन्द्रले सम्बन्ध सुधार गरिदियो ।

> *...सामान्य एउटा, दुईटा रुख काटेको निहुँमा बिग्रिएको छिमेकीबीचको सम्बन्ध मेलमिलाप केन्द्रले सपार्‍यो ।*

विवाद समाधानपछि अहिले दुवै जना खुसी हुनुहुन्छ । सामान्य तर ठूलो विवाद निम्तिएको जस्तो लाग्ने यस्ता खालका समस्या मेलमिलाप केन्द्रले मिलाउने बताउनुहुन्छ, प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नुवाकोटका जिल्ला प्रशिक्षक इन्द्रबहादुर मिजार । यसरी मिलेको दुई जनाको यो विवाद पछि हामी भन्न सक्छौं,-घरपरिवार, समुदाय, अल्लो-पल्लो छिमेकीसँग कहिले काहीँ ठाकठुक पर्छ, वादविवाद हुन्छ त्यसैकारण बोलचाल बन्द हुन पुग्छ । यस्ता घटना कहिलेकाहीँ भइ रहन्छ । तर त्यस्ता विवादलाई सम्वाद मार्फत समाधान गर्नुपर्छ ।

# सुनको कारण निम्तिएको विवाद मेलमिलाप केन्द्रले मिलायो



कहिलेकाहीँ सामान्य र अपत्यारिलो विषयमा पनि विवाद हुन्छ। सामान्य विवादले ठूलो रुप लिदै जान्छ। समुदायमा असाध्यै मिल्तिमा रहेको नुवाकोट तारुकाको छिमेकीबीच पनि सामान्य विवाद भयो। तर विवादले ठूलो रुप लियो।

नुवाकोटको तारुकाका हिरादेवी प्रधान र राज विकका परिवारबीच राम्रो मिल्ति थियो। उहाँहरु असल छिमेकीका रुपमा बस्दै आएको भए पनि हिरादेवीको सुन सफा गर्ने क्रममा दुई जनाको बीचमा विवाद भयो। हिरादेवीले आफ्नो सुनको औँठी सफा गर्नका लागि राजलाई दिनुभएको थियो। हिरादेवीले औठीँ सफा गर्न दिएको १ घण्टामा नै राजले उहाँको औठीँ सफा गरेर फर्काउनुभयो। औँठी सफाइको कारोबार सकिए पनि विवाद भने त्यहीँबाट सुरु भयो। राजले हिरादेवीलाई फर्काएको औठीँमा सुनको परिमाण कम भएको भन्दै विवाद भयो।

हिरादेवीले आफ्नो सुन राजले केही काटेर लुकाएको आरोप लगाउनुभयो। राजले आफूले त्यसो गर्नै नसक्ने बताउनुभयो। दुई पक्षकाबीचमा विवाद सुरु भयो। तत्काल जम्मा भएका स्थानीयहरुले विवाद समाधानका लागि सबैकाअघि सुन जोख्ने काम पनि गरे। सुन जोख्दा सुन बरोवरी नै पाइयो। छर, छिमेकीले हिरादेवीलाई सम्झाइबुझाइ गरे। तर हिरादेवीलाई त्यो कुराको पत्यार लागेन। उहा प्रहरी चौकीमा उजुरी गर्न जानुभयो।

प्रहरीले यो उजुरी आफूले भन्दा पनि मेलमिलाप केन्द्रले राम्रोसँग हेर्न सक्ने जानकारी हिरादेवीलाई गरायो। प्रहरीकै सल्लाहमा हिरादेवी प्रधानले तारुका सामुदायिक मेलमिलाप केन्द्रमा उजुरी हाल्नुभयो। प्रधानले राजले आफ्नो सुन चोरेको आरोप लगाउदै निवेदन हाल्नुभएको थियो। मेलमिलापकर्ताको अगुवाइमा दुबै पक्षबीच सघन छलफल भयो।

राज विकले पनि आफ्नो कुरा राख्नुभयो। आफूले सुनको औठीँ सफा र सोफ्रो मात्रै गरेको उहाँले दाबी गर्नुभयो। आफूले सफा गरेपछि १ घण्टा भित्रमा नै फिर्ता गरेको दावी विकले गर्नुभयो। दुबै पक्षका कुराकानी सुन्दै गएपछि मेलमिलापकर्ताले दुबैलाई सम्झाउने कोशिस गरे। हिरादेवीको सुन जोख्दा नघटेकाले हिरा देवीलाई भ्रम मात्रै पर्न गएको निचोड निस्कियो। यही कुरा छर, छिमेकी र गाँउलेले भन्दा नमान्नुभएका हिरादेवीले मेलमिलापकर्ताले राम्रोसँग भनेपछि मान्नुभयो। मेलमिलापकर्ताको विश्वास गर्नुभयो। तीन घण्टा लामो छलफलपछि उहाँहरुबीचमा सहमति भयो। मेलमिलापकर्ता को संयो जनमा उहाँहरुबीचको विवाद मिल्यो। ' अहिले हाम्रो सम्वन्ध राम्रो छ, हिरादेवी भन्नुहुन्छ सामान्य कुरामा शङ्का गरिएछ, सामुदायिक मेलमिलाप केन्द्रका कारण मलाई सहज भयो।' सँगै रहेर सर-सहयोग, अर्मपर्म गरेर मिलेर बस्ने, एकले-अर्कालाइ, अर्काको हल्लाको भरमा शङ्का नगर्ने, एकअर्काको कुरा अन्त कतै बाहिर नगर्ने सहमति उहाँहरुबीच भयो। एकले-अर्कालाई सकारात्मक दृष्टिकोणको व्यवहार गर्ने, पहिलाको जस्तै राम्रो सम्वन्ध कायम गर्ने सहमतिपछि अहिले उहाँहरुको सम्बन्ध पहिलेको जस्ते सुमधुर छ। 'हामी त पहिलाको भन्दा पनि राम्रो मिल्तिको साथमा बसेका छौं, उहाँले आफूलाई लागेको शङ्का भन्नुभयो, मैले त्यस्तो नगरेको प्रमाणित भयो। हामी मिल्यौं, यसमा सामुदायिक मेलमिलाप केन्द्रले सहयोग गऱ्यो।' राज विक भन्नुहुन्छ।

> *एकले अर्कालाई सकारात्मक दृष्टिकोणको व्यवहार गर्ने, पहिलाको जस्तै राम्रो सम्वन्ध कायम गर्ने सहमति पछि अहिले उहाँहरुको सम्बन्ध पहिलेको जस्तो सुमधुर छ*

# अहिले मन पनि मिल्यो, तन पनि मिल्यो




काभ्रेको भुम्लुटार गाविस वडा नम्वर ९ बस्ने नातामा हजुरबुबा र नातीको सम्वन्ध रहेको जगन्नाथ उप्रेती र सन्जेश उप्रेतीबीचको सम्वन्ध विगतमा निकै राम्रो थियो । तर, सामान्य विवादमा एक दिन उहाँहरुबीच अचानक झगडा भयो । सम्वन्ध विग्रनुको कारण थियो जगन्नाथको बारीमा फलेको फलफूल ।

१८ वर्षिया नाती सन्जेशले हजुरबुबा जगन्नाथको जग्गामा गएर फलफूल चोरेर खाएपछि सुरु भएको विवादले उग्र रुप लियो । विवाद बढ्दै गएपछि हजुरबुबा नातीले चोरेको फलफूलको क्षतिपूर्तिका लागि प्रहरी, प्रशासनमा जाने कुरामा अड्डी कस्नुभयो । स्थानीयहरुको रोहबरमा छलफल सुरु भयो । तर, त्यहाँ पनि मेलमिलाप हुन सकेन । विवाद मिलाउन भएको छलफलकै क्रममा गाउँ र परिवारका केही व्यक्तिहरुले रेडियो कार्यक्रममार्फत सामूदायिक मेलमिलाप केन्द्र आफ्नै गाउँमा खुलेको जानकारी पाएको बताए । 'घरको विवादलाई अड्डा, अदालत र प्रशासनसमक्ष लगेर किन हाँसोको विषय बनाउनु' स्थानीय एक अगुवाले तर्क गरे 'गाउँमा मेलमिलाप केन्द्र खुलेको छ त्यहीँ गएर छलफल गरौँ, विवादको समाधान हुन्छ । '

हजुरबुबा जगन्नाथले मेलमिलाप केन्द्रमा क्षतिपूर्ति भराउन र उक्त अवधिमा भएका दुबै पक्षका गालीगलौजका बारेमा छलफल गर्नेगरी निवेदन दर्ता गराउनुभयो । निवेदन दर्ता भएसँगै विवादित पक्षहरुले आफूलाई मनपर्ने मेलमिलापकर्ताहरुसँग

बसेर छलफल गरे । ३ घण्टाको छलफलपछि सहमतिमा पुगेको थियो । मेलमिलाप केन्द्रमा मेलमिलापकर्ताको फोटो राखिएको हुन्छ त्यो हेरेर छान्न पाउने सुविधा छ ।

'नाती जस्तो मान्छेले मागेको भए म आफै फलफूल टिपेर दिन्थेँ तर चोरेर खाएकाले कानुन अनुसार कारवाही हुनुपर्छ' जगन्नाथले अडान यस्तो लिनुभयो, आज मेरो चोरी गऱ्यो भोलि अर्कोको चोरी गर्दा के होला ? '

आरोपि नाती सन्जेशले पनि आफूले चोरी गरेर खाएको स्वीकार गर्नुभयो । 'हजुरबुबाको बारीमा फलफूल चोरेर खाएको हुँ' छलफलका क्रममा उहाँले भन्नुभयो, 'फलफूल बोटभरी लटरम्म हुँदा पनि उहाँले कहिल्यै नदिएकाले चोरेर खानु परेको हो ।' आफूलाई पटकपटक चोर चोर भनेकाले रिसले अपशब्द बोलेको उहाँको भनाइ थियो । दुवैको कुरा सुनेपछि मेलमिलापकर्ताले नियम अनुसार छलफल गरेको केही घण्टामै उहाँहरुबीच एकआपसमा कसैले कसैलाई गाली बेईज्जती हुने गरी कुनै शब्दहरु प्रयोग नगर्ने, एकआपसमा मिलेर बस्ने सहमति भयो ।

*एकले हिले उनीहरुबीचको सम्वन्धमा सुधार आएको छ । दुबै पक्षबीच बोलचाल पनि पहिलेकै अवस्थामा हुने गरेको छ*

विवाद समाधान हुनुअघि दुबै पक्ष एक-आपसमा नबोल्ने, देखादेख भयो कि गाली गलौज गर्ने बानी जस्तै बनेको थियो । अहिले उहाहरुबीचको सम्वन्धमा सुधार आएको छ । दुबै पक्षबीच बोलचाल पनि पहिलेकै अवस्थामा हुने गरेको छ । विवाद मिल्न नसकेको भए हामीले निकै दुःख अप्ठ्यारो भोग्नु पर्थ्यो होला अहिले विवाद मिलेपछि हामी खुसी भएका छौं, हजुरबुवा सन्जेलले भन्नुभयो । प्रहरी प्रशासनसम्म पुग्दा इखले झगडा त मिल्थ्यो होला मन मिल्न सक्दैनथ्यो, खुसी हुँदै उहाँले भन्नुभयो, 'अहिले मन पनि मिल्यो तन पनि मिल्यो । ' उहाँहरुको विवाद २०७३ असार १० गते सुरु भएको थियो भने असार १६ गते मेलमिलाप केन्द्रमा दर्ताभइ असार १८ गते सहमति भएको थियो । मेलमिलापकर्ता जलवहादुर श्रेष्ठले विवाद समाधानका लागि सहजिकरण गर्नुभएको थियो ।

# विश्वासको ठूलो आधार बन्यो



सिन्धुली भुवनेश्वरी ग्वाल्टारका झम्ककुमारी विकलाई अब त छिमेकीसँग बोल्न पाए हुन्थ्यो भन्ने खसखस लागि रहन्थ्यो । तर झगडा भएका छिमेकीसँग बोल्न आँट पनि आएको थियो । विवाद भएको लामो समय भयो, अव अड्डा, अदालत जानुपर्ने हो कि भन्ने चिन्ता पनि थपिदै थियो । पसलबाट सामान लिएको र त्यसको पैसा बढाएको सानो निहुँमा ठूलो झगडा भइसकेको थियो । तर, उहाँको मनको कुरा बुझिदियो मेलमिलाप केन्द्रले । पसलेले चौकीमा निवेदन दिए भने पैसा कहाँबाट ल्याउनु भन्ने चिन्तामा रहनुभएका विक विना पैसा सामुदायिक मेलमिलापे केन्द्रले दुवैको जितजित हुने गरी विवाद मिलाइदिएपछि दङ्ग हुनुहुन्छ ।

११ वर्षदेखिको विवाद मिलेकोमा ग्वाल्टारका कार्की पनि निकै खुसी हुनुहुन्छ । छिमेकमा मर्दा, पर्दा सहयोग चाहिनेसँग विवाद भएपछि उहाँहरुको बोलचाल समेत बन्द थियो । पसलको सामान लगेको निहुँमा भएको विवाद ११ वर्षपछि मिल्यो । गाउँमा रहेको मेलमिलाप केन्द्रमा पुगेर ११ वर्षको विवाद ११ घण्टा पनि नलगाएर मिलेपछि अहिले उहाँहरु खुसी हुनुहुन्छ । दुइटै छिमेकीको सम्वन्ध पनि राम्रो छ ।

सिन्धुलीकै रानीचुरीका जीवन विश्वकर्माको साधमा रहेको ऐलानी जग्गा कसले उपभोग गर्ने भन्ने विषयमा छिमेकीसँग झगडा भयो । छिकेकीले नै मेलमिलाप

केन्द्रमा निवेदन दिए । त्यसपछि मेलमिलाप केन्द्रमा विश्वकर्मालाई पनि बोलाइयो । विश्वकर्मालाई लागेको थियो, अब मैले हार्ने भएँ या छिमेकीले जित्ने भए । तर, दुवै जनाले जितजितको महसुस गरेर घर फर्किनुभयो । अहिले उहाँहरु दुवैको सम्वन्ध सुमधुर छ ।

सिन्धुलीमा सन्चालित मेलमिलाप केन्द्र प्रभावकारी बनेको छ । जोसँग विवाद छ, ती व्यक्तिहरुलाई मात्र राखेर दुवै पक्षको जित हुनेगरी मिलाउने भएकाले सर्वसाधारणहरुका लागि सामुदायिक मेलमिलाप केन्द्र प्रभावकारी बनेको हो । सानो विवाद लिएर अड्डा, अदालत धाउँदा खर्च बढ्ने तथा एउटाले जित्ने र अर्कोले हार्ने अवस्था हुने र सामुदायिक मेलमिलाप केन्द्रमा जाँदा खर्च नहुने, दुवैले जित्ने, सम्वन्ध पनि नविग्रिने भएकाले पनि सिन्धुलीमा अहिले सामुदायिक मेलमिलाप केन्द्र निकै प्रभावकारी भएको सबैको बुझाइ छ ।

> *उहाँले भन्नुभयो, रेडियोले पनि मेलमिलाप र केन्द्रका कुरा भन्न थालेपनी समाजमा झन विश्वास बढ्दो रहेछ ।*

सिन्धुलीमा तत्कालिन ३९ वटा गाविस र २ नगरपालिकामा सामुदायिक मेलमिलाप केन्द्र स्थापना भइसकेको छ । केन्द्रले धेरै खालका विवाद मिलाएर टुटेको सम्वन्धलाई जोड्ने काम गरिरहेको छ । माण्डवी रौतहट सिन्धुलीका जिल्ला संयोजक पार्वती भट्टराई रेडियोले पनि मेलमिलाप केन्द्रका र मेलसमिलाका वारेमा जानकारी दिएपछि नागरिकले झन विश्वास गर्न थालेको बताउनुभयो । 'मेलमिलाप केन्द्रले समाजलाई जोड्ने काम गरिरहेको थियो नै' उहाँले भन्नुभयो, रेडियोले पनि मेलमिलाप र केन्द्रका कुरा भन्न थालेपछि समाजमा झन विश्वास बढ्दो रहेछ । '

आफ्नो गाउँमा भएका विवादलाई गाउँमा नै समाधान गर्दा सामाजिक कहल, विसङ्गति तथा सामाजिक हिंसाका घटनाहरु कम हुने सबैको बुझाइ छ । मेलमिलाप केन्द्रको कामले प्रहरी र अदालती कामकाजमा सजिलो भएको सरोकारवालाहरु बताउँछन् । आफ्नै विवाद आफै समाधानको लागि अहिले सामुदायिक मेलमिलाप केन्द्र सिन्धुलीमा निकै प्रभावकारी बनेको छ ।

# मेलमिलापतिर फर्किंदै इजलासका मुद्दा





• सेबिता रिसाल
सीआईएन

सर्वोच्च अदालतमा रहेको मेलमिलाप केन्द्रमा दिउँसो काठमाडौंका न्हुत्सेमान शाक्य र देबीप्रसाद बास्तोला आफूले नै मुद्दा मिलाउने प्रयास गर्दै हुनुहुन्थ्यो । दुईजना बीचको विवाद मिलाउन सहजिकरण गरिदिदै हुनुहुन्थ्यो मेलमिलाप केन्द्रका प्रमुख अशोककुमार क्षेत्री ।

देबीप्रसाद र न्हुत्छेमानको परिवारबीच ५४ वर्ष अगाडि किनबेच गरेको जग्गाको मुद्दा उल्टिएको छ । छिमेकी समेत रहेका यी दुई परिवारको एकअर्कासँग कुरा गरेर मात्रै दिनको सुरुवात हुन्छ ।

तर ५४ वर्ष पहिले नुहुत्सेमानका बुवाले देबीप्रसादलाई निकै थोरै रकममा मोहियानी हक लागेको राज गुठीको जग्गा बेच्नुभएको थियो । तर रजिष्ट्रेशन पास गरेर किनेको जग्गा आफ्नै ठान्नुभएका देबीप्रसादले घर बनाउँदा अप्ठ्यारो आयो । मुद्दा मामिला चल्यो, न कसैले जित्यो न कसैले हार्यो ।

अहिले बिभिन्न ३२ जिल्लाका गाउँपालिका कार्यालयको भवनमा नै मेलमिलाप केन्द्र पनि छ । जहाँ फौजदारी न्याय बाहेकका हरेक मुद्दा, मामिलाको मेलमिलाप गर्ने कोसिस हुन्छ, मुद्दा मिलाउँदा दुबै पक्षले जित्छन् ।

बेच्नेले किन्नेलाई घर बनाउन स्वीकृती दिएपछि घर बन्यो, बसोबास भयो तर मामिला सल्टिएन । इजलसमा पुगेर पनि विवाद नसल्टिएपछि जग्गा विवादको मामिला सल्ट्याउन दुवैजना अब मेलमिलाप केन्द्रको साहायतामा पुग्नु भएको छ ।

यसो हेर्दा जटिल जस्तै लाग्ने मुद्दा मध्यस्थकर्ताको सहयोगले सजिलै मिल्ने गरेको छ । साना, तिना समस्यामा मुद्दा मामिला खेप्न नपरोस भनेर सर्वोच्च अदालतले २०६३ सालबाट नै प्रत्येक जिल्ला अदालत, पुनरावेदन र सर्वोच्च अदालतमा मेलमिलाप केन्द्र स्थापना गरिदिएको छ ।

अहिले बिभिन्न ३२ जिल्लाका भन्दा धेरै गाउँपालिका कार्यालयमा नै मेलमिलाप केन्द्र पनि छन् । जहाँ फौजदारी न्याय बाहेकका हरेक मुद्दा, मामिलाको मेलमिलाप गर्ने कोसिस हुन्छ, मुद्दा मिलाउँदा दुबै पक्षले जित्छन् । ०६३ देखि ०७४ असारसम्म ९ हजार भन्दा बढी मुद्दाको मेलमिलाप भएको छ ।

नचाहँदा नचाहँदै झगडा पर्छ र मुद्दा खेप्नु पर्छ । धेरै मुद्दा मामिला र कानुनी झन्झटले निक्कै पिरोलीरहेको हुन्छ । आफ्नै आफन्त र गाँउ ठाँउका मानिससँग महिनौ, वर्षौ मुद्दा लड्छौ । वकिल राख्छौँ, अदालत धाउँछौ । आफ्नै छरछिमेकीसँग पानी बाराबारको स्थिति ल्याउन बेर लगाउदैनौँ तर मेलमिलाप तिर सोच्दैनौँ । दुबै पक्षले न्याय पाउने र दुबैले जित्ने गरी अदालतले मेलमिलापको व्यवस्था गरेको छ ।

कुनै पनि मुद्दामामिला मेलमिलाप केन्द्र मार्फत मिलाउँदा एउटा पक्षले जित्ने वा हार्ने हुदैन । दुबै पक्षलाई चित्त बुझाएर घर फर्काउने वातावरण मेलमिलापमा हुन्छ । तर धेरैलाई सामुदायिक मेलमिलाप र अदालती मेलमिलाप केन्द्रका बारेमा थाहा छैन । न्यायमा सर्वसाधारण नागरिकको पहुँच पुऱ्याउनको लागि सामुदायिक मेलमिलाप केन्द्रहरुलाई तल्लो तहसम्म पुऱ्याउनु पर्दछ ।

# मेलमिलाप केन्द्रको भर, खुशीयालीको घर



• अनुपा दाहाल
हाम्रो एफएम, दोलखा

घर, परिवार र समाजमा सानोतिनो कुरामा विवाद हुनु सामान्य कुरा हो । तर त्यही विवाद बढ्दै गयो भने यसले विकराल रुप लिने गर्दछ । विवाद बढ्दै गएपछि अशान्ति हुने, समाजिक मेलमिलापमा खलल पुग्ने गर्दछ । दोलखाको कालिञ्चोक गाउँपालिका वडा नम्बर ६ का कमल थामी र विक्रम थामी गाउँका दाजुभाइ हुनुहुन्छ । उहाँहरुबीचको सानो विवादले लामो समयसम्म झगडाको रुप लियो ।

झगडाको बिउ निकै सानो थियो । घरमा ठूलो आवाजमा गीत बजाएको विषयमा झगडा परेको थियो । हात हालाहालको स्थिति समेत निम्तियो । बिक्रमले प्रहरीमा उजुरी गर्ने सोच पनि बनाउनुभयो । त्यसका लागि उहाँ छिमेकी काकासँग सल्लाह माग्न पुग्नुभयो । दाजुभाइबीचको झगडा बारे काकालाई जानकारी गराएपछि काकाले उहाँलाई मेलमिलाप केन्द्र मार्फत विवाद मिलाउन सल्लाह दिनुभयो । किन कि छिमेकी काका देवेन्द्र थामी आफैं पनि सामुदायिक मेलमिलापकर्ता हुनुहुन्थ्यो ।

मेलमिलाप केन्द्रमा पुगेर दाजुभाइको विावद मिल्यो । अहिले दुवै दाजुभाइलाई झगडाले घाटा मात्रै लगाएको महसुस हुन्छ । हिजेआज बिक्रम गाउँमा कुनै झगडा र विवाद भयो भने मेलमिलाप केन्द्र मार्फत मिलाउने सल्लाह दिनुहुन्छ । कतिपय विवाद बिक्रमकै सक्रियतामा पनि मिल्ने गरेको छ । बिक्रम आफू नमिल्दा अरुले पनि त्यही सिको गर्ने हुनाले मिलेर बस्नुपर्ने कुरामा जोड दिनुहुन्छ ।

मेलमिलाप केन्द्रले विवाद मिलाएपछि दाजु कमल थामी पनि खुशी हुनुहुन्छ । अहिले दाजुभाइबीचको सम्बन्ध पनि निकै राम्रो छ । केही महिना अघिसम्म गाउँका विवादहरु प्रहरीकोमै गएर मेलमिलाप हुने गर्दथ्यो । तर अहिले गाउँ-गाउँमा मेलमिलाप केन्द्र भएका कारण गाउँको समस्या गाउँमै मिल्ने हुँदा सबैलाई सहज भएको कमलको बुझाइ छ । पछिल्लो समय समाजमा मेलमिलाप केन्द्र, विवाद समाधानको भरपर्दो माध्यम बन्दै आएको छ ।

# रेडियो सुन्न छुटाएको भए छिमेकी छोड्नु पर्ने थियो






• सुजता लामा
रेडियो सिन्धुलीगढी
सिन्धुली


सिन्धुली भिमेश्वर ग्वालटार ३ का भवनकुमारी थापा र छविमाया बयलकुटी छिमेकी हुनुहुन्छ । मर्दा, पर्दा सँगै साथ रहेका यी दुई छिमेकीवीच लामो समय बोलचाल नै बन्द भयो । विवादको कारण थियो छविमायाले कुमारी थापाको साँधैमा बङ्गुरको खोर बनाउनु । थापाको घरै अगाडि साँधैमा बयलकुटीले वङ्गुर पालेपछि दुर्गन्ध फैलिएकाले भवन कुमारीले बङ्गुर नपाल्न आग्रह गर्नुभयो । बयलकुटीले आफ्नो गरि खाने बाटो नै टुट्ने भन्दै अटेर गरि बङ्गुर पालिरहेपछि थापा र बयलकुटीबीच झगाडा पऱ्यो, दुवैको भनाभन भयो । यसरी यी दुई छिमेकीवीचको विवादका कारण बोलचालै वन्द हुन पुग्यो ।

दुईचार पैसा आम्दानी हुन्छ कि भनेर बङ्गुर पालेकी बयलकुटीलाई छिमेकीले गन्ध आयो भनेर नपाल्न भनेपछि बयलकुटी रिसले आगो हुनुभयो । 'आफ्नो जग्गामा पनि आफूले मन लागेको व्यवसाय वा केही पाल्न नपाउने यो कस्तो अचम्म ?' प्रतिप्रश्न गर्दै बयलकुटीले भन्नुभयो, 'मेरो जग्गामा म जेसुकै गरौं मेरै, मर्जी । '

थापालाई भने आफ्नो भान्सा अगाडि नै बङ्गुर पालेपछि दुर्गन्ध सँगै बङ्गुरको फोहोर हुने र फोहोरको कारणले रोग लाग्ने हो कि भन्ने चिन्ता थियो । थापाले छिमेकी बयलकुटीलाई बङ्गुर पाल्ने भए घरभन्दा पर अन्त कतै लगेर पाल्न बारम्बार भन्दा पनि नमानेपछि दुई छिमेकीको झगडा भयो र लामो समय बोलचाल नै बन्द भयो । बोलचाल बन्द हुँदा पनि झगडा भने बन्द भएको थिएन ।

समुदायको भएको झगडा सामुदायिक मेलमिलाप केन्द्रमा जाँदा विना खर्च, थोरै समयमा मिल्ने र सम्वन्ध पनि पहिल्यैकै अवस्थामा फर्कन सक्ने रेडियोबाट सुने पछि थापाले मेलमिलाप केन्द्रमा निवेदन दिने विचार गर्नुभयो ।

> *आफूलाई चित्त नवुझेको कुरा राखेर लामो समय छलफल गरेपछि अन्तत: कुरा मिल्यो दुवै जना हाँसी खुसी घर फर्किए ।*

थापाले स्थानीय एफएमबाट रेडियो कार्यक्रम सामुदायिक मेलमिलाप सुनेपछि मेलमिलाप केन्द्रका विषयमा जानकारी राख्नु भएको थियो । थापाले सामुदायिक मेलमिलाप केन्द्रमा निवेदन दिएपछि थापा र बयलकुटी दुवैलाई मेलमिलाप केन्द्रमा बोलाइयो । आफूलाई चित्त नवुझेको कुरा राखेर लामो समय छलफल गरेपछि अन्तत: कुरा मिल्यो । दुवै जना हाँसी, खुसी घर फर्किनुभयो । बयलकुटीले आफ्नो थोरै जग्गा भएकाले अन्त लैजान नसकेको बताउनुभयो । तर थापाको पनि सहयोगमा १० दिन भित्र बङ्गुर अलि टाढा लैजाने सहमति भयो । सहमति अनुसार ४ दिनमै बङ्गुरको खोर हटाइयो । अहिले यी दुई छिमेकीवीच पहिलेको जस्तै राम्रो सम्वन्ध छ ।

## रेडियो कार्यक्रमले मिलायो छिमेकी

सिन्धुलीको तत्कालिन अम्वोटे गाविस वडा नम्वर २ का कुलमनी पोखरेल र अम्बोटे गाविस वडा नम्वर ६ का दुर्गा परियारवीच विवाद भयो । कुलमनी पोखरेलले पसलबाट सामान किनेर पैसा नतिरेको निहुँमा विवाद भएको हो । २०७० साल वैशाख ५ गते मातातिर्थ औँसीको लागि आमालाई पैऱ्याउन लगेको सामानको पैसा ३ वर्ष वितिसक्दा पनि नतिरेपछि पोखरेल र परियारबीच विवाद भएको थियो । भोलिपल्टै दिन्छु भनेर लगेको सामानको पैसा पटकपटक माग्न जाँदा समेत छैन भने पछि पोखरेल आक्रोशित हुनुभयो ।

पोखरेल भन्नुहुन्छ,“यसरी बोलचाल बन्द भएको पनि ३ वर्ष भइसकेको थियो । एक दिन म रेडियो सुनिरहेको थिँए, रेडियो कार्यक्रम सामुदायिक मेलमिलाप बज्न थाल्यो । त्यहाँ लामो समयदेखि बोलचाल बन्द भएको छिमेकी मेलमिलाप केन्द्रमा गएपछि दुवैलाई चित्त बुझेर, बोलचाल भएर सम्वन्ध पहिल्यैको अवस्थामा फर्किएर खुसी भएको कुरा सुनेँ अनि मैले पनि मेलमिलाप केन्द्रमा जाने निधो गरेँ र निवेदन दिएँ ।”

निवेदन दिएपछि सुरुमा त पोखरेललाई पनि के हुने हो भन्ने चिन्ता लागेको थियो भने परियारलाई पनि हारिने हो कि भनेर डर लागिसकेको थियो । तर सोचेभन्दा विपरित भयो । कसैको जित त कसैको हार भएन । दुवैलाई आ-आफ्नो कुरा राख्न दिइयो । परियारले ३ वर्षअघि लगेको सामानको साँवाव्याज गरी ३ हजार ७ सय १८ रुपैया तिर्ने र पोखरेलले पनि मुख नछाड्ने दुवैको सहमति भयो र विवाद मिल्यो । अहिले त परियार र पोखरेलवीच फेरि पहिल्यैकै जस्तो राम्रो सम्वन्ध रहेको छ । पोखरेल धन्यवाद दिनुहुन्छ रेडियो कार्यक्रम सामुदायिक मेलमिलापलाई । उहाँ भन्नु हुन्छ, “धन्न बेलैमा रेडियो कार्यक्रम सुनेँ, छुटाएको भए वर्षौं तनाबमा बिताउनु पर्ने थियो, अहिले त म गाउँमा अरु कसैको झगडा भयो भने पनि मेलमिलाप केन्द्रमा गएर मिलाउन सल्लाह दिन थालेको छु ।”

## सामुदायिक मेलमिलाप केन्द्र विवाद मिलाउने उत्कृष्ट स्थान बन्दै ।।

आम्बोटे १ कै गीता विक र राजु पाखिनबीच पनि विवाद भयो । बाटोमा हिडिरहेकी विकलाई छिमेकी पाखिनले गाली,वेइजती गरी घरमा आएर समेत कुटपिट गरेपछि विवाद भएको हो । विकलाई कुटपिट गरेपछि विकका परिवारले पखिनलाई गाली, वेइजती र कुटपिटविरुद्ध जिल्लामा आएर मुद्दा हाल्ने निर्णय गऱ्यो । तर गाउँलेहरुले जिल्लामै जाँदा धेरै खर्च लाग्ने र समय पनि धेरै लाग्ने भएकाले बरु स्थानीयतहमा आफ्नै ठाउँमै मेलमिलाप केन्द्रमा गए यस्ता विवाद समाधान हुन्छ भने । विक परिवारले मेलमिलाप केन्द्रमा गएर निवेदन दिए ।

मेलमिलाप केन्द्रले दुवैलाई केन्द्रमा बोलाएर चित्त नवुझेको कुरा राख्न लागायो र के गऱ्यो भने दुवैलाई चित्त बुझनसक्छ भनेपछि पाखिनले अवदेखि गालि, वेइजती र कुटपिट नगर्ने र विकलाई बहिनी सम्झेर फेरि पहिल्यैको अवस्थामा समवन्ध अगाडि बढाउने सहमति भयो र दुवै विवादित पक्षबीच कुरा मिल्यो । अहिले त विक परिवार मेलमिलाप केन्द्रले स्थानीयस्तरका विवाद स्थानीयस्तरमा विना खर्च, थोरै समयमा मिलाउने, सम्वन्ध पनि पहिल्यैको जस्तो अवस्थामा फर्काउने भन्दै गाउँका अन्य विवादित पक्षलाई पनि मेलमिलाप केन्द्रमा जान सल्लाह दिइरहेका छन् ।

# खण्ड ग

# मेलमिलाप केन्द्रका कारण स्थानीयलाई सहज



गाउँगाउँमा मेलमिलाप केन्द्र स्थापना भएपछि दोलखाका सर्वसाधरणलाई सजिलो भएको छ । कतिपय मुद्दाहरु मेलमिलाप केन्द्रको रोहबरमा गाउँमै मिल्न थाले पछि अदालतसम्म धाउनुपर्ने समय र खर्चबाट स्थानीयबासीहरु जेगिएका छन् ।

डेढ वर्षअघि एनआरसीटीसी नेपालद्धारा स्थानीय निकायको सहकार्यमा दोलखामा सञ्चालित, सामुदायिक मेलमिलाप कार्यक्रम चलिरहेको छ । त्यस अन्तर्गत विभिन्न गाविसमा स्थापना भएका मेलमिलाप केन्द्रमार्फत गाउँघरमा हुने विवादहरु गाँउमै मिल्ने गरेका छन् । प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालले स्थापना कालदेखि हालसम्म जिल्लाका तीन सय तीन वटा विवाद समाधान गर्न सफल भएको संस्थाका जिल्ला कार्यक्रम संयोजक ताराबहादुर महत बताउनुहुन्छ ।

गाउँघरमा हुन सक्ने सामान्य विवादहरु कसरी समाधान गर्ने भन्नेमा मानिसहरुमा अँझै पनि चिन्ताको विषय छ । जिल्लामा देवानी प्रकृतिका मुद्दाहरु मेलमिलाप केन्द्र मार्फत मिल्ने गरेको जिल्ला प्रशिक्षक निर्मला उप्रेती बताउनुहुन्छ ।

सामुदायिक रेडियोबाट र सिआईएनबाट सामुदायिक मेलमिलाप कार्यक्रम प्रसारण भएपछि विवाद मिलाउन थप सजिलो भएको उप्रेती र महतको अनुभव छ ।

समुदायका विवादहरु स्थानीयस्तरमै स्थापित सामुदायिक मेलमिलाप केन्द्र मार्फत समाधान गर्न सन्देश दिने उद्देश्यले जिल्लाका तत्कालिन ३३ गाविसमा सचेतनामुलक नाटक प्रदर्शन गरिएको थियो । मेलमिलापकर्ताले भनेर नबुझ्ने माजमा नाटक प्रदर्शनले राम्रो प्रभाव पारेको जिल्ला प्रशिक्षक लक्ष्मी थापाको बुझाइ छ ।

स्थानीयस्तरमा देखिएका विवादमा मेलमिलाप केन्द्रहरुले मेलमिलाप गराउँछन्, केन्द्रको स्थापनाले जिल्ला प्रहरी कार्यालय र प्रशासन र कार्यालयमा आउने कैयौं मुद्दाको चाप पनि अहिले घटेको छ । प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्रको स्थापनासँगै गाउँघरमा हुने हरेक विवादहरुमा कमि आएको छ । त्यसैले सामुदायिक मेलमिलाप केन्द्रको यो अभियानमा सबैले साथ दिनसके समाजलाई सकारात्मक बाटोमा पुऱ्याउन सकिने नागरिकको सुझाव छ ।

# टुटेको मन, छुटेको सम्बन्ध जोड्दै मेलमिलाप



भूकम्पले पारिवारिक बेमेललाई एकतामा रुपान्तरण गर्‍यो। जातभात भन्दामाथि रहेर सम्बन्ध र व्यवहार जोडिए। तर राहात वितरणसँगै उत्पन्न विवादले सङ्लिएको सामाजिक वातवरण खलबलियो। जिल्लाका हरेक गाविसमा पारिवारिक कलहसँगै पीडितहरुको मन र सम्वन्ध टुट्न थाल्यो।

भूकम्प गएको एक वर्ष वितिसक्दा पनि तत्काल घर बनाउने कुरामा पनि पीडितहरु हच्किन थाले। त्यही स्थानमा घर बनाउँदा त्यसको भग्नावशेष नरहँदा लगतमा छुटिने पो हो कि ? थुप्रै खाले आशङ्कामा जीवन गुजारिरहेका पीडितहरु मेलमिलाप केन्द्र धाउन थालेका छन्।

जिल्ला दैविप्रकोप तथा उद्धार समितिले भूकम्प पीडित भनेर टुङ्ग्याउन नसकेका एक हजार भन्दा धेरै निवेदनका बारेमा छानबिन गर्न गठित सहायक प्रमुख जिल्ला अधिकारी संयोजक रहेको समितिले पनि थप पीडितहरुको पहिचान गर्न सकेन। अस्वभाविक रुपमा भूकम्प पीडितहरुको सङ्ख्या बढेको भन्दै गृह मन्त्रालयलाई अर्थ मन्त्रालयले रकम निकासा दिन नमानेपछि लामो समय तनाव सिर्जना भएको छ। ती तनाव झगडामा परिणत हुने देखिएपछि सामुदायिक मेलमिलाप केन्द्रले मध्यस्थता गरेका छन्।

भूकम्प पुननिर्माणमा प्राधिकरणले तथ्याङ्क कार्यालय मार्फत खटाएका इन्जिनियरहरुको टोलीले सङ्कलन गर्ने लगतमा एउटा घरको गणना हुने तर चार परिवारसम्मले प्राप्त गरेको भूकम्प पीडितको रातो कार्ड खोसिने डरले अर्को विवाद सुरु भएको छ ।

अझ तत्काल घर बनाउने कुरामा पनि पीडितहरु हच्किन थालेका छन् । 'त्यही स्थानमा घर बनाउँदा त्यसको भग्नावशेष नरहँदा लगतमा छुटिने पो हो कि ? काभ्रेका एक पीडितले भने । उनका अनुसार अहिले छिमेकी-छिमेकीबीच देखिएका विवाद मिलाउन पीडितहरु मेलमिलाप केन्द्र धाउन थालेका छन् ।




द एसिया फाउन्डेशनको सहयोगमा प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालले काभ्रे लगायत अन्य पाँच जिल्लामा सुरु गरेको मेलमिलाप अभियानमा यस्ताखाले पीडितहरु उजुरी बोकेर मेलमिलाप केन्द्र धाउन थालेको मेलमिलाप केन्द्रले जनाएका छन् । भूकम्पको ६ महिनापछि मेलमिलाप केन्द्रमा पुग्नेहरुको सङ्ख्या करिव ४० प्रतिशतले बढेको थियो । न्यानो राहत र घर निर्माणको लागि दिइएको दुई लाख र सहुलियत ऋणका विषयलाई लिएर दाजुभाइ र देउरानी, जेठानीबीचको झगडा हुन थालेका छन् ।

एक महिनाको बीचमा जिल्लाको भुमेडाँडा गाविसमा दर्जन भन्दा धेरै विवादहरु मिलाईसकेको तत्कालिन भुमेडाँडा गाउँ विकास समितिका मेलमिलाप संयोजक देवर ाज केसीले बताउनुभयो । 'मेलमिलाप केन्द्र खोल्नुअघि यो के हो र कस्तो हो ? भन्ने भ्रम र जिज्ञासा थिए'-उहाँले भन्नुभयो-'अहिले समाजमा भएका विवादहरु मिलापत्र

हुन र सम्वन्धमा सुधार हुन थालेपछि विवादहरु केन्द्रमा आउन थालेका छन् ।' रेडियो बाट आउने सूचनाले विश्वास अँझ बढाएको अनुभव उहाँको छ ।

एउटा घरमा तीन जना दाजुभाइ बसिरहेको अवस्थामा प्राप्त एउटा राहतलाई लिएर भएको विवादले पारिवारीक बेमेल सुरु भएको छ । अनुदान रकम र घर बनाउन वितरण हुने दुई लाख र सहुलियत ऋणका विषयलाई लिएर दाजुभाइ र देउरानी जेठानी-बीचको झगडा मेलमिलाप केन्द्र मार्फत समाधान गरिएको संयोजक केसीले बताउनुभयो ।

सरकारद्वारा सबै राहत तीनै जना दाजुभाइले समान रुपले वितरण गर्ने सहमति पश्चात एकआपसमा मिलेर बस्ने र सम्वन्धलाई पुरानै अवस्थामा फर्काउन सहज भएको पीडितहरुले बताएका छन् ।

*उहाँले भन्नुभयो, रेडियोले पनि मेलमिलाप र केन्द्रका कुरा भन्न थालेपछि समाजमा झन विश्वास बढ्दो रहेछ ।*

भुमेडाँडा गाविसमा भएका घरेलु हिंसा, छिमेकीबीचको विवादलाई समेत मेलमिलाप केन्द्रले समाधान गरी सम्वन्धलाई सुमधुर बनाएको छ । भुमेडाँडा बाहेक अन्यत्र मेलमिलाप केन्द्र खुलेका स्थानमा समेत विवाद केन्द्रमा आउन थालेको र समाधान हुन थालेको संयोजकहरुले बताएका छन् ।

सरमथली, कुशादेवी लगायतका स्थानहरुमा पनि मेलमिलाप केन्द्रहरुमा विवाद दर्ता हुन थालेका छन् । प्रहरीले हेर्न नपर्ने देवानी प्रकृतिका मुद्दाहरुलाई समुदायमै मेलमिलाप गराउँदा सम्बन्ध पनि सुधार हुने र समुदायमा पनि शान्ति छाउने प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालका समुदायमा मेलमिलाप कार्यक्रम संयो जक सरिता सापकोटाले बताउनुभयो ।

जिल्लामा ५० वटा भन्दा धेरै मेलमिलाप केन्द्र खुलिसकेको र खुलेका केन्द्रहरुमा समुदायले सहयोग र चासो व्यक्त गर्दै विवादहरुलाई समेत केन्द्रमा पठाउने र समाधानका लागि सहयोग गर्ने लहर सुरु भएको सापकोटाको भनाइ छ । समुदायमा भूकम्पपछि यौनजन्य हिंसा, घरेलु हिंसा, पारिवारिक बेमेल जस्ता घटनाहरु उब्जिएका छन् ।

प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालले काभ्रे, सिन्धुपाल्चोक, दोलखा, नुवाकोट र रसुवा जिल्लामा मेलमिलाप कार्यक्रम सुरु गरेको छ भने रामेछाप र सिन्धुलीमा पनि मेलमिलाप कार्यक्रम द एशिया फाउण्डेशसनको सहयोगमा सुरु भएको छ ।

प्राकृतिक स्रोत द्वन्द्व रुपान्तरण केन्द्र नेपालका कार्यकारी निर्देशक चुपबहादुर थापाका अनुसार पाँच वटा जिल्लाका सबै गाउँपालिका र नगरपालिकामा यो कार्यक्रम सुरु भएको छ। यो कार्यक्रमले समाजमा सुमधुर सम्वन्धका लागि महत्वपूर्ण भूमिका खेलिरहेको थापाले बताउनुभयो। विभिन्न जिल्लाको तथ्याङ्क हेर्दा कैयौँ विवादमा मेलमिलाप केन्द्रहरुले मेलमिलाप गराइसकेका छन्।

जिल्ला अदालत काभ्रेको तथ्याङ्क अनुसार आर्थिक वर्षको ६ महिनामा एउटा पनि मुद्दा मेलमिलाप हुन सकेन। अदालतसम्म आएका मुद्दाहरु मेलमिलाप गर्न कठिन देखिएको छ। एउटा पक्षले हार्ने निश्चित हुँदा समेत अडानका कारण मुद्दाहरु दर्ता भइसकेपछि मेलमिलाप हुन नसकेको हो। तर मेलमिलाप केन्द्रमा दर्ता भएका विवादहरुलाई पहिलाकै अवस्थामा समाधानको प्रयास खोजिने र विवादित पक्षहरुलाई जित-जितको माध्यमबाट मेलमिलाप गराउने भएकाले अदालतसम्म पुग्न नपर्ने देखिएको छ।

सरोकारवाला निकायहरुले यसलाई अझै गम्भीरतापूर्वक लिन सके समाजमा हुने सानासाना विवादले लिने ठूलो रुपहरुको न्यूनिकरण र दिगो शान्तिमा महत्वपूर्ण भूमिका खेल्न सक्नेमा कुनै शङ्का रहने थिएन।

# विवादको बिउ, पानीको निहुँ, मेलमिलाप केन्द्रबाट मिल्यो



*photo by google*

राजकुमार कुमाल र नमराज कुमालको स्थायी ठेगाना नुवाकोट जिल्लाको साविकको विदुर नगरपालिका वडा नम्बर ७ हो । उहाँहरु पुस्तौँदेखि एकअर्काको छिमेकीको रुपमा वस्दै आए पनि पानीका कारण पानी बाराबारको अवस्था सिर्जना भयो । छरछिमेकी अनि एकै टोलका भएका कारण नमराज र राजकुमारले कुमाल गाउँमा रहेको धाराबाट पानी उपयोग गर्दै आउनु भएको थियो ।

एक वर्षअघि दुवै जना पानी भर्नका लागि धारामा पुग्नुभयो । पानी भर्ने पालो राजकुमार को थियो तर नमरजले आफूलाई हतार भएकोले पहिला पानी भर्न दिन आग्रह गर्नुभयो । राजकुमारले पनि भन्नुभयो ‘मलाई पनि चाँडो पानी भरेर घर जानुपर्नेछ, म मेरो पालो मै भर्छु ।’ दुवै जनाले आआफ्नो अडान नछोडेपछि भनाभन मात्र भएन, हात हालाहालको स्थिति समेत आयो । हात हालाहालको विषयलाई लिएर राजकुमार निवेदन लिएर विदुर नगरपालिकाको सामुदायिक मेलमिलाप केन्द्रमा पुग्नुभयो ।

नुवाकोट जिल्लामा हाल समुदायमा उत्पन्न हुने विवाद समाधान लागि सञ्चालन गरिएका ६२ ओटा मेलमिलापकेन्द्र मध्ये विदुर नगरपालिको मेलमिलाप केन्द्र पनि एक हो । केन्द्रका मेलमिलापकर्ता एवम् प्रशिक्षक मणिराज घिमिरेले मेलमिलाप गराउने प्रक्रिया अनुरुप मेलमिलापकर्ता छनौट गर्न राजकुमारलाई आग्रह गर्नुभयो भने नमराज कुमालसँग सम्पर्क गर्नुभयो ।

दुबै पक्षलाई सम्पर्क गरिसकेपछि विवाद समाधानका लागि मेलमिलापकर्ता घिमिरेले छलफलको समय र स्थानको तय गरी मेलमिलाप प्रक्रिया सुरु गर्नुभयो। 'मर्दाको मलामी, जिउँदाको जन्ति भन्छन्। यति सामान्य विषयमा आफै मिलौं भन्ने लाग्छ तर त्यो आफै मिल्ने दिन कहिल्यै आएन।' विवाद समाधान लागि दुवै पक्षसँग गरिएको सम्वादकाक्रममा राजकुमारले भन्नुभयो, 'जहिले पनि ऊ मात्र पानी लैजाने अरुलाई त चाहिदैन भन्ने जस्तो सोच्छ अनि मैले के गरुँ। नमराजले जवरजस्ति गर्न आयो, उल्टो हात हाल्न आयो।' नमराजले भने आफ्नो घरमा वस्तुभाउ अलि वढी भएका कारण त्यही अनुरुप पानी भर्दा विचार गरिनुपर्ने धारणा सुनाउनुभयो। 'राजकुमारले भर्ने पानी भन्दा २/४ गाग्री वढी दिँदा त कुनै समस्या नै छैन नि, ऊ आफैले वुझेको छ कि उसको घरको भन्दा बाखावस्तु धेरै छ। तर पनि ठिकै छ उसले हालेको निवेदनका कारण आ-आफ्नो भनाइ राख्ने मौका मिल्यो।' नमराजले भन्नुभयो 'जसले गर्दा हामी निचोडमा जान पाउँछौं त्ससमा मेरो कुनै गुनासो छैन। मैले धेरै पानी लग्यो भन्ने विषयलाई विवादमा नल्याए यसै राम्रो हुन्थ्यो। मलाई कुखुरालाई पानी हाल्न आवश्यक परेको वेला कहिलेकाहीँ पानी थाप्नका लागि सोचिदिन पाए हुन्थ्यो। पानी भर्न र लैजान पाउने मेरो जस्तै उसको पनि अधिकार हो भन्ने मलाई पनि थाहा छ।'

विवादित दुवै पक्षले आआफ्नो समस्या राखेपछि छिमेकीबीच एकआपसमा झगडा नगर्ने, धारोमा आएको पानीलाई पालैपालो मिलेर भर्ने, धारोमा पानी थोरै आउने भएकोले सम्वन्धित निकायमा कुरा गर्न दुवै जना जाने र झगडा अगाडि दुवैबीच भएको जस्तो असल सम्वन्धलाई यथावत कायम गर्ने विषयमा सहमति भयो। राजकुमार र नमराजले भोलिका दिनहरुमा पनि मिलेर नै वस्दा आफूहरुको भलाइ हुने निष्कर्ष निकालेका कारण उहाँहरुको विवाद मिलाउन थप सहयोग मिले को मेलमिलापकर्ता मणिराज घिमिरेको बुझाइ छ। एकअर्कालाई मार्नेसम्मको धम्कि दिने अवस्था आए पनि विवादित पक्षहरुलाई मेलमिलापकर्ताको प्रत्यक्ष सहजिकरणमा विवाद समाधान भयो। 'हामी एकअर्कालाई भेट्दा मुन्टो बटारेर हिड्ने अवस्था थियो अब त्यो अवस्थामा छैनौं, मेलमिलाप केन्द्रका कारण दुवैजना एकदमै खुशी छौं।' राजकुमार कुमालले भन्नुभयो।

# लेनदेनले समस्या, मेलमिलाप केन्द्रमा समाधान




नुवाकोटको साविकको बालकुमारी गाविस वडा नम्बर ८ का अजय तामाङ रुम्बाले स्थानीय कुलमान तामाङलाई एक वर्षमा बुझाउने भाका राखेर ऋण दिनुभयो । नाताले जेठानज्वाइ पर्ने अजय र कुलमानबीच भएको यही आर्थिक कारोबार भविष्यमा विवादको बिउ बन्यो ।

ऋण दिएको वर्ष दिन वित्यो तर कुलमानले ऋण तिर्न सक्नुभएन । अजय तामाङले वर्ष दिन वितिसक्यो भनेर कुलमानलाई भन्नुभयो तर कुलमानले आफूसँग रकम नभएकोले समयमा तिर्न सक्नु भएन र केही दिन कुर्न अजयसँग आग्रह गर्नुभयो । 'समयमा ऋण तिर्न नसक्नु नै हाम्रो विवादको बिउ बन्यो ।' कुलमानले भन्नुभयो । 'आर्थिक समस्या पर्दा अजयले दिएको ऋण समयमा नै फर्काउन मन त थियो तर के गर्नु मसँग पैसा थिएन, केही दिन पर्खनु भन्दा पनि अजयले मान्नु भएन । '

नाताले अजयको जेठान पर्ने कुलमानले पूर्वनिर्धारित भाकामा ऋण तिर्न नसकेपछि दुवैबीच विवाद सुरु भयो । यही विषयलाई लिएर कुलमानलेप्रहरीमा उजुरी गर्ने निर्णय गर्नुभयो । अजयले आफ्नो समस्या ठूलोवुवा होमबहादुर तामाङलाई सुनाउनु नै विवाद समाधानका लागि मेलमिलापको प्रक्रिया सुरु भयो ।

संयोग यस्तो भइदियो कि अजयका ठूलोवुवा सामुदायिक मेलमिलाप केन्द्र बालकुमारीको संयोजक हुनुहुदो रहेछ। अजयले भन्नुभयो, ‘संयोजक रहनु भएका ठूलोवुवाले नै लेनदेनको विवादलाई मेलमिलाप केन्द्रमा दर्ता गराउन लगाउनुभयो।’ अजय र कुलमानको सम्बन्धमा फाटो आएको कुरा गाउँघरतिर फैलिन थालिसकेको थियो भने दुई जनाबीचको तिक्तताले दुवै परिवारमा नैरास्यता छाउँदै गयो। ‘मेलमिलाप केन्द्रमा विवाद दर्ता भएपछि हामीले दुई पक्षलाई राखेर छलफल गरायौं र मिलनविन्दु खोज्न थालिउँ।’ केन्द्रका संयोजक होमबहादुरले भन्नुभयो। सामान्य विवादका कारण आफन्तबीचको सम्बन्ध नै बिग्रन थालेको, प्रहरीप्रशासन मार्फत जाँदा ढिलासुस्ति र झन्झट हुने बारेमा जानकारी गराएपछि दुवै पक्ष मिल्नको लागि तयार हुनुभयो।

‘मेलमिला केन्द्रमा बिभिन्न कोणबाट छलफल भएपछि हामी मिल्नका लागि तयार भयौं।’ अजय तामाङले खुशी हुँदै भन्नुभयो। ‘हामी दुईबीचको सम्बन्ध फेरि पुरानै स्थितिमा पुगेको छ।’ आफूहरुबीचको विवादलाई सहज रुपमा समाधान गरेकोमा सामुदायिक मेलमिलाप केन्द्रलाई उहाँहरु दुबै जनाले धन्यवाद दिएको केन्द्रका संयोजक होमबहादुर तामाङले बताउनुभयो। दुई वा दुईभन्दा धेरै विवादमा फसेका मन मिलाउने काम मेलमिलाप केन्द्र मार्फत गर्न पाउँदा आफूहरुको हौसला बढेको संयोजक तामाङको भनाइ छ।

# बहुसरोकार विवादमा मेलमिलाप केन्द्र

## दुई खोलाका किनार एउटै मझधारमा



वर्षौं भयो उनीहरुको मन फाटेको । मन मात्रै फाटेन, एकलेअर्कोलाई देख्नै नहुने अवस्था समेत भयो । बोलचाल बन्द भयो । मर्दा मलामी र विवाह, ब्रतवन्धमा समेत आउजाउ हुन सकेन । मीठो पाक्दा समेत गाउँभरी हल्ला हुने समूहसमुहको उक्त विवादले गाउँ विभाजन हुन थाल्यो ।

राजनीतिक दलहरु समेत त्यसमा मुछिन थाले । राजनीतिक संक्रमणकालको फाइदा उठाउँदै एकले अर्कोलाई उचाल्ने र पछार्ने काम समेत भयो । विवादले झनै उग्र रुप लियो, भनाभन भयो । भएको सबै तीतो पोख्ने ठाउँ भयो । कुटाकुट मात्रै हुन बाँकी रहेन । धेरै पटक छिमेकीहरुले सम्झाउने प्रयास गरे केही सीप लागेन । सुरुमा तत्कालिन गाउँ विकास समितिमा छलफल भयो । छलफलले केही निकास पाउन सकेन । त्यहाँ पनि भनाभन र आक्रोशपूर्ण व्यवहार प्रदर्शन भयो । एकले अर्कोलाई आक्रमणको समेत प्रयास भयो ।

भेट्यो कि आक्रमण गर्ने अवस्था आएपछि एक समूह अर्को समूहको अगाडि नै नपर्ने अवस्था समेत आयो । गाविसमा राजनीतिक दलहरु सहितको भेला र छलफलले निकास पाउन नसकेपछि प्रहरी चौकी नालामा उजुरी पर्‍यो । प्रहरी चौकीमा परेको उजुरीमा पनि सहमति जुट्न सकेन । जिल्ला प्रशासन कार्यालयमा उजुरी लिएर पक्षहरु पुगे । प्रमुख जिल्ला अधिकारीले पटक-पटक छलफल गरे तर पनि निकास निस्किएन ।

यो क्रम धेरै लामो समय चलिरह्यो । पटक-पटकको छलफलमा निकास निस्कन नसकेपछि पुनः विवाद गाविसमा फर्कियो । पीडितहरु अदालत जान तयारीमा रहे । अदालत पुगे पनि विवाद समाधानका लागि स्थानीयस्तरमै समाधान खोज्नु पर्छ भन्ने निस्कर्ष निस्कियो । पीडित भनिएको दोस्रो पक्ष स्थानीयस्तरमा खुलेको सामुदायिक मेलमिलाप केन्द्रको सम्पर्कमा पुग्यो ।

उग्रचण्डी नाला गाविस ६ टुसालका सरस्वती दाहाल र जमुना दाहालले गाविसको सामुदायिक मेलमिलाप केन्द्रमा सुरुमा मौखिक उजुरी गर्नुभयो । मेलमिलाकर्ताहरुले व्यक्तिगत भेटघाटलाई निरन्तर जोड दिइरहे । 'सुरुमा यो विवाद मिलाउन सकिएला भन्ने लागेकै थिएन'-मेलमिलापकर्ता पुरुषोत्तम बजगाईले भन्नुभयो-'हामी आफै छक्क परेका छौं । उहाँहरुको विवाद समाधान मात्रै होईन सम्वन्ध सुधारमा आएको परिवर्तनले स्थानीयहरु सबै छक्क परेका छन् ।' तत्कालिन उग्रचण्डी नाला गाविस वडा नम्वर ६ मा रहेको कुल वन क्षेत्रमा रहेको विष्णुप्रसाद दाहाल र पुरुषोतम बजगाईको खेत नजिक रहेको पानीको मुहानबाट वडा नम्वर ५ मा रहेका स्थानीय उपभोक्ताले उपभोग गर्ने विषयमा विवाद सुरु भएको थियो ।

'पहिलेपहिले त्यही कुलोको पानी उपभोग गरिरहेका थियौं, भूकम्पले पानीको मुहान सुक्यो, त्यसपछि विवाद सुरु भयो'- टुसाल ६ की जमुना दाहालले भन्नुभयो 'सामुदायिक मेलमिलाप केन्द्रमा उजुरीपछि दुबै पक्षको सहमति भयो । 'हिजो हामी एकले अर्को को अनुहारै हेर्दैनथियौं अहिले भारोपर्म समेत चल्न थालेको छ ।' भूकम्पले सिर्जना गरेको समस्याले स्थानीय स्थानीयबीचको मनमुटावलाई मेलमिलापकेन्द्रले समाधान गरि सम्वन्ध सुधारपछि गाविसमा यो संस्था र मेलमिलापकर्तालाई हेर्ने दृष्टिकोणमै परिवर्तन भएको मेलमिलापकर्ता केदारनाथ दाहालले जानकारी दिनुभयो ।

'प्रहरी, गाविस, राजनीतिक दल, प्रशासनले समेत मिलाउन नसकेको विवाद मेलमिलाप केन्द्रमा मिल्नु ठूलो कुरा हो'-गाविस सचिव थमुनारायण भण्डारीले भन्नुभयो-'पटक पटक मेरै उपस्थितिमा विवाद समाधानको प्रयास गरियो सम्भव भएन, मेलमिलापकर्ताहरुले सीप मार्फत आफनो विवाद आफै समाधानको उपाय लगाएर प्रयास गर्नुभयो । विवाद पनि मिल्यो सम्वन्ध पनि सुधार भयो ।'

वडा नम्वर ५ का गणेशबहादुर श्रेष्ठ, प्रेमकाजी श्रेष्ठ, प्रकाश बजगाई, गौतम श्रेष्ठ, बालकृष्ण बजगाई, अनिल सिग्देल र सुरज बजगाई, पुरुषोत्तम बजगाई, श्याम श्रे ष्ठ, भुवन श्रेष्ठ, रामप्रसाद बजगाई र मेलमिलापकर्ताहरुसहित गाविस सचिव भण्डार ीको उपस्थितिमा दुबै पक्षले सहमति गरेपछि अङ्कमालसहित सहमति कार्यान्वयन

गराउने सहमति भएको थियो । खेतबारीमा बाली लगाउने समयमा सिन्चाई गर्न पाउने गरी पानी उपलब्ध गराउने, विष्णुप्रसाद दाहाल, सरस्वती र जमुना दाहालले जमिन उपलब्ध गराएको खण्डमा प्लास्टिक पोखरी समितिले बनाइदिने, इन्टेकको गेटवल भन्दा बाहिर रहने गरी धारा खोल्ने र बन्द गर्ने गरी धारा बनाइदिने, दुबै पक्षले इन्टेक र मुहान सुरक्षालाई व्यवस्थित गर्न तालाको ब्यवस्था गरी सिन्चाई गर्न ताला साँचो खेतिवालालाई उपलब्ध गराउने लगायतका बुँदाहरुमा सहमति भएको मेलमिलाप केन्द्रका संयोजक बलराम बजगाईले वताउनुभयो ।

२०७३ जेष्ठ ७ गते भएको सहमति पश्चात मेलमिलापकर्ताहरुले सहमति कार्यान्वयनमा समेत जोड दिए । पक्षहरुबीच भएको सहमति कार्यान्वयन समेत भइसकेको छ । बहुसरोकारवाला विवादले स्थानीय स्तरमा अशान्ति सुरु गरेको थियो । स्थानीयहरुलाई राजनीतिक आवरणमा समेत पक्षपात गर्न सुरु भएको थियो । सिन्चाई गर्न नपाउँदा वर्षे नी फल्ने आलु र अन्य तरकारीहरुको अलावा नगदेबालीहरु समेत उब्जनी हुनसकेको थिएन । विवादित पक्षहरुले पानीकै कारण भएको जग्गाजमिन विक्री गर्न पर्ने अवस्था त छँदै थियो त्यसमा पनि विक्री गरे पनि किन्ने अवस्था थिएन । पानी नै लाग्दैन ? सिन्चाई नै हुँदैन भने करोडौ मूल्यमा खरिदविक्री हुने जग्गा कौडीको भाउमा विक्री गर्न पर्दथ्यो ।

> *आर्थिक नोक्सानी समेत भईरहेको सन्दर्भमा प्रहरीले हेर्न नपर्ने देवानी प्रकृतिका मुद्दाहरुलाई समुदायमै मेलमिलाप गराउँदा सम्वन्धमा पनि सुधार हुने*

बसाई सर्ने, जग्गा अन्यत्र कामका लागि भाडामा दिने जस्ता वैकल्पिक छलफल पनि सुरु भएका थिए । त्यसो गर्दा धेरै परिवारको रोजीरोटीको समस्या थियो । त्यही खेतबाट उब्जनी भएको अन्नपातले जीवन निर्वाह गर्न पर्ने अवस्थाका परिवारहरुलाई विवादले तनाव मात्रै सिर्जना गरेको थिएन थाल खाउँ कि भात खाउँ बनाएको थियो । 'धन्य छ मेलमिलाप केन्द्र जसले घरबारविहीन अवस्थामा पुगेका ब्यक्तिहरुलाई सम्वन्ध सुधारसहित पुरानै अवस्थामा फर्काउन सफल बनायो'-स्थानीय श्याम श्रेष्ठले भन्नुभयो । मेलमिलाप केन्द्रलाई मात्रै नभइ मेलमिलापको सीप र त्यसको क्षमतालाई पनि सबैले तारिफ गर्न पर्ने र सम्मानका साथै त्यसको प्रवर्द्धनमा सहयोग गर्नपर्ने उहाँको भनाइ छ ।

मेलमिलाप केन्द्रमा बहुसरोकारवाला विवाद समाधान भएपछि अन्य विवादहरु पनि दर्ता हुन थालेका छन् । 'प्रहरीकोमा गएर मात्रै विवाद समाधान हुन्छ भन्ने बुझाइ परिवर्तन हुन थालेछ'-प्रहरी चौकी नालाका इन्चार्ज भिमसेन केसीले भन्नुभयो-'

चौकीमा आएका विवादहरु पनि हामी केन्द्रमै रिफर गर्न थालेका छौं। 'प्रहरीले नै अनुसन्धान गरी कारबारी गर्नपर्ने फौजदारी बाहेकका अन्य सामान्य विवाद र स्थानीयस्तरमा समाधान हुन सक्ने मुद्दाहरुलाई समेत केन्द्रमै रिफर गरिदिएको केसीले बताउनुभयो। केन्द्रले गरेको प्रयास सफल भएकोमा केसी खुशी हुनुभयो। त्यही बेलादेखि केन्द्रलाई आफूले विवादहरु समाधानका लागि सिफारिस गर्न थालेको उहाँले बताउनभयो।

*प्रहरीकोमा गएर मात्रै विवाद समाधान हुन्छ भन्ने बुझाइ परिवर्तन हुन थालेछ -प्रहरी चौकी नालाका इन्चार्ज भिमसेन केसीले बभन्नुभयो*

'मेलमिलाप केन्द्रप्रति विश्वास त बढ्यो तर समस्या आफ्नै छन्। तत्कालिन गाविसभवन भूकम्पले क्षतविक्षत बनाएको छ। भाडामा बसेको भवन साँघुरो छ। विवादित पक्षहरुलाई र ाखेर छलफल गराउने स्थान अभाव छ। राज्यले आफ्नो कार्यक्रम सम्झेर त्यहीँ भए पनि गाउपालिकाले उपलब्ध गराएको केन्द्रमा सत्र सञ्चालन गर्न कठिन छ। पीडितहरुको गोपनियताको सवाल छ। विवादित पक्षहरुलाई एकान्तमा समेत कुराकानी गराउने स्थान छैन। सुरुवात राम्रो छ। पक्कै पनि यसले स्थानीय स्तरमा शान्ति कायम गराउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ'- गाविस सचिव भण्डारीले भन्नुभयो। स्थानीयहरुले अदालतलाई भन्दा माया गरेर विश्वास गरेकाले आफूहरुप्रतिको दायित्व र जिम्मवारी बोध गराएको मेलमिलापकर्ता विमला श्रेष्ठको अनुभव छ। 'विवाद समाधानका लागि तालिम लिनुअघि पनि सक्रिय थिएँ, तालिम पश्चात आफैलाई झनै व्यवहारीक र सीपसहितको मेलमिलापकर्ता भएको अनुभव भएको छ'-श्रेष्ठले भन्नुभयो।

# रेडियोले अगुवा बनायो



•कपिल देव खनाल
रेडियो त्रिशुली, नुवाकोट

मैले सामुदायिक मेलमिलाप केन्द्रमा काम गर्न थालेको एक वर्ष पूरा भयो । सामुदायिक मेलमिलाप केन्द्र मार्फत हामीले समुदायमा भएको घरेलुहिंसा, पारिवारिक हिंसा, श्रीमान्-श्रीमतीको झैझगडा जस्ता विवादहरु मिलाउँदै आएका छौं । दाजुभाइको बीचमा हुने अंशवण्डा, साँधसीमानाको विवादलाई पनि सामुदायिक मेलमिलाप केन्द्रमा हामीले मिलाउँदै आएका छौं । सानातिना आँठो, कुलोको विवाद पनि हाम्रो खड्गभन्याङ्ग सामुदायिक मेलमिलाप केन्द्रबाट मिलेको छ ।

हामीले साट्नैपर्ने खालको एउटा विवादलाई मिलाएका छौं । आमाल छोरोको व्यवहार र हेरचाहको विषयमा असन्तुष्टी जनाउदै देवीघाट प्रहरी चौकीमा उजुरी हाल्नुभएको थियो । प्रहरी चौकीबाट छोरालाई लिन गाउँमा जाने कुरा हामीले थाहा पायौं । त्यसपछि हामी पनि प्रहरी चौकी पुग्यौं । यो विवादलाई कानुनी भन्दा पनि मेलमिलाप केन्द्रबाट समाधान गर्न सकिने हामीले भन्यौं ।

सुरुमा कुरा गर्दा उहाँहरु आमाछोरा दुबै जना आक्रोशित हुनुहुन्थ्यो । हामीले उहाँहरुको समस्याबारे ध्यान दिएर सोध्यौं । उहाँहरुको एकअर्काको समस्या मसिनोसँग केलायौ । आमाछोरा विस्तारै खुल्दै जानुभयो । कानुनी प्रक्रियामा जान लागेको मुद्दा अब सामुदायिक मेलमिलापबाट मिलाउन उहाँहरु राजी हुनुभयो । कुरा गर्दै गएपछि छोराले आमाको उचित पालनपोषण गर्ने, सम्मान दिने प्रतिवद्धता व्यक्त गर्नुभयो । आमा पनि खुसी हुनुभयो । छोरा पनि खुसी ।

सामुदायिक मेलमिलाप केन्द्रबाट हामीले ९ ओटा मुद्दा मिलायौं । पहिलो पटक सुरुमै ६ वटा विवाद हामीले हेरेका थियौं । त्यसमा घरायसी झगडा, श्रीमान् श्रीमतीको झगडा, साँधसीमानको विवाद रहेको थियो । हामीले मात्र विवाद र झै-झगडालाई गाउँस्तरमा नै बसेर मिलाउन सकिन्छ भन्ने सन्देश गाउँमा प्रचार गरेका छौं । उहाँहरु हामीलाई खोज्दै, खोज्दै सामुदायिक मेलमिलाप केन्द्रमा नै आउनुहुन्छ । पीडित पक्षको उजुरीपछि हामी अर्को पक्षलाई झिकाएर छलफल सुरु गर्छौं ।

सामुदायिक मेलमिलाप केन्द्रमा आईपुगेका मुद्धामा दुबै पक्षले जित्छन् । अझ सामुदायिक मेलमिलापका विषयमा रेडियोबाट कार्यक्रम बज्न थालेपछि नागरिकमा झन् विश्वास पलाएको छ । हिजो यसले के विवाद मिलाउला र भन्नेहरु रेडियोमा सामुदायिक मेलमिलाप केन्द्रका बारेमा सुनेपछि गाउँमा मेलमिलापकर्ताको मान, सम्मान पनि बढेको छ । वर्षौंदेखि परिवारका सदस्यसँग चित्त दुखाएर सम्बन्ध बिर्गानु भन्दा मेलमिलाप केन्द्रमा गएर विवाद समाधान गर्न म आग्रह गर्दछु ।



# टुटेका सम्बन्ध जोड्दै मेलमिलाप केन्द्र





•कृष्ण अधिकारी
बाँके

बाँकेको कम्दीका हकिगत अलिले बिहे गरेको दुई वर्ष नपुग्दै श्रीमती सलिमुनसँगको सम्बन्ध बिग्रदै गयो । सलिमुन घरेलु हिंसाबाट पीडित बन्दै जानुभयो । घरेलु हिंसा बढ्दै गएपछि उहाँ माइतीमा बस्न थाल्नुभयो । माइतीको सहयोगमा श्रीमान्‌बिरुद्ध सम्बन्धबिच्छेद र अंश मुद्दा उहाँले हालेपछि मुद्दा जिल्ला अदालत हुदै पुनरावेदन अदालतसम्म पुग्यो । श्रीमानसँगको झगडा सुरु भएको ५ वर्ष बितिसकेको थियो । अदालतले मुद्दाको अन्तिम किनारा नलाग्दासम्मका लागि सलिमुनलाई मासिक १ हजार ५ सय खाना खर्च उपलब्ध गराउन हकिगतलाई आदेश दियो । प्रहरी प्रशासन अड्डा, अदालत धाउँदा-धाउँदै सलिमुनको करिब १ लाख रुपैया खर्च भयो । आम्दानीको कुनै स्रोत नभएकी सलिमुनका लागि १ लाख रुपैयाँ निक्कै ठूलो रकम हो ।

हकिगत कामको सिलसिलामा दिल्लीमा जानेआउने गर्नुहुन्थ्यो । तर उहाँहरुबीच बोलचाल थिएन । अलग्गै बसेर उहाँहरुले पाँच वर्ष बिताउनुभयो । गाउँकी महिला स्वयम्‌सेविका समेत रहेकी मेलमिलापकर्ता समा अन्सारी हात्तीपाइले रोगविरुद्धको सचेतना अभियानका क्रममा घरदैलोगर्दै उहाँहरुको घरमा पुग्नुभयो ।

समाले दुबै पक्षसँग कुराकानी गर्नुभयो र दुबैलाई गाउँमै सञ्चालनमा रहेको सामुदायिक मेलमिलाप केन्द्रमा सम्पर्क राख्न आग्रह गर्नुभयो। पटक-पटकको प्रयासपछि उहाँहरुले मेलमिलाप केन्द्रमा सम्पर्क गर्नुभयो ।

मेलमिलापकर्ता समाले श्रीमान्, श्रीमती दुबैलाई भेट्नुभयो । दुवैका समस्या, पीडा र चाहाना बुझ्ने प्रयास गर्नुभयो । पटकपटकको छलफलपछि दुवैले आफ्ना कमीकमजोरी र गल्ती स्वीकार गर्नुभयो र सँगै बस्न राजी हुनुभयो । ३ घन्टासम्म श्रीमान्, श्रीमती र मेलमिलापकर्ता समाबीच गम्भीर छलफल भयो । सोही छलफलले ५ वर्षदेखि चल्दै आएको झगडा र मुद्दा मामिला सातआठ दिनमै सहमतिमै टुङ्गियो। दुबै जनाको जित भयो । उहाँहरुको दाम्पय जीवनमा अर्को आयाम थपियो । सम्बन्ध सुधार भएको दुई वर्षमा उनीहरुको बच्चा जन्मियो । बच्चा जन्मिएसँगै खुसी पनि थपिदै गयो ।

सलिमुन पुराना दिनहरुको सकेसम्म सम्झना गर्न नपरोस भन्ने चाहानुहुन्छ। श्रीमानसँगको झगडा र अदालतमा चलेको मुद्दा, मामिलाका कारण उहाँ करिब ५ वर्ष अलग्गै बस्नुभयो। मेलमिलाप केन्द्र मार्फत श्रीमानसँगको सम्बन्ध सुधार भइ दाम्पय जीवन अगाडि बढेपछि उहाँ निक्कै खुसी हुनु भएको छ। सम्बध सुधार भएसँगै उहाँहरुले नयाँ घर बनाउनुभयो । श्रीमानसँग सम्बन्ध बिग्रिएपछिका ५ वर्ष सलिमुनको जीवनका सबैभन्दा पीडादायी दिनहरु थिए ।

मेलमिलाप केन्द्रबाट श्रीमानसँग सम्बन्ध सुधार भएपछि उहाँहरुबीचको आपसी विश्वास पनि बढ्दै गएको छ। सलिमुन घरमै बसेर बच्चा हुकार्उदै हुनुहुन्छ भने उहाँका श्रीमान् आबेग रोजगारीका लागि भारत जानु भएको छ। भारतको दिल्लीमा रहेका श्रीमानले मिस कल दिनुहुन्छ र सलिमुनले यताबाट फोन गर्ने दैनिकी नै बनेको छ । यताबाट फोन गर्नको कारण प्रष्टाउँदै उहाँले भन्नुभयो, भारतबाट नेपालमा फोन गर्दा पैसा धेरै लाग्छ त्यही भएर उताबाट मिसकल आएपछि मैले यतैबाट फोन गर्छु ।

हकिगत र सलिमुनको जोडी त उदहारण मात्र हो । बाँके जिल्लाका तत्कालिन ९ वटा गाविसमा सामुदायिक मेलमिलाप केन्द्र सञ्चालनमा छन् । मेलमिलापसम्बन्धी ऐन् २०६८ र मेलमिलाप सम्बन्धी नियमावली २०७० लागु भएपछि केन्द्रबाट जग्गा विवाद, कुटपिट, लेनदेन, घरेलु हिंसा, धार्मिक तथा सांस्कृतिक विवाद, गालीगलौज, साँधसीमाना, कुलोकुलेसा, माना लेनदेनका विवाद मिलाउन सुरु गरिएको छ ।

दुबै पक्षसँग छलफल गरेर तत्कालै विवाद तथा मुद्दालाई दुबै पक्षको सहमतिमा टुङ्गो लगाइने गरेका कारण मेलमिलाप केन्द्रमा विवादित पक्षहरु आउन थालेका

हुन् । मेलमिलाप केन्द्रले सामान्य प्रकृतिका १४ प्रकारका देवानी मुद्दा मिलाउने र फौजदारी मुद्दाहरु भने प्रहरी र अदालतमा पठाउने गरेका छन् ।

बाँके जिल्लामा सन् २००४ मा कानुन अन्वेषण तथा स्रोत विकास केन्द्र (सेर्लड) नामक संस्थाले सामुदायिक मेलमिलाप कार्यक्रम सुरु गरेको हो । अहिले जिल्लामा प्रत्येक गाउँपालिका, जिल्ला प्रहरी, जिल्ला अदालत, पुनरावेदन, महिला विकास कार्यालयमा समेत मेलमिलाप केन्द्र सक्रिय छन् ।

सामुदायिक मेलमिलाप केन्द्रले स्थानीयमा शान्ति, सुव्यवस्था र विकासमा सरकारी निकायसँग साझेदारीको काम गर्दै आएको छ । गाउँघरका विवाद तथा मुद्दाहरु गाविस तहमा रहेका मेलमिलाप केन्द्रबाटै टुङ्गिदा महिला, दलित, जनजाती, मधेसी, मुस्लिम र न्यून आर्थिक स्तरका समुदाय प्रत्यक्ष रुपमा लाभान्वित भएको सेलर्ड नेपालगन्जका क्षेत्रीय संयोजक चेतराज भट्टले बताउनुभयो ।।

केन्द्रबाट विवाद मिलाइदा एउटा पक्षको जित भन्दा दुवैको जितको अवस्था सिर्जना हुने भएकाले केन्द्र प्रतिको आकर्षण पनि बढ्दै गएको छ । केन्द्रमा आउने विवादमध्ये ८० प्रतिशत सफल हुन्छन् । स्थानीय स्वायत्त शासन ऐन २०५५ र नियमावली २०५६ ले गाविस र नगरपालिका जस्ता स्थानीय निकायलाई स-साना विवाद समाधान मेलमिलापबाट गर्न व्यवस्था गरेवमोजिम मेलमिलाप केन्द्रमा विवाद समाधान गरिन्छ । स-साना विवाद लिएर अदालत जान नपरोस् भनेर त्यस्ता विवादहरु सम्बन्धित गाउँ वा नगरपालिकामा नै मिलाउन सकिने व्यवस्था गरिएको हो । बाँकेमा ५ सय ६१ जना तालिम प्राप्त मेलमिलापकर्ता रहेका छन् । सेलर्डको पछिल्लो तथ्याङ्क अनुसार बाँकेमा अहिलेसम्म दुई हजार ५७ विवाद दर्ता भएकोमा करिब ८० प्रतिशत समाधान भएका छन् ।

# सँगसँगै हामी दुई भाइ



सिन्धुपाल्चोक जिल्ला फुल्पिङकट्टी गाविस वडा नम्वर दुई वस्ने दानर्वु शेर्पा र वडा नम्वर ४ वस्ने कृष्णवहादुर तामाङ छिमेकी साथै नातेदार पनि हुनुहुन्छ । पहिलेदेखि नै राम्रो सम्वन्ध भएकोले गर्दा दुईजना मिलेर काम गर्ने, बस्ने, भेट्नेक्रम चलिरहेको थियो ।

एक वर्षपछि उहाँहरुको सम्वन्धमा फाटो आउन थाल्यो । आफ्नो गच्छेअनुसार उहाँहरुले जीविकोपार्जन गर्दै आउनु भएको थियो । दानर्वु शेर्पा करिब २ वर्ष अगाडिदेखि बसमा सहयोगीको काम गर्दै आउनु भएको थियो । एक दिन कृष्ण तामाङ बजारवाट फर्किने क्रममा दानर्वुको बस चढ्नुभयो तर दानर्वुले बसभाडा माग्दा कृष्णले दिन नमानेपछि दुबैबीच विवाद भयो । सामान्य भनाभनवाट सुरुवात भएको यो विवादपछि कलह हुदै कुटपिटमा बदलियो । त्यो विवाद दुई वर्षसम्म लम्बियो । प्रहरी प्रशासनमा कृष्णविरुद्ध दानर्वुले सुरक्षाको माग गर्नुभयो । प्रशाासनबाट अवका दिनमा झगडा नगर्ने र गल्ती स्वीकार्ने गरेर मिलापत्र गराइयो । तर त्यसपछि आउजाउ बोलचाल सबै बन्द भयो । प्रहरीमा दिएको उजुरीका विषयमा फेरि दोस्रो पटक पनि झगडा भयो । गाउँमा विवाद मिल्छ भन्ने रेडियोबाट जानकारी पाएपछि ०७३ भदौ १३ गते दानर्वुले मेलमिलाप केन्द्रमा निवेदन दर्ता गर्नुभयो । त्यसको केही दिनमा विवाद मिल्यो अहिले तीनै दुवै जना खुसी हुनु भएको छ ।

**पहिलो पक्षको भनाइ** :- मलाई कृष्णवहादुर तामाङले पहिला पनि कुटेको थियो । अहिले पनि कुट्यो । खासमा उसले बस चढ्दा लागेको भाडा दिनुपर्ने थियो । पहिला नै हामीबीच मिलापत्र भइसकेको थियो फेरि त्यही कुरालाई किन निहुँ वनाएर मलाई कुटेको ? मलाई चोट लागेको छ, त्यसैले मलाई सुरक्षा चाहियो । यदि यस्तै गर्दै जाने हो भने जति वेला जहाँ पनि, जे पनि गर्न सक्छ । त्यसैले मलाई औषधि उपचार गर्दिनु पऱ्यो र छिमेकी भइसकेपछि मिलेर वस्नुपर्छ । अबका दिनमा हिजोकोसरह व्यवहार गर्नुपर्ने र मिलेर वस्नुपर्छ ।

**दोस्रो पक्षको भनाइ** :- छिमेकी भएर पनि मसँग बसभाडा लिन नहुने थियो र यसले मलाई प्रहरीसम्म पुऱ्याउनु यसको ठूलो गल्ती थियो । त्यसैले आजसम्म मेरो मनमा तुष वाँकी नै थियो । यसको उपचार गर्न म जादिन, तँ आफै गर । म तलाई पैसा दिन्न ।

## सहमतिको बुँदाहरु :

१) कृष्णबहादुर तामाङले अवदेखि दानर्वु शेर्पाको बस चढ्दा लागेको बस भाडा दिने ।

२) कृष्णबहादुर तामाङले दानर्वु शेर्पालाई अहिले लै उपचारको लागि २५००/रुपैँया दिने ।

३) दानर्वु शेर्पाले कृष्णबहादुर तामाङलाई र कृष्णबहादुर तामाङले दानर्वु शेर्पालाई छिमेकीको व्यवहार गर्ने र सम्मान गर्ने ।

४) दानर्वु शेर्पा र कृष्ण बहादुर तामाङ सँधै मिलेर वस्ने र सानोसानो कुरालाई लिएर अवका दिनमा झगडा नगर्ने ।

मेलमिलापपछि दुवै पक्षहरु एकदम खुसी भएका छन् । अवका दिनमा कहिले पनि झगडा नगर्ने छिमेकीको रुपमा स्थापित भएका छन् । उनीहरुबीच पहिलेको जस्तो कुनै चिसोपन छैन । दुवैको चित्त वुझेको छ । दुवैजनाले गल्ती स्वीकारे र सम्वन्ध पनि सुमधुर भएको छ ।

# खण्ड घ

# मेलमिलापको बाटोमा

## रेडियो नाटक : 'घुम्तीको चौतारो'

*हिजो न आफ्ना कुरा राख्न सक्थ्ये, नत दुई मान्छेका अगाडि बोल्न नै सक्थ्ये ,अहिले गाउँमा रेडिया खुलेपछि नेता नै भए जस्तो लाग्छ*

*–हरिकला रावल, गृहणी, बाजुरा*

## विषयसूची

*१. व्यवहार परिवर्तनमुखी सामुदायिक रेडियो*

*२. धारावाहिक रेडियो नाटक घुम्तीको चौतारो*

*३. नाटकको प्रभावका नमूना कथा*

मानिसहरुको जीवनशैली परिवर्तनमा आमसञ्चार र त्यसमा पनि गाउँगाउँसम्म खुलेका सामुदायिक रेडियो महत्वपूर्ण पाटो बनेका छन् । सोच र व्यवहारमा परिवर्तन ल्याउने काममा आमसञ्चारले महत्वपूर्ण भूमिका खेल्ने कुरा सर्वत्र स्वीकारिएको छ । आमसञ्चारले जनमत सिर्जना मात्रै गर्दैन, हरेक व्यक्तिको व्यक्तित्व विकासमा पनि सहयोग गरिरहेका छ । सामुदायिक रेडियो नागरिकको जीवनशैली बनेका छन् । सामुदायिक रेडियोबाट आउने समाचार, अन्तर्वार्ता, नाटक, गीत, विश्लेषण जस्ता कुनै पनि रुप र शैलीमा आएका सन्देशहरुले शिक्षा, मनोरञ्जन वा अभिप्रेरणा दिइरहेका छन् । व्यवहार परिवर्तनमुखी काममा सामुदायिक रेडियोले दिने सन्देश, नाटकले ठूलो भूमिका खेलेका छन् । सामुदायिक मेलमिलापका विषयमा पनि भूकम्प प्रभावित ७ जिल्लामा शिक्षामुलक मनोरञ्जनका नाटकहरु प्रसारण गरिएको छ ।

नाटक श्रृखला २०७३ चैतबाट सुरु भएर २०७४ साउनसम्म प्रसारण भएको थियो । कथावस्तुलाई क्रमिक रुपमा विभिन्न शृङ्खलाहरुमा अगाडि बढाउँदै औपन्यासिक शैलीमा प्रस्तुत गरिएको धारावाहिक रेडियो नाटक निक्कै लोकप्रिय भएको पाइयो । समाजमा भएको विवादलाई समाधान गरेर मेलमिलापको बाटामो लागेका विषयबस्तुलाई उचित स्थान दिने तथा सामाजिक सद्भाव अभिवृद्धि गर्ने एक मुख्य विधिका रुपमा रेडियो नाटक घुम्तीको चौतारो छानिएको हो । कम साक्षरता, सानो अर्थतन्त्र, बजार व्यवस्थापनका जस्ता कारणले टेलिभिजन र अखबार आममान्छेमा पुग्न अँझै समय लाग्ने देखिन्छ । रेडियो भरियाले भारीमाथि राखेर पनि सुन्न मिल्छ । साइकलमा झुन्ड्याएर पनि सुन्न सकिन्छ ।

अहिले त हातहातमा पुगेका मोबाइलसँगै एफएम रेडियोहरू सहरका भान्छादेखि गाउँघरका कान्लासम्म सहयात्री बनेका छन् । गाउँघरका कुलो खन्ने, बाटो बनाउने, पूजा गर्ने र मेला लाग्ने कुरा पनि रेडियो समाचारका विषय बन्छन् । विभिन्न समुदायका उदाहरणीय कामहरू रेडियो बहसका विषय बन्ने गरेका छन् । कक्षा सञ्चालन गरेर रेडियोले विद्यालयको भूमिका पनि खेलेका छन् । समुदायकाबीचमा रहेका विवाद, झैझगडालाई मेलापको बाटोमा लगाउने मेलमिलाकर्ताको भूमिकामा पनि सामुदायिक रेडियो देखिएका छन् । संविधान निर्माण र राज्य पुन:संरचनाका छलफलबारे थाहा पाउन गरिएको एक सर्वेक्षणले सामुदायीक रेडियो नै पहिलो नम्बरको सूचनाको माध्यम बनेको केहीअघि देखाएको थियो ।

# परिच्छेद २

## २.१ घुम्तीको चौतार नाटक के हो ?

यो नाटक शिक्षामूलक मनोरञ्जन नाटकको एक विधि हो। विषय र पात्रको पूर्व तयारीसहित सुरु भएको नाटक शृङ्खलामा सिन्धुपाल्चोकको एउटा गाउँमा रहेको घुम्तीको चौताराको मेलमिलाप केन्द्रलाई नमूना बनाएर सुरु गरिएको हो। प्रत्येक शृङ्खला १२ मिनेटको हुनेगरी तयार पारिएको यो धारावाहिक रेडियो नाटक 'घुम्तीको चौतारो' मा सामुदायिक मेलमिलापकर्ता मिलन मुख्य पात्रका रुपमा देखिएका छन्। गाउँमा रहेका सानाठूला विवाद कसरी सिर्जना हुन्छन् र सबै पक्षले सम्मान र जित महसुस हुनेगरी कसरी मिलिरहेका छन् भन्ने सन्देशका रुपमा सुरु भएको नाटक २० देखि ६० वर्षको उमेर समूहका लागि बढी लक्षित थियो। विदेशबाट फर्किंदै गरेको आइतरामको कथाबाट सुरु भएको नाटक शृङ्खला विवादरहित गाउँ घोषणा गरेर सकिएको थियो।

घरफर्केको दुईदिनपछि श्रीमतीलाई आएको एउटा टेलिफोनबाट सुरु भएको शङ्काले निम्त्याएको विवाद, अरुले समेत डाहा गर्नेगरी मिलेर बसेका बिर्खे र हर्केका दाजुभाइको जग्गा विवादले निम्त्याएको झगडाबाट नाटक अगाडि बढेको थियो। विवाद एकपछि अर्को थपिंदै सामुदायिक मेलमिलाप केन्द्रबाट सबैको खुसी फर्किनेगरी त्यसको समाधान हुँदै अगाडि बढेको १३ अङ्कको नाटक शृङ्खलामा २० वटा व्यक्तिगत पारिवारिक र सामूहिक विवाद मिलाइएको थियो। पछि गाउँका सबै मान्छे एकै ठाउँमा भेला भएर कसैको कसैसँग पनि विवाद नरहेको सामुदायिक मेलमिलापयुक्त नमूना मिलाप गाउँको घोषणा गरिएको थियो। नाटकले समाजमा देखिने विभिन्न द्वन्द्व, विवाद त्यसबाट परेको समस्या, विवादित पक्षहरुमा परेको असर, परिवारमा विवाद हुँदा बालवालिकामा पर्ने असर र विवाद समाधान र मिलेर बसेको समाजको रुपान्तरणको कथावस्तुमा प्रभावकारी ढङ्गले समेटेको थियो।

## २.२ नाटक निर्माणको सोच

पहिलो चरणमा अष्ट्रेलियन सरकारको सहयोगमा दी एसिया फाउण्डेसनसँगको सहकार्यमा सामुदायिक रेडियो प्रसारक संघ नेपालले भूकम्प प्रभावित ७ जिल्लामा रेडियो कार्यक्रम सामुदायिक मेलमिलाप सुरु गरेको थियो । १२ शृङ्खलामा चलेको रेडियो कार्यक्रम ५० प्रतिशत उत्पादन सामुदायिक सूचना नेटवर्क (सीआईएन) बाट र बाँकी ५० प्रतिशत ७ जिल्लाका ९ वटा सामुदायिक रेडियोबाट रेडियो पत्रिका शैलीमा प्रसारण भएको थियो । कार्यक्रमको अन्तिम समयमा भएको लक्षित वर्ग समूहगत छलफलमा रेडियो कार्यक्रमको प्रभावकारिता राम्रो देखियो । तर, तीनवटा समूहगत छलफबाट कार्यक्रमसँगै नाटक समेट्नुपर्नेमा ८० प्रतिशत भन्दा बढी सहभागीले विषय बुझाउन सजिलोहुनेगरी रेडियो नाटक आवश्यक रहेको औंल्याए । यस सन्दर्भमा अकोराबका कार्यकारी निर्देशन डा.रामचन्द्र लामिछाने र एसिया फाउण्डेसनका कार्यक्रम निर्देशन प्रीति थापासहितको छलफलबाट अर्को चरणमा नाटक समावेश गर्ने निस्कर्ष निकालियो । सामुदायिक मेलमिलाप र सकारात्मक सामाजिक रुपान्तरणका लागि एउटा धारावाहिक रेडियो नाटक नयाँ प्रसारण गर्ने सोचको आधारमा अष्ट्रेलियन सरकारबाट आर्थिक सहयोग प्राप्त भएको हो । नाटक श्रृखला कस्तो बनाउने भन्नेमा अकोराबका तत्कालिन कार्यक्रम निर्देशक सिर्जन अधिकारी र सीआइएनको सिङ्गो टिम बसेर नाटकका शृङ्खलाहरुले कस्तो किसिमको सन्देश प्रसारण गर्ने भन्ने कुरा निश्चित गरिएको थियो । त्यसका आधारमा सीआईएनका समाचार प्रमुख गोबिन्द खड्काले नाटक लेख्नु भएको हो ।

## अन्तरिम पाठ्यक्रम

### ३.३ व्यवहार परिवर्तन

- समाजमा देखिएका विवादहरु अन्त्य हुनेछन् र समाज मेलमिलापको बाटोमा लाग्नेछ। सकारात्मक समाजिक रुपान्तरणमा टेवा पुग्नेछ।

- समाजमा विवादमा संलग्न हुनसक्ने उमेर समुह २० देखि ६० वर्षसम्मका लक्षित समूहले सामुदायिक मेलमिलापको भावनालाई आत्मसाथ गर्दै सहर्काय र मिलमिलापको भावना आत्मसाथ गर्नेछन् ।

- मेलमिलापको सहकार्यमा विवाद अन्त्य गर्दा सम्बन्ध दिगो हुनेछ ।

## उद्देश्य

- नाटकले सामान्य विवादमा विवाद गर्न नहुने रहेछ भन्ने भावनाको विकास गर्नेछ। हरेक व्यक्तिमा सहयोगी भावना विकास हुनेछ।

- लक्षित स्रोता परिवार, समाजप्रति उत्तरदायी हुनेछन् ।

- मतभेद सामान्य हो भन्ने बुझ्नेछन् ।

- विवाद हुँदा समाधान कसरी गर्ने भन्ने कुरा जान्नेछन् ।
- व्यक्तिगत र समूहगतरुपमा हुने द्वन्द्व, विवादहरुलाई मेलमिलापको माध्यमबाट स्थानीयतहमा न्यूनीकरण गर्न समुदायलाई अभिप्रेरित गर्ने ।

## परिच्छेद ३

### ३.१ प्रभावका नमूना कथा

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल, सामुदायिक सूचना नेटवर्क( सीआईएन) को सहजिकरणमा सामुदायिक रेडियोबाट आएका सफलताका कथा, लक्षित समूह छलफल, स्थलगत अवलोकनबाट प्राप्त जानकारी, नाटक सुन्ने स्रोताले दिएका प्रतिक्रियाबाट नाटक सफल भएको देखिन्छ । नाटकको अभिप्रेरणाका कारण हासिल भएका केही सकारात्मक परिवर्तनका कथा नमूनाका रुपमा प्रस्तुत गरिएको छ ।

# नमूना कथा

## दुर्घटना टर्यो

'हाम्रो गाउँमा पनि पानीको विषयमा माथिल्लो टोल र तल्लो टोलकाबीच झगडा भइरहन्थ्यो । रेडियो कार्यक्रम सामुदायिक मेलमिलापमा आउने रेडियो नाटकमा सिन्धुपाल्चोकमा बाटोका झगडा मिलाएको कथा सुनेपछि मैले पनि सामुदायिक मेलमिलाप केन्द्रमा निवेदन दिन हाम्रो टोलका अगुवा काकालाई आग्रह गरेँ । गाउँमा सल्लाह भयो । पछि दुइटै टोलमा पानी जानेगरी विवाद समाधान भयो । नत्र कुलोको झगडामा ठूलो दुर्घटना हुने अवस्था थियो ।

*मोहन लाल श्रेष्ठ, सिन्धुपाल्चोक, साँगाचोक गाविस ६ छोटेडाडाँ*

## रेडियो कार्यक्रमले घरमै विवाद मिल्यो

पसलबाट उधारो लिएको नाममा झम्ककुमारी विक र हाम्रो परिवारकाबीचमा विवाद बढ्यो । त्यही विवादले झगडाको रुप लिएपछि बोलचाल नै बन्द भयो । जब सामुदायिक रेडियो सिन्धुलीबाट कार्यक्रम मेलमिलाप र नाटक सुनेँ अनि विवाद गर्नु बेकार रहेछ भन्नेमा मेरा आँखा खुले । हामी मेलमिलाप केन्द्रमा जानै परेन । हाम्रो ११ वर्षसम्म बन्द भएको मुख रेडियो नाटकले खोल्यो । अहिले हामी खुसी छौं ।

*दिल बहादुर कार्की, भिमेश्वर ग्वालटार*

# छिमेकीको साथ फर्कियो

मेरा छिमेकी मानबहादुर तामाङले घर बनाउँदा मेरो थोरै जग्गा मिचिएको थियो । मैले जग्गा मिचिएको बताएँ । उहाँले घरको जग हालीसकेकाले सुनेको नसुन्यै गर्नुभयो, घर बनाउन रोक्न भएन । पछि विवादले बोलचाल बन्द गरायो । मैले प्रहरी वा अदालतमा मुद्दा हाल्ने विचार गरेकी थिएँ । परिवारमा सल्लाह भइरहेको थियो । रेडियोबाट सामुदायिक मेलमिलाप केन्द्रमा जाँदा चित्त बुझ्ने गरी विवाद मिल्छ रे भनेको सुनेँ । विवाद मिलाइरहेको पनि नाटकबाट सुन्न पाएँ । त्यसपछि सामुदायिक मेलमिलाप केन्द्र भिमेश्वर नगरपालिकामा निवेदन दिएँ । मेलमिलाप केन्द्रले बनाइरहेको घर बनाउने र त्यसको सट्टा मिल्ने ठाउँमा जग्गा दिने सहमति गरायो । दुवैजना खुसी भयौं अहिले पुरानै सम्बन्धमा हामी मिलेर बसेका छौं ।

*रमिला तामाङ, भिमेश्वर नगरपालिका, दोलखा*

# नयाँ जीवन पाएँ

१४ वर्षको उमेर स्कूल पढ्दापढ्दै प्रेम विवाह भयो । श्रीमान् कलाकारीतामा म घरमा, परिवारको सङ्ख्या पनि थपियो । श्रीमान्को घर नआउने बानी बढ्दै जाँदा श्रीमान्ले अर्को विवाहसम्म गर्नुभयो । त्यसले दुई सन्तान र मलाई बेघरबार बनायो । दुई सन्तानसहित हामी तीनैजना आत्महत्या गर्ने विषयले मेरो मनमा प्रवेश पाइसकेको थियो । तर पसलमा सामान किन्न गएको बेला प्राइम एफएमबाट बजिरहेको सामुदायिक मेलमिलापबारेको नाटक सुनेपछि मनमा राहत महसुस गरेँ । पसलको दाइको साहारामा सामुदायिक मेलमिलाप केन्द्रको नम्बर खोजेर निवेदन दिएँ । त्यसपछि मेरो खुसी नै फर्कियो । अहिले हामी सँगै मिलेर बसेका छौं । रेडियो नसुनेको भए मेरो जीवन नै समाप्त हुन्थ्यो ।

*काभ्रे बनेपा*

# सामुदायिक रेडियोको प्रभाव

हामीले हिजो पनि काम गरिरहेका नै थियौँ । सामुदायिक मेलमिलाप केन्द्रमा उजुरी आउने र त्यसलाई मिलाउने काम भइरहेको थियो । तर जब सीआईएन र जिल्लाका सामुदायिक रेडियोले सामुदायिक मेलमिलाप कार्यक्रम प्रसारण गरेपछि उजुरी आउनेक्रम बढेको पाइयो । रेडियो सुनेर आएका हौं भन्नेहरु पनि धेरै भेटिए ।

*उज्जल आचार्य, मेलमिलाप कर्ता रसुवा*

झगडा परेर बोलचाल नै बन्द भएका व्यक्तिहरुलाई मिलाउन सजिलो विषय होइन । त्यही पनि मेलमिलापकर्ताको हैसियतमा हामीले सिकेका प्रक्रियाका आधारमा मेलमिलाप गराइरहेका छौँ । मेलमिलाप केन्द्र र रेडियोकोबीचमा सहकार्य भएपछि भने निकै नै सजिलो भयो । गाउँमा मेलमिलापप्रति विश्वास नभएका मान्छेहरु पनि मेलमिलाप केन्द्रमा आए । गाउँमा मेलमिलाप गराउनेहरुको नाम रेडियोबाट आउन थालेपछि मिलापत्र गराउन सजिलो पनि भयो ।

*उद्धव अधिकारी, मेलमिलापकर्ता सिन्धुपाल्चोक*

सामुदायिक मेलमिलाप गाउँका, परिवारका हाम्रै समाजका विषय हुन । तीनै कुरालाई सीआइएनले रेडियो कार्यक्रम बनाएर बजाएपछि मेलमिलापलाई स्थापित गर्न थप सजिलो भयो । प्रहरी कार्यालय, अदालत पुगेको मुद्दाहरु पनि फर्केर मेलमिलाप केन्द्रमा आए । उजुरी दिनेको सङ्ख्या पनि बढेको छ । मेलमिलापका विषयमा हरिबंश र मदनकृष्णबाट नाटकका रुपमा बज्ने सूचना त हरेकको जिब्रोमा झुण्डीएको छ ।

*पार्वती भट्टराई, मेलमिलापकर्ता सिन्धुली*

म सामुदायिक मेलमिलापका विषयमा काम गरिरहेको लामो समय भयो । थुप्रै विवाद मिलाइयो र मिलाउन सहयोग पनि गरियो । तर म विवाद मिलाउँछु भन्ने कुरा रेडियोमा प्रसारण गरिदिएपछि मेरो जिल्लामा हैसियत नै अर्को बनेको छ । यसले मेलमिलाप गराउन र सरोकारवाला पक्षसँग छलफल गर्न पनि सजिलो बनाइदियो र रेडियो सुनेकै भरमा जीवनको अन्त्य गर्न गएको मान्छे फर्केर मेरो कार्यकक्षमा आउँदा त मलाई त्योजति खुसी कहिल्यै लागेन । रेडियासँग सहकार्य पहिला नै गर्नुपर्ने थियो जस्तो लाग्यो । एसिया फाण्डेसनले ढिला भए पनि सीआइएनसँग सहकार्य गरेर कार्यक्रम बनायो त्यसले धेरै ठूलो काम गरेको छ ।

*सरिता सापकोटा, मेलमिलाप कर्ता, काभ्रे*

सामुदायिक मेलमिलापका लागि रेडियो कार्यक्रम सहयोगी बनेको छ । मेलमिलापको विषयमा हामीले सबै बुझाउन सकेकै थिएनौं । रेडियोबाट कार्यक्रम बजेपछि धेरै मानिसले सामुदायिक मेलमिलाप के रहेछ, कसरी नि:शुल्क रुपमा न्याय पाइदो रहेछ भन्ने जान्न पाएका छन् । त्यसको प्रमाण कार्यक्रम सुनेर आएँ भन्ने मान्छेहरुबाट पुष्टि हुन्छ । यो कार्यक्रम निरन्तर जानुपर्छ भन्ने मेरो सुझाव छ ।

*हिमाल ढुङ्गेल : मेलमिलापकर्ता तथा पत्रकार, रामेछाप*

## नमुना नाटक शृङ्खला : ...घुम्तीको चौतारो

शृङ्खला नं. ०२
अवधि : १२ मिनेट
लेखक : गोविन्द खड्का

वषय : मेलमिलाप
कार्यक्रम : सामुदायिक मेलमिलाप
प्रसारण मिति : २०७३ चैत २० गते

**कथासार** : आइते विदेशबाट आएको दिनबाटै श्रीमतीको शङ्का सुरु भइसकेको छ । श्रीमान्, श्रीमतीबीच माया साट्दासाट्दै सुरु भएको ठाकठाकुले घरमा समेत झगडा पर्छ । गाउँमा सानातिना झगडा मिलाउन मेलमिलाप केन्द्रको सक्रिय सङ्लग्नता छ । त्यहीबेला बिर्खबहादुर तमाङका दाजुभाइको मिलाप भइरहेको छ । भाइ सुर्खे भन्दा दाइ बिर्खे अलि घमण्डी भएकाले मिलाप गराउन हम्पे परेको छ । त्यही बेला एउटा ३०/३२ वर्षकी अविवाहित महिला गाउँमा प्रवेश गरेपछि हल्लीखल्ली नै सुरु हुन्छ ।

| | | |
|---|---|---|
| 1. | Computer | Pre Announcement of drama |
| 2. | Music: | Signature music up and under |
| 3. | | इफेक्ट आवाज |
| 4. | उद्घोषक पुरुष | झगडा नै नहुने उपाय भनेको हरेक मान्छेले आफूलाई सोचेर कुरा गर्छन नि । हो त्यो बन्द गर्नुपर्छ । तपाईको कुरा तपाईलाई ठीक लाग्छ, मेरो कुरा मलाई । तपाईले गरेको कुरा तपाईको ठाउँमा बसेर म कहिल्यै सोच्दिन । त्यही होला झगडाको मुख्य कारण मेरो विचारमा । |
| 5. | उद्घोषक महिला | उसो भए कुनै विषय आयो भने उसले बोलेको कुरा खास के हो भनेर एकलेअर्काको ठाउँमा बसेर एकपटक विचार गर्नुपर्ने रहेछ होइन त । |
| 1. | उद्घोषक महिला | बिर्सिनुभएको त छैनन नी । अघिल्लो साता सिन्धुपाल्चोकको बाँसखर्कमा आइते विदेशबाट आउने भएपछि दिनभरी उनको परिवारमा खुसी थियो । साँझ ढल्किदै गर्दा थाकेर घर आइपुगेको आइते बुवाआमासँग पनि खासै गफ नगरी सुत्न गयो । तर सुत्नेबेला श्रीमती रमिलाको मोबाइमा आएको फोनले मायाको वातावरण एकाएक खलबल्याइदियो । |
| 2. | उद्घोषक पुरुष | सानो कुराले मान्छेलाई खुसी बनाउँछ, सानो कुराबाट नै मान्छे दु:खी बन्छ । त्यही सानोसानो कुराले आइतेको परिवारमा पनि बेमेलको वातावरण बनाइदियो । उता बिर्खेका दाजुभाइ मिलापत्र गर्न सामुदायिक मेलमिलाप केन्द्रमा पुगेका छन् । |

| | | |
|---|---|---|
| 3. | उद्घोषक महिला | आइतेको घरमा झगडा, बिर्खेको घरमा मिलापत्र । वर्षौंसम्म नमिलेका दाजुभाइ त मिल्न खोजिरहेका बेला आइतेका श्रीमानश्रीमती साँच्चिकै झगडा गर्लान् त ? फोनको रहस्य के होला ? कसको फोन हो ..किन आयो...कि आइतेले थाहा पाइसक्यो होला ? |
| 4. | उद्घोषक पुरुष | अघिल्लो हप्ता सुरु मात्रै भएको बिर्खेबहादुरका दाजुभाइको मिलापत्र चाही कहाँ पुग्यो होला ? के मेलमिलापकर्ता विवाद मिलाउन सफल भए होलान् ? यस्ता धेरै रहस्यको पोका नाटक खुल्दै गएपछि थाहा हुँदै जानेछन् । |
| 5. | उद्घोषक महिला | तर उषाजी मान्छे झगडा चै किन गर्छन होला ? दुई दिनको जिन्दगीमा मरेर लानु के छर ? सबैले भन्छन् । तैपनि तेरोमेरो भन्दै झैझगडा भने गरिरहन्छन् । झगडा नै नहुने कुनै उपाय छैन तपाईसँग ? |
| 6. | उद्घोषक महिला | बिर्सिनुभएको त छैनन नी । अघिल्लो साता सिन्धुपाल्चोकको बाँसखर्कमा आइते विदेशबाट आउने भएपछि दिनभरी उनको परिवारमा खुसी थियो । साँझ ढल्किदै गर्दा थाकेर घर आइपुगेको आइते बुवाआमासँग पनि खासै गफ नगरी सुत्न गयो । तर सुत्नेबेला श्रीमती रमिलाको मोबाइमा आएको फोनले मायाको वातावरण एकाएक खलबल्याइदियो । |
| 7. | उद्घोषक पुरुष | सानो कुराले मान्छेलाई खुसी बनाउँछ, सानो कुराबाट नै मान्छे दुःखी बन्छ । त्यही सानोसानो कुराले आइतेको परिवारमा पनि बेमेलको वातावरण बनाइदियो । उता बिर्खेका दाजुभाइ मिलापत्र गर्न सामुदायिक मेलमिलाप केन्द्रमा पुगेका छन् । |
| 8. | उद्घोषक महिला | आइतेको घरमा झगडा, बिर्खेको घरमा मिलापत्र । वर्षौंसम्म नमिलेका दाजुभाइ त मिल्न खोजिरहेका बेला आइतेका श्रीमानश्रीमती साँच्चिकै झगडा गर्लान् त ? फोनको रहस्य के होला ? कसको फोन हो ..किन आयो...कि आइतेले थाहा पाइसक्यो होला ? |
| 9. | उद्घोषक पुरुष | अघिल्लो हप्ता सुरु मात्रै भएको बिर्खेबहादुरका दाजुभाइको मिलापत्र चाही कहाँ पुग्यो होला ? के मेलमिलापकर्ता विवाद मिलाउन सफल भए होलान् ? यस्ता धेरै रहस्यको पोका नाटक खुल्दै गएपछि थाहा हुँदै जानेछन् । |
| 10. | उद्घोषक महिला | तर उषाजी मान्छे झगडा चै किन गर्छन होला ? दुई दिनको जिन्दगीमा मरेर लानु के छर ? सबैले भन्छन् । तैपनि तेरोमेरो भन्दै झैझगडा भने गरिरहन्छन् । झगडा नै नहुने कुनै उपाय छैन तपाईसँग ? |

| | | |
|---|---|---|
| 11. | उद्घोषक पुरुष | झगडा नै नहुने उपाय भनेको हरेक मान्छेले आफूलाई सोचेर कुरा गर्छन नि । हो त्यो बन्द गर्नुपर्छ । तपाईको कुरा तपाईलाई ठीक लाग्छ, मेरो कुरा मलाई । तपाईले गरेको कुरा तपाईको ठाउँमा बसेर म कहिल्यै सोच्दिन । त्यही होला झगडाको मुख्य कारण मेरो विचार मा । |
| 12 | उद्घोषक महिला | उसो भए कुनै विषय आयो भने उसले बोलेको कुरा खास के हो भनेर एकलेअर्काको ठाउँमा बसेर एकपटक विचार गर्नुपर्ने रहेछ होइन त । |
| 13 | उद्घोषक पुरुष | पक्कै हो नी ? |
| 14 | उद्घोषक महिला | त्यसोभए अब हामी बिर्खबहादुरका दुई दाजुभाइ मिलाउन छलफल भइरहेको घुम्तीको चौतारातिर लागौं । चौतारासँगै रहेको सामुदायिक मेलमिलाप केन्द्रमा तपाईले भने अनुसार नै कुराकानी भइरहेको होला त ? |
| 15 | उद्घोषक पुरुष | त्यो त गएपछि नै थाहा होला नी । (सँगै भन्ने) जाउँ न त उसो भए... |
| 16 | संगीतः | Drama Sign music 02 up and out |
| 17 | SFX | छलफलको होहल्ला गुनगुन आवाज |
| 18 | मिलन | (ढोका खोलेर बाहिर हेर्दै बोल्दै) एकछिन-एकछिन तपाईहरु अलि सानो स्वरमा हल्ला गरिदिनु पर्‍यो । नभए पर चौतारमा बसेर गफल गर्नु पर्‍यो । भित्र अलि डिस्टर्ब भयो । |
| 19 | हिरालाल | लौ हो....हिड केटाहरु पर चौताराँ बसेर कुरा गरौं । |
| 20 | कइँले | ल है हल्ला चै गर रे तर विस्तारै रे है । (खिल्ली उडाएजस्तो) हल्ला पनि विस्तारै र जोरले भन्ने हुन्छ कहीँ । (हाँसो) |
| 21 | हिरालाल | त्यसै रिडियो भनेका हुन यसलाई कुराको घाँटी समाउछ । ल ज्या भएनि जाऊँ जाऊँ पर चौताराआँ राम्रो काम अर्न्या मन्छेलाई अप्ठ्याराँ नपारौँ । |
| 22 | SFX | धेरैजना हिडेको ईफेक्ट |
| 23 | मिलन | ल बिर्खे दाई हामीले झगडाको सवाल चैं पत्ता लगायौं । तपाईहरुको विवाद चै अङ्शबण्डामा । ल बिर्खे दाइ पहिला तपाई भन्नुहोस् के छ तपाईको कुरा । |

| | | |
|---|---|---|
| 24 | बिर्खे | उ भाइ म दाइ, बुवा वितेपछि परिवारको जेठोबाठो म तर भएभरको जगा त्यसले लिन खोज्ने ? यो फाटाहा हो दाइमारा हो । |
| 25 | बिर्खे | (बोल्दाबोल्दै कुरा रोकेर) हामीले हिजो गालीगलौज अपशब्द नबोल्ने भन्ने सहमति गरेको हो नि बिर्खे दाइ । तपाईले भन्न खोजेको जति सम्पत्ति छ त्यो भाइको भागमा धेरै पर्‍यो भन्ने होईन त ? |
| 26 | तर्के | ल तर्के दाइ तपाईले चै के भन्न खोज्नुभाको ? |
| 27 | मिलन | बाचुन्जेल बुवालाई पाल्ने म । बुवाको जिउनी खेत मैले लिन नहुने । उहाँ छुट्टेपछि बुवाले जोडेको र जिउनी भन्दा बढी मैले काँ लिएको छु, देखाउनु परो नि । त्यसै आरोप लगाउने ? भाइ भन्दैमा हेप्न पाइन्छ ? म पनि सहन्न । |
| 28 | बृख | मैले कहाँ हेपे तँलाई ? तैँ होइन दाइलाई देखाइदिन्छु भन्दै पर सीतारामसँग फुर्ती लगाउने ? के देखाउछस् देखा । (मुरमुरीदै) म पनि..... |
| 29 | तर्के | तइले पनि कइँलेसँग के के भनिस मलाई थाहा छैन.. |
| 30 | मिलन | ल कुरा बुझियो । तपाईहरु खासमा अर्काको कुरा सुनेर पो झगडामा उत्रिनु भएको रहेछ । अङ्‌श भन्दा पनि तपाईहरुलाई त कङ्‌श पो लागेछन् जस्तो लाग्यो । ल अब उसो भए यसो गरौं तपाई दुवैजनालाई कसले के के सुनायो त्यो सबै निकालेर फालौं । अब देखेको कुरा त हो की होइन भनेर एकपटक फेरि हेर्नपर्छ काँ सुनएको कुराका पछि लागे को । |
| 31 | बृख | उसो भए सोधौं न त । दवैजना बाहिर त छन् नि । |
| 32 | मिलन | कसैलाई सोध्नु पर्दैन, पहिला आफूले आफैलाई सोध्ने । मैले गरेको व्यवहार ठीक छ ? कतै गल्ती मेरो त होइन ? कुरा लगाउने मान्छेले केही फाइदा पो सोचेको छ कि ? हो यसरी सोच्नु त एक पटक, धेरै प्रश्नको उत्तर त्यहीँ छ । |
| 33 | तर्के | हो दाइ सरकारले भनेको सही हो । अर्काका कुरा सुनेर बिग्रेको हो भन्ने लागिरहेको छ मलाई । रामुदाइका दाजुभाइ यही मिलमिलाप केन्द्रमा आएर १२ वर्षपछि बोल्न लागेपछि मैले पनि निवेदन दिएको हुँ । अब मिलौं हामी । |
| 34 | बृख | मैले पनि मिल्दिन त काहाँ भनेको छु र । रिसले खायो भाइ हामीलाई अब मिलौं । |

| | | |
|---|---|---|
| 35 | मिलन | हो कुरा यत्ति हो रिस खान्छ, आफूलाई बुद्धि खान्छ अरुलाई भन्छन् नि । बिर्खेदाईले ठीक भन्नुभयो । तपाईहरुले आफै कुरा बुझ्नुभयो, कुरा सकियो अब मिलापत्र गरौं । |
| 36 | कँइले | (ढोका खोलेको) ए मिलन दाई एकछिन है .....(आत्तिदै) तल बिर्खेदाईको भाउजूलाई.. |
| 37 | बिर्खे | ए रेडियो भन्न के भयो भन्या ... |
| 38 | कँइले | हसियाँले हानेर घाइते बनाएछ..... |
| 39 | Music: | Signature music up and under |
| 40 | Music | Sceen change music |
| 41 | उद्घोषक महिला | कुरा मिलिसकेको थियो फेरि बिग्रियो । बेला न कु बेला कँइलेले फेरि कस्तो खबर लिएर आयो । बिर्खेकी श्रीमतीलाई कसले हान्यो हँसियाले ? खबर पाउनेवित्तिकै सबै त्यतैतिर लागेका छन् । |
| 42 | उद्घोषक पुरुष | उता आइतेको घरमा श्रीमानश्रीमतीबीच पहिलो रातमा उब्जिएको शङ्काले के भइरहेको हो । श्रीमान आएलगत्तै रमिला टेन्सनमा छिन् । घर आइपुग्ने भोलिपल्ट नै छोराबुहारीको बोलचाल नदेखेर सबैजना छक्क परेका छन् । गीत गाउँदै कँइलेको प्रवेशले आइतेको घरको माहोल केही बदलिएको छ । |
| 43 | Music | Sceen change music |
| 44 | SFX | हिडेको ईफेक्ट |
| 45 | कइले | (कान्छिको छाता ढल्काइदेउ यता घाम परेको निधारमै) छक्क पर्दै...हँ के हो आइते दाइण, भाउजू नुन खाएको कुखुरा जस्तो झोक्राएर बस्नु भएको छ त । के भयो मायामा ग्रहण लागेकी की कसो ? घाम चरक्क लागेकै छ त । |
| 46 | आइते | जति बेला पनि जिस्किएर बस्ने ? (रिसाउँदैं) कता जान आइस त्यतै जान । |
| 47 | कइल | मत यतै आएको नी चकलेट खान हिजो चकलेट खान भोलि आउनु भनेको होइन । कि चकलेट नदिने बिचार छ । |
| 48 | आइते | जा पसलमा गएर किनेर खा, यहाँ पाइदैन चकलेट |

| | | |
|---|---|---|
| 49 | कइँले | (मनोलग) आज केही त गडबड छ । ल-ल रिसाउनु चै हुन्न है आइते दाइ । ..रिसाउदा नि आफ्नै खुसी हुँदा नी आफ्नै । |
| 50 | SFX | हिडेको ईफेक्ट |
| 51 | चिचिला | नमस्कार.... |
| 52 | कइले | न...म..स्..कार, हेरेको हेर्‍यै |
| 53 | चिचिला | किन त्यसरी हेरेको...रमिलाको घर तपाईलाई थाहा छ .. |
| 54 | कइले | रमिला..को रमिला....आइते दाइको बुढी हो |
| 55 | चिचिला | आइते चै थाहा भएन...उनका बुढा हिजो विदेशबाट आका छन् |
| 56 | कइले | ए...त्यही आइते त हो नि । यही मास्तिर हो...तर त्यहाँ आज गड्बड् छ है... |
| 57 | चिचिला | के गड्बड् के भयो र ? |
| 58 | कइल | गड्बड् भनेपछि गड्बड्, चिन्नु न जान्नु सबै के भन्नु जानु थाहा पाउनु .(रिसाउदा नि आफ्नैं) |
| 59 | चिचिला | कस्तो मान्छे होला...के भएछ रमिलाको घरमा...हिजो फोन पनि उठाइन त्यसले ... |
| 60 | SFX | बोकेको सामान खसेको आवाज |
| 61 | मिलन | हत्तेरिका के गर्छ यो कइले अलिकति हेरेर हिड्न हो । सबै बर्वाद भइहाल्यो नि |
| 62 | कइले | ओहो स...स..सरी मिलन दाइ ..कस्तो मत के के सोचिरहेको तपाई आएकै देखिन । अनि तपाईले चै हेर्नु पर्दैन |
| 63 | मिलन | मैले टाउकोमा सामान बोकेर कसरी देख्नु । अनि के सोचेको मान्छे नै नदेख्नेगरी .. |
| 64 | कइले | हिजो आइते दाइ घर आउने वित्तिकै बुढाबुढीको खुब माया थियो आज त उल्टो पो छ, रातभर झगडा भएजस्तो छ ... |
| 65 | मिलन | .सामान उठाउँदै) होर... |
| 66 | कइले | खै दाइ म उठादिन्छु के हो यो.. |

| | | |
|---|---|---|
| 67 | मिलन | डाइट खानुपर्छ भनेर अण्डाको बक्सा नै ल्याएँ सबै फुटाइदियो यार । तिमीले पनि जानीजानी होइय क्यारे ठीकै छ..अनि के भयो रे आइते को घरमा |
| 68 | कइले | के भयो भन्ने चै थाहा छैन गड्बड् चै पक्का छ |
| 69 | मिलन | रेडियो भए के भयो कसरी भयो पूरा समाचार ल्याउनु पर्दैन त |
| 70 | कइले | त्यो चै दाइकै काम हो क्यार आफै गएर बुझ्नु, म चै गए कान्छिको छाता... |
| 71 | मिलन | के भएछ त आइतेको घरमा...बिर्खेदाइका दाजुभाइको जस्तै कसैले कुरा त लगाइ दिएन...गएरै बुझ्नु पर्ला ... |
| 72 | Music | Sceen change music |
| 73 | SFX | हिडेको ईफेक्ट |
| 74 | मिलन | को हो चिने जस्तो लाग्छ .... |
| 75 | चिचिला | नमस्ते..... |
| 76 | मिलन | नमस्ते...हजुर काठमाण्डुबाट आउनु भएको हो । |
| 77 | चिचिला | हो नि हजुर मिलन जी हो । |
| 78 | मिलन | हो त नि्, हजुर चिचिला |
| 79 | चिचिला | हो म चिचिला... |
| 80 | मिलन | कतिखेर आउनु भएको ? मत तल बजारमा अण्डा लिन गएको बाटो एउटा भाइसँग ठोकिएर बाटोमै खत्तम |
| 81 | चिचिला | हो र कस्तो आँखा पनि नहरेरे हिड्ने मान्छे रहेछ (सम्झे झै) कि अघि यताबाट. गएको केटा हो |
| 82 | मिलन | गीत गाउँदै हिडेको थियो |
| 83 | चिचिला | हो हो |
| 84 | मिलन | हाँस्दै.... |
| 85 | चिचिला | किन हाँसेको... |
| 86 | मिलन | साह्रै रमाइलो छ त्यो मान्छे बानी नै त्यस्तै छ। पहिलो भेटमा यस्तै लाग्छ मनको भने सफा छ कइले । हामी रेडियो भन्छौं त्यसलाई । |

| | | |
|---|---|---|
| 87 | चिचिला | खै मलाई त ठीक लागेन है ...ल ठीकै छ म त थाकेर एकदिन बसेको चिसो हावाले समय गएको पत्तै भएन ..कति टाढा छ हाम्रो अफिस |
| 88 | मिलन | नजिकै हो, अलिकति उकालो लागेपछि पुगिन्छ ... |
| 89 | Music | Music |
| 90 | कइले | (हस्याफस्याङ गर्दै) मिलन दाइ मिलन दाइ एक छिन् एक छिन् |
| 91 | मिलन | के भयो कइले, किन आत्तिएको ? के भयो |
| 92 | कइले | दाइ एक छिन् यता आउनु पऱ्यो |
| 93 | मिलन | के भयो कुरा भनन त ? |
| 94 | कइले | कुरा त्यस्तै छ एकै छिन् आउन त भन्या यता |
| 95 | मिलन | एकै छिन है चिचिला जी बस्दै गर्नु |
| 96 | SFX | हिड्दै |
| 97 | Music | Link music up 2 second and out |
| 98 | उद्घोषक महिला | लौ फेरि के भएछ ? सँधै रमाइलो मुडमा हुने कइलेले आज हस्याङफस्याङ गर्दै पो मिलनलाई केही गुहार माग्यो । उता आइतेको श्रीमतीलाई फोन गर्ने को हो भन्ने खुलिसकेको छ तर आइतेले थाहा पाएको छैन । |
| 99 | उद्घोषक पुरुष | बिर्खेबहादुरका दाजुभाइ मिल्न लागेको बेला आएको खबरपछि के भयो होला ? त्यसको जानकारी अहिलेसम्म आएको छैन । गाउँमा देखापरेकी नयाँ केटी मान्छे को होलिन् ? |
| 100 | उद्घोषक महिला | रेडियो नाटक शृङ्खला घुम्तीको चौतारोको आगामी भागहरुमा यस्ता धेरै कुरा प्रष्ट हुँदै जानेछन् । सुन्ने प्रयास गर्नुहोला । |
| 101 | Music | Link music up 3 second and out |

**समाप्त**

# 'मनमुटाव र विवाद भए शीघ्र गरौं वार्तालाप
# दिगो शान्तिका लागि सामुदायिक मेलमिलाप'

सिन्धुली कमलामाई नगरपालिका वडा नम्बर १२ रानीचुरीका लालबहादुर घिसिङ र तिर्थबहादुर सहोदर दाजुभाइ हुनुहुन्छ । मिलेर बसेका दाजुभाइबीच पुर्ख्यौली अङ्शवण्डाको कुरा नमिल्दा झगडा सुरु भयो र त्यही विवादले बोलचाल नै बन्द हुन पुग्यो ।

दुई दाजुभाइ न्याय खोज्दै अदालतसम्म पुग्नुभयो । अदालत पुगेको विवाद तीन वर्षपछि फर्केर गाउँमै आयो । मेलमिलापकर्ताको सहजिकरणमा गाउँमा रहेको सामुदायिक मेलमिलाप केन्द्रमै फाटेको मन टालियो । दाजुभाइको सम्बन्ध सुध्रियो । खुसी पनि फर्कियो । झगडा परेका दुवै पक्षहरुलाई जितेको महसुस हुनेगरी विवाद मिल्छ रे ! भन्ने सूचना रेडियोबाट पाएपछि न्याय खोज्दै अदालत धाइरहेका दाजुभाइहरु मेलमिलाप केन्द्रमा जानु भएको थियो ।

परिवार, समुदाय, वल्लोपल्लो छिमेकीसँग कहिलेकाहीँ ठाकठुक पर्नु स्वाभाविक नै हो । त्यहीँ कुरा मिल्यो भने सबैकुरा ठीकठाक हुन्छ । कुरा बढ्दै र बिग्रँदै गएमा द्वन्दको बाटो लाग्छ, बोलचाल नै बन्द हुन्छ । तिनै बेमेल, झगडा, विवादको समाधान खोज्न र मेलमिलापको बाटो रोज्न सामुदायिक मेलमिलाप कार्यक्रम शान्तिको आधार बनेको छ । जग्गाको विवाद होस् या कुटपिट, घरायसी झगडा होस् या छर-छिमेकको वाद-विवाद, गाउँमा हुने यस्ता विवाद मेलमिलाप कार्यक्रममार्फत गाउँमा नै मिल्न थालेका छन् । विवाद समाधानको अभ्यास नेपाली समाजको मौलिकता भए पनि विगतमा यो गरिव र निमुखामैत्री भने थिएन ।

सामाजिक सद्भाव कायम राखेर दिगो शान्तिका आधारहरु निर्माणगर्दै गरिब, असहाय, सीमान्तकृत, अल्पसङ्ख्यक सवैको पहुँचमा न्याय पुऱ्याउने उद्देश्यले सन् २००१ देखि दी एशिया फाउण्डेसनको सहयोगमा सुरुमा ५ वटा स्थानीय साझेदार संस्थाहरुको सहकार्यबाट १४ जिल्लामा यो कार्यक्रम सुरु गरिएको थियो । १४ वर्षको सफल सिकाइको आधारमा भूकम्पपछि ५ वटा नयाँ स्थानीय साझेदार संस्थाहरुसँगको सहकार्यमा ७ जिल्लामा मेलमिलाप कार्यक्रम बढी केन्द्रित छ । सामुदायिक मेलमिलाप कार्यक्रम काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, सिन्धुली, रामेछाप, रसुवा र नुवाकोट गरी ७ नयाँ जिल्लाका सबै स्थानीय तहका लागि सामाजिक मेलमिपाको नयाँ आधार बनेका छन् । यस कार्यक्रमको मुख्य उद्देश्य न्यायमा पहुँच बढाउन र विवाद समाधानको संस्कृतिको विकास गर्नु रहेको छ ।

समुदाय स्तरमा देखिएका करिब ३५ हजारभन्दा बढी अन्तरव्यक्ति र बहुसरोकार रहेको विवादहरु मध्ये ८५ प्रतिशत विवाद गाउँमै समाधान भएका छन्। विगतका कार्यक्रमहरुभन्दा फरक यस कार्यक्रममा सामुदायिक मेलमिलाप कार्यक्रमलाई सामुदायिक रेडियोहरुले नियमित प्रसारण र मूल्याङ्कन गरेका थिए। सोही मूल्यांकनका आधारमा यो सामग्री तयार पारिएको हो।

प्रभावकारी रुपमा विपद् व्यवस्थापन नहुँदा सानातिना मतभेद र मनमुटावले विवादको रुप लिन्छ। जसले आपसी तथा सामाजिक मेलमिलाप, शान्ति र समग्र विकासमा अवरोध सिर्जना गर्दछ। यही बुझाइको ज्वलन्त उदाहरण पनि हो २०७२ बैशाख १२ अर्थात सन् २०१५ अप्रिल महिनामा गएको भूकम्प। सोही बिनासकारी भूकम्पपछि धेरै धनजनको क्षति भयो। गाउँगाउँमा नागरिक सङ्कटमा परे। पानीका मुहान सुके, सिन्चाई नहुँदा खेतीयोग्य जमिन बाँझिन पुगे। विपद्पछिका यस्तै असरले आहतमा राहत कै विवादहरु देखिए।

भूकम्पप्रभावित क्षेत्रका ७ जिल्लामा सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपालको सहकार्यमा स्थानीय सामुदायिक रेडियोबाट 'सामुदायिक मेलमिलाप' कार्यक्रम सुरु भएपछि सामुदायिक मेलमिलापका बारेमा समुदायका व्यक्तिहरुले जानकारी पाएका छन् र त्यसप्रति उनीहरुको चासो बढेको छ। त्यही रेडियो कार्यक्रमले केहीलाई नयाँ जीवनको बाटो पनि देखाइदिएको छ। भूकम्पले ३१ जिल्लाका १० लाख ५२ हजार ९४८ घरमा क्षति पुग्यो। नराम्ररी प्रभावित भएका मध्ये सात जिल्लामा मेलमिलाप सेवा सञ्चालनमा छ। रामेछापको खाडादेवी गाउँपालिका वडा नम्बर ५, पकरवासका नारायण नेपाली र मंगरवहादुर धोवीको घर पनि भूकम्पले भत्कायो। घर बनाउन सामान ल्याउने क्रममा भएको सामान्य भनाभन कुटाकुटमा बदलियो। विवाद प्रहरी समक्ष पुग्यो तर अन्तिममा मेलमिलापकर्ताको सहजिकरणमा विवाद मिल्यो, खुसी फर्कियो। २०७२ वैशाखको भूकम्पअघि काभ्रेपलाञ्चोक जिल्लाको तत्कालिन सरमथली गाउँ विकास समिति वडा नम्वर १ र २ का बासिन्दा आआफ्नै पानीको मुहान प्रयोगगर्दै आएका थिए। भूकम्पपछि वडा नम्वर १ को खानेपानीको मुहान सुकेर चरम सङ्कट पैदा भयो। तर वडा नम्वर २ को मुहानमा भने पर्याप्त पानी थियो। वडा नम्बर २ का वासिन्दाले पानी दिन मानेनन्। स्वास्थ्यचौकी र विद्यालयहरुमा अत्यावश्यकीय प्रयोगका लागि समेत पानीको समस्या देखियो। पानीकै कारण हरेक दिन वादविवाद भइरहन्थ्यो। सामुदायिक मेलमिलाप केन्द्रमा निवेदन दर्ता भएपछि १० महिना लगाएर विद्यालय, स्वास्थ्य चौकी र सहकारी संस्था तथा अन्य सरोकारवालाबीच एकपक्षीय र बहुपक्षीय छलफलपछि विवाद समाधान भयो। अहिले वडा नम्बर १ र २ का वासिन्दा मिलेर खुसीकासाथ पानीको उपभोग

गर्छन् । विवादलाई समुदायकै सहभागिता तथा पहलमा, सबै पक्षले एकअर्काको कुरा सुन्ने, बुझ्ने र आफ्ना विवाद आफै समाधान गर्ने अवसर मेलमिलाप कार्यक्रमले प्रदान गरेको छ। स्थानीय जनप्रतिधि, प्रहरी, प्रशासन, जिल्ला अदालत लगायत सरोकारवाला निकायलाई पनि मेलमिलाप कार्यक्रमलाई निरन्तरता दिन हौसला दिएको छ। स्थानीय स्तरमा शान्ति तथा मेलमिलाप कायम गर्न सामुदायिक रेडियोहरुबाट प्रसारित 'मेलमिलाप' कार्यक्रमले स्थानीय जनतालाई मेलमिलापको आवश्यकता महसुस गराएको छ ।

अष्ट्रेलियन सरकारको सहयोगमा दी एशिया फाउण्डेसन र सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) को सहकार्यमा तयार पारिएको रेडियो कार्यक्रम भूकम्प प्रभावित ७ जिल्लाका १२ रेडियोबाट र सीआईएनबाट देशभरि नै प्रसारण भएको छ। नीति-निर्माताहरु र जनताहरुलाई प्रत्यक्षरुपमा जोड्न, सामुदायिक मेलमिलापबारे बुझाउन यो कार्यक्रम सहयोगी बनेको छ ।

हिजो गाउँमा भएका विवाद, झगडा गाउँमै भद्र भलाद्मीहरु बसेर मिलाउने परम्परा थियो । झगडा विवाद मिल्थ्यो तर सम्बन्धहरु झन् टाढिँदै जान्थ्यो । अहिले सामुदायिक मेलमिलाप कार्यक्रम सुरु भएपछि विवाद समाधान प्रक्रिया समावेशी र सहभागितामूलक भएको छ । पक्षहरुले आफ्नो विवादको समाधान आफै गर्ने भएका कारण सम्बन्धहरु पनि सुध्रिदै गएका छन् ।

गाउँस्तरका विवाद गाउँमै मिलाउन दी एशिया फाउण्डेसनले हालसम्म सात हजारभन्दा बढी मेलमिलापकर्ताहरुलाई तालिम प्रदान गरेको छ। अकोराबमार्फत सामुदायिक रेडियो पनि सामुदायिक मेलमिलाप कार्यक्रमका साझेदार बनेपछि कार्यक्रम लागु नभएका जिल्लामा पनि मेलमिलाप बारे जानकारी प्राप्त भएको छ। कार्यक्रम लागु भएका जिल्लाका मेलमिलाप केन्द्रमा आउने विवाद थपिएका छन् भने मेलमिलापकर्ताप्रतिको विश्वसनीयता बढेको छ ।

कार्यक्रमको सुरुवातदेखि नै नेपाल सरकारसँग समन्वय गरेर कार्यान्वयनगर्दै आएको यो कार्यक्रमलाई स्थानीय सरकारले पनि अपनत्व दिएको छ। छरछिमेक र समुदायमा हुने अन्तरवैयक्तिक मनमुटाव, वादविवाद समाधान गर्न थालिएको यस कार्यक्रमले हाल आएर जटिल बहुसरोकार रहेको विवाद, जस्तै सामुदायिक वन, खानेपानी, विकाससँग जोडिएका विषय, धर्म, पहिचान लगायतका विवादहरु रुपान्तरण गर्न थालेको छ।

मेलमिलापकर्ताको तालिम, ज्ञान, सीप र क्षमता अभिबृद्धिले समुदायमा मेलमिलाप गराउनुका साथै मेलमिलापकर्ता सामाजिक, आर्थिक र राजनीतिक रुपमा पनि नेतृत्वदायी भूमिकामा पुगेका छन् । २०७४ सालमा भएको स्थानीय तहको निर्वाचनमा

१ सय ६४ जना मेलमिलापकर्ता प्रतिस्पर्धामा थिए । ती मध्ये ६२ जना निर्वाचित भएका छन् । त्यसमध्ये ४१ प्रतिशत महिला र ७२ प्रतिशत सीमान्तकृत समुदायका नागरिक छन् ।

कार्यक्रमसँगै सामुदायिक मेलमिलापकेन्द्रमा आउने सेवाग्राहीबाट के निस्कर्षमा पुग्न सकिन्छ भने निम्न आय भएका, समाजका गरिब, एकल महिला, दलित तथा सीमान्तकृत समुदायको न्यायमा पहुँच बढेको छ । सहज र सरल रुपमा स्थानीयस्तर मा नै ससम्मान, न्याय प्राप्त भएको छ ।

समाजिक मेलमिलापसँग सरोकार राख्ने बिभिन्न निकायका प्रतिनिधि तथा सेवाग्राही संस्था जस्तै कानुनव्यवसायी, अधिकारकर्मी, आवास गृह सञ्चालक लगायतको सहभागितामा सामुदायिक मेलमिलापले पूर्णता पाएको छ। जसलेगर्दा पक्षहरुका बिभिन्न चाहाना र आवश्यकताहरुको सम्बोधन भएको छ भने यी बिभिन्न निकायलाई मेलमिलापसँग जोड्न रेडियो कार्यक्रमले समन्वयको भूमिका खेलेको छ ।

समाजमा हुने आपसी द्वन्द्व न्यूनीकरण गर्ने मुख्य उद्देश्यसहित रेडियो कार्यक्रमकाको मुख्य अंशको रुपमा रहेको रेडियो नाटक ‘घुम्तिको चौतारो’ समाजमास हुने विवाद न्यूनिकरण र समाधान गर्नमा प्रभावकारी भएको छ । समुदायका विवाद समुदाय मै मिलाउने प्रक्रियाले खर्च र समय मात्रै जोगिएको छैन, जिल्ला अदालतहरुमा समेत भार कम भइरहेको छ । ७ जिल्लाको अनुभवले सामुदायिक मेलमिलाप कार्यक्रमसँग देशभरिका सामुदायिक रेडियो जोड्नुपर्ने सरकारी अधिकारीहरुको अनुभवले सिकाएको छ ।

नेपालको करिव १५ वर्षको सामुदायिक मेलमिलाप कार्यक्रमले प्राप्त गरेको सफलताको आधारमा नयाँ संविधान २०७२ बमोजिम स्थानीय शासन सञ्चालन ऐन् २०७४ ले स्थानीय तहका सवै वडास्तरमा सामुदायिक मेलमिलाप सेवाको व्यवस्था गरेको छ । सामुदायिक मेलमिलापलाई स्थानीय सरकारको एक महत्वपूर्ण कार्यक्रमको रुपमा मेलमिलाप ऐन, २०६८ बमोजिम मेलमिलाप परिषद्ले समेत मेलमिलापलाई अगाडि बढाउन नेतृत्वदायी भूमिका खेलेको छ ।

‘टुटेका सम्बन्ध जोडिदै छन्, बन्द भएका मुख खोलिन थालेका छन्, दाजुभाइ, श्रीमान्-श्रीमतीको विवादमा मल्हम लागेको छ, समुदायमा सौहार्दताको वातावरण सिर्जना भएको छ । अब सामुदायिक मेलमिलाप मार्फत सिङ्गो समाज जोड्ने अभियान अपरिहार्य बनेको छ । दिगो शान्तिका लागि मात्रै होइन, सकारात्मक समाज रुपान्तरणका लागि पनि सामुदायिक मेलमिलाप आवश्यक देखिएको छ ।

# धन्यवाद

# अकोराब

सामुदायिक रेडियो प्रसारक संघ (अकोराब) नेपाल देशभरीका सामुदायिक रेडियोहरुको छाता संगठन मात्रै होइन दक्षिण एसियामै सामुदायिक रेडियोहरूको सबैभन्दा ठूलो संगठन पनि हो। राष्ट्रिय निर्देशन ऐन् २०१८ अन्तर्गत १४ फागुन २०६९ मा सरकारको मन्त्रीस्तरीय निर्णयबाट अकोराबलाई व्यावसायिक संगठनको हैसियत प्रदान गरिएको छ। मुलुकको ९५ प्रतिशत जनसंख्यामा सामुदायिक रेडियोको पहुँच छ। सामुदायिक रेडियोले मुलुकका ७० भन्दा बढी स्थानीय भाषामा कार्यक्रम र समाचार प्रसारण गर्दै आएका छन्।




सहकार्यका लागि हात बढाउने सम्पर्क हो :


**सामुदायिक सूचना नेटवर्क (सीआईएन)**
पोस्ट बक्स नम्बर १९३२४, चाकुपाट, ललितपुर
फोन: ५२६०६६१/५२६०६७१, फ्याक्स: ५२६०६४६
Email:cinacrob@gmail.com;cin@acorab.org.np
Website: www.cin.org.np/www.avorab.org.np


सूचना र अभिव्यक्तिका माध्यमबाट शान्ति र विकासका लागि नेपाली सामुदायिक रेडियो

# सीआईएन

सामुदायिक सूचना नेटवर्क (सीआईएन) सामुदायिक रेडियोबीच सूचना आदानप्रदान गर्ने दक्षिण एसियाकै सबैभन्दा ठूलो सूचना सञ्जाल हो। नेपालमा सञ्चालित ३ सय भन्दा बढी सामुदायिक रेडियोको साझा समाचार सञ्जालका रुपमा सीआइएनले भूमिका निर्वाह गरिरहेको छ। बिहान ६ : ०० र साँझ ७ : ३० बजे देशभरीका सामुदायिक रेडियोबाट साझा खबर प्रसारण भइरहेको छ। बिहान ६ : ३० बजे समुदाय केन्द्रित विषयमा कार्यक्रम 'जीवन-रक्षा' प्रसारण भइरहेको छ। सामुदायिक रेडियोहरुको बृहत छलफलले २०६६ जेठ १५ गते सीआईएन स्थापना भएको हो।